लेखापरीक्षण प्रतिवेदन

हेटौँडा उप महानगरपालिका

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

हेटौँडा उप महानगरपालिका

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/288

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
हेटौंडा, मकवानपुर ।

कैफियतसहितको राय

हामीले हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यस उपमहानगरपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.५७ करोड ७८ लाख १३ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२५ लाख ८६ हजार, र गरिबसँग विश्वेस्वर कार्यक्रमको रू.४ लाख १० हजार समेत गरी रू.५८ करोड ८ लाख ९ हजार समावेश गरेको छैन ।

२. यस उपमहानगरपालिकाको रु.५ अर्व ५९ करोड ६७ लाख ७१ हजार लेखापरीक्षण गरिएकोमा रू.१८ करोड ६७ लाख १८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.५ करोड ७० लाख १६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भएको छ । साथै प्रतिक्रियाबाट रु.५ लाख ९२ हजार थप भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड २१ लाख ९८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६४ लाख ८ हजार, नियमित गर्नुपर्ने रु.८ करोड १८ लाख ७६ हजार र पेस्की बाँकी रु.१ करोड ९८ लाख १२ हजार रहेको छ । गत वर्षसम्म रु.५१ करोड २२ लाख ४३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.५१ करोड १४ लाख ५१ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. उपमहानगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

अन्य बेहोरा

यो उपमहानगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी हेटौंडा उपमहानगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत

आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
११५	३८२	१८,६७,१७,७१२	०	१०३	५,७०,१५,७१७	५,९२,३००	११५	२७९	१३,०२,९४,२९६	१,२१,९८,२१०	८,१८,७६,४१३	१,६४,०७,८७४	०	०	९,८२,८४,२८८	१,९८,११,८००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मकवानपुर	५१,२२,४३,००८	०	१३,१०,८६,२३३	३८,११,५६,७७५	०	१३,०२,९४,२९६	५१,१४,५१,०७१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८	२१.२	पेश्की बाँकी	१०,४५,३३,२८८
२	२०७९/८०	७०	स्वास्थ्य स्वयमसेविका	१,०८,१००
३	२०७९/८०	७१	स्तर वृद्धि तलब भत्ता	८,९१४
४	२०७९/८०	४४	ल्यापटप र सिसि क्यामेरा खरिद	१,६२,१३,३६३
५	२०७९/८०	२४	बैठक भत्ता	४६,७५०
६	२०७९/८०	९१	नाफामुलक संस्थालाई भुक्तानीः	३,१७,०००
७	२०७९/८०	२५	धरौटी	२,३९,७००
८	२०७९/८०	७२	कृषक सहभागिता	३,२२,२७२
९	२०७९/८०	५२	उपभोक्ताबाट सामान खरिद	३,१८,९९९
१०	२०७९/८०	३५	इन्धन खर्च	१६,८२,८८९

११	२०७९/८०	३०	आय ठेक्कामा मूल्य अभिवृद्धि कर	४६,३७,१२४
१२	२०७९/८०	९८	अन्य निकायको खर्च	२६,५७,८३४
१३	२०८०/८१	१०७.३	५ नं वडा कार्यालय तर्फः	१,८९१
१४	२०८०/८१	१०६.१	४ नं वडा कार्यालय तर्फः	४४,३३८
१५	२०८०/८१	१०२.१, १०२.३	१ नं वडा कार्यालय तर्फः	६१,६४५
१६	२०८०/८१	१०९.४	१५ नं. वडा कार्यालय तर्फः	७५,०००
१७	२०८०/८१	११५.१	१२ नं वडा कार्यालय तर्फः	२५,७५५
१८	२०८०/८१	११४.१	११ नं वडा कार्यालय तर्फः	५,४१८
१९	२०८०/८१	४९.२,३	सामाजिक सुरक्षातर्फः	१,८१,९३२
२०	२०८०/८१	२.७	वित्तीय विवरण तर्फः	३०,६१५
२१	२०८०/८१	७८	बढी भुक्तानी :	६,१०,०००
२२	२०८०/८१	९४	प्रशिक्षण भत्ताः	१०,७१०
२३	२०८०/८१	१००	पेश्की बाँकी:	३,७५,८७,५७६
२४	२०८०/८१	१०४	ढुवानीः	१,४७,९३,१४०
२५	२०८०/८१	६८	कार्यसम्पन्न प्रतिवेदन पेशः	२०,२८,४३१
२६	२०८०/८१	९६	काठको ठेकी निर्माण तालीम :	६८,०००
२७	२०८०/८१	४३	उठ्न बाँकी सटर भाडा :	६,८४,१६७
२८	२०८०/८१	५९	अनुगमन भत्ता :	६,६७,१००
२९	२०८०/८१	११२.५	९ नं वडा कार्यालय तर्फः	१,४०,०००
जम्मा				१८,८१,०१,९५२

(८०३३२३०१३०० - हेटौँडा उप महानगरपालिका)

परिचय

१

(क) कार्यालय परिचय : स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १९ वडा रहेको छ भने क्षेत्रफल २६१ वर्ग किलोमिटर तथा १,९३,५७६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।८।४ देखि २०८१। ८।१३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्ययतर्फ रु.५,५९,६७,७१,८०५।४५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा बढी भुक्तानी भएको तलब रु.८४,०००।- असुल भई राजस्व शिर्षक नं १५१११ मिति २०८१।९।२ नेपाल बैंक लिमिटेडमा दाखिला भएको भौचर पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण तर्फः

२.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)						
क्र.स./ आर्थिक सङ्केत	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
११०००	७०६६५२९३३.३६	०.००	७०६६५२९३३.३६	६१२०३०६१५.५०	०.००	६१२०३०६१५.५०
१३०००	११०६६५७८४२.३०	०.००	११०६६५७८४२.३०	११८४५७९२२७.००	०.००	११८४५७९२२७.००
१४०००	१२६६३१३१०.२०	०.००	१२६६३१३१०.२०	१०५३६७५१२.५२	०.००	१०५३६७५१२.५२
१५०००	६४९८०६९.१०	०.००	६४९८०६९.१०	१७७७९६.७२	०.००	१७७७९६.७२
३३१४३	०.००	०.००	०.००	४३४२०३१५.००	०.००	४३४२०३१५.००
क	१९४६४४०१५४.९६		१९४६४४०१५४.९६	१९४५५७५४६६.७४		१९४५५७५४६६.७४
३	१३९९६९४४४१.६५	०.००	१३९९६९४४४१.६५	१४०७९८४३४५.०८	०.००	१४०७९८४३४५.०८
२१०००	८४९८८८४९६.७३	०.००	८४९८८८४९६.७३	७७४४०६७५२.१२	०.००	७७४४०६७५२.१२
२२०००	३९९६८६५४४.५३	०.००	३९९६८६५४४.५३	३८५८११०२३.४१	०.००	३८५८११०२३.४१
२४०००	६२९८१०८.९९	०.००	६२९८१०८.९९	३८२२३१३.१०	०.००	३८२२३१३.१०
२५०००	९९८०६८२६.७०	०.००	९९८०६८२६.७०	१६९५६४८८३.२९	०.००	१६९५६४८८३.२९
२६०००	५३९७३०८.३६	०.००	५३९७३०८.३६	२२३४५०००.००	०.००	२२३४५०००.००
२७०००	२३२२५७२९.००	०.००	२३२२५७२९.००	४६३०१६२९.३७	०.००	४६३०१६२९.३७
२८०००	१५३९१४२७.३४	०.००	१५३९१४२७.३४	५७३२७४३.७९	०.००	५७३२७४३.७९
४	९३३७२६२४८.८०	०.००	९३३७२६२४८.८०	१०६१३३२६७०.२९	०.००	१०६१३३२६७०.२९
३१११०	२१३४२९००.४३	०.००	२१३४२९००.४३	५९२९६५३६.८३	०.००	५९२९६५३६.८३
३११२०	६१४७४१६८.००	०.००	६१४७४१६८.००	७६६३२९२५.१७	०.००	७६६३२९२५.१७
३११३०	५३९४६७९.५०	०.००	५३९४६७९.५०	५९७२०६०.९९	०.००	५९७२०६०.९९
३११५०	७९६८३६,२७८.०७	०.००	७९६८३६,२७८.०७	७०६५६०८१७.७७	०.००	७०६५६०८१७.७७
३११६०	२२७९७५०.००	०.००	२२७९७५०.००	९१२१४.००	०.००	९१२१४.००
३११७०	४६३९८४७२.८०	०.००	४६३९८४७२.८०	२१२७७९११५.५३	०.००	२१२७७९११५.५३
५	९९९९९९९.९९	०.००	९९९९९९९.९९	८५६५०७०.११	०.००	८५६५०७०.११
३३१४७	०.००	०.००	०.००	८५६५०७०.११	०.००	८५६५०७०.११
३३१९५	९९९९९९९.९९	०.००	९९९९९९९.९९	०.००	०.००	०.००
ख)	**२३४३४२०६९०.४४**		**२३४३४२०६९०.४४**	**२४७७८८२०८५.४८**		**२४७७८८२०८५.४८**

ग)	(३९६९८०५३५.४८)		(३९६९८०५३५.४८)	(५३२३०६६१८.७४)		(५३२३०६६१८.७४)
घ)	(२४०५३४९९.१३)		(२४०५३४९९.१३)	(१९५२१०५०.२२)		(१९५२१०५०.२२)
घ.१)				(१२५५२९.९६)		(१२५५२९.९६)
ङ)	(४२१०३४०३४.६१)		(४२१०३४०३४.६१)	(५५१८२७६६८.९६)		(५५१८२७६६८.९६)
च)	६७७१०११५१.००		६७७१०११५१.००	१२२८८८८८१९.९६		१२२८८८८८१९.९६
छ)						
ज)	२५६०६७११६.३९		२५६०६७११६.३९	६७७०६११५१.००		६७७०६११५१.००

उप-महानगरपालिकाले पेश गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

सि.नं.	खर्च शीर्षक	बजेट	निकासा खर्च
१.	सामाजिक सुरक्षा तथा संरक्षण	५८३२१३०००	५७७८१३०८९
२.	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४७९१०००	२५८६३२०.९०
३.	गरिबसँग विश्वेश्वर कार्यक्रम	४१५०००	४१०११६
४.	राष्ट्रपति महिला सशक्तिकरण परियोजना	२०००००	०
जम्माः		**५८८६१९०००**	**५८०८०९५२५.९०**

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५७,७८,१३,०८९।-,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२५,८६,३२०।९०, गरिवसँग विश्वेश्वर कार्यक्रमबाट रु.४,१०,११६।- गरी रु. ५८,०८,०९,५२५।९० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.६७,३०,२४,०५४।- मौज्दात रहेकोमा यो वर्ष रु. ६७,७१,०१,१५१।- जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४०,७७,०९७।- बढी जिम्मेवारी सारेको देखिन्छ । यस सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.४ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले तयार गरेको बैङ्क हिसाब मिलान विवरण देहायअनुसार छ ।

संकेत	कोष खाता	स्रेस्ता अनुसारबाँकी रकम	बैंक स्टेटमेन्टअनुसार बाँकी रकम	फरक
ग १.१	आन्तरिकराजस्व खाता	०	२६७२८०६६.०४	२६७२८०६६.०४
ग १.२	बाँडफाँटबाटप्राप्त राजस्व खाता	०	०	०
ग १.३	आन्तरिकअनुदान खाता	०	०	०
ग १.५.३	आन्तरिकऋण प्राप्ति खाता	०	०	०
ग ६.१	स्थानीयतह विभाज्य कोष खाता	०	९८००३१.४५	९८००३१.४५
ग ४.१	स्थानीयतह सञ्चित कोष खाता	१८३६६९७०६.२५	१३२०९४८११.८३	-५१५७४८९४.४२
ग ३.१	स्धानीयतह धरौटी खाता	५०८००९५०.०५	५०१६२७७०.०५	-६३८१८०
ग २.१	चालूखर्च खाता- विजोर वर्ष	०	२१००५५६०.९२	२१००५५६०.९२
ग २.३	पूँजीगतखर्च खाता- विजोर वर्ष	०	१८२४३६८८.९४	१८२४३६८८.९४
ग २.५	वित्तीयव्यवस्था खर्च खाता- विजोर वर्ष	०	०	०
ग २.७	विविधखर्च खाता	४७९७८७६.३०	४५१४२६६.३०	-२८३६१०
ग ५.१	स्थानीयतह विविध कोष खाता	१६७८४६५०.७८	१६८२२६५०.७८	३८०००
ग ७.२	स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता	१३९३३	१३९३३	०
जम्मा		**२५६०६७११६.३९**	**२७०५६५७७९.३१**	**१४४९८६६२.९३**

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **राजस्व आम्दानी :** यस वर्षको वित्तीय प्रतिवेदन-२७० को राजस्व प्राप्तिको संक्षिप्त विवरण अनुसार रु. ३४,७०,५८,१४४।९१ र संचित कोषको प्रतिवेदन अनुसूची-१ अनुसार रु.३५,२५,७९,२२३।४० आम्दानी प्राप्त भएको देखिन्छ । सो विवरण अनुसार रु.१२,३८,८४७।२५ फरक परेकोले रकम यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१२,३८,८४७

२.६ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.२,१०,०५,५६०।९२, पूँजीगत खर्च खातामा रु.१,८२,४३,६८८।९४, आन्तरिक राजस्व खातामा रु.२,६७,२८,०६६।०४, विभाज्य कोष खातामा रु.९,८०,०३१।४५ समेत रु.६,६९,५७,३४७।३५ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.७ **धरौटी मौज्दात**

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३०,६१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची-१४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयासको अभिलेख राखेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री, मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,
- निजामती सेवा ऐन, २०४९ बमोजिम कार्य विवरण बनाई लागू गरेको पाइएन,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको पाइएन,
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको पाइएन,
- रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाइएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक तयार गरेको पाइएन,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भरपाईहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सो राखेको पाइएन,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन,
- अधिकांश पत्रपत्रिका तथा सञ्चार माध्यममा जनचेतनामूलक सूचना प्रकाशन/प्रशारण बापतको बिल भुक्तानी भएको तर सोको सम्झौता तथा कार्यादेश राखेको पाइएन,
- पूर्वाधार संरचनाको निर्माणको काम गर्दा सवै कार्यमा काम गर्नु अघिपछिको फोटो लिइने कार्यलाई अनिवार्य गरेको पाइएन,

- पालिका अन्तर्गतका विद्यालय तथा स्वस्थ्य संस्था तथा विद्यालयहरुमा खरिद तथा वितरण गरेको जिन्सी मालसामानको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली [PAMS] अभिलेखीकरण गरी खर्च लेखेको पाइएन,
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा अधिकांशमा भ्रमण अभिलेख खाता नराखेको तथा अनुगमन भ्रमण प्रतिवेदन पेश भएको पाइएन,
- सवारी मर्मतमा लागत अनुमान तयार गरेको पाइएन,
- विभिन्न कार्यक्रमहरूको अनुगमन बापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश गरेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५ **आन्तरिक लेखापरीक्षक :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा ४ जना आन्तरिक लेखापरीक्षक रहेकोमा निजहरुलाई लेखापालका रुपमा वडा तथा पालिकाको कार्य जिम्मेवारी दिई खटाइएको देखियो । निजहरुलाई लेखापालको जिम्मेवारी दिएकोले आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश नभएको जानकारी प्राप्त भयो । आन्तरिक लेखापरीक्षकलाई आन्तरिक लेखापरीक्षण गर्न लगाई वित्तीय शुद्धता जाँच गर्नुपर्नेमा फरक जिम्मेवारी दिई कार्यमा खटाइनु उचित होइन । उपमहानगरपालिकामा समेत आन्तरिक लेखापरीक्षण नहुनाले आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिन्छ । आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई समयमा सम्पन्न गर्नुपर्दछ ।

६ **आय अनुमान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु.३४,९९,७४,९४९।७७ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३४,७०,५८,१४४।९१ अर्थात् अनुमान भन्दा ०.८३ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७ **आन्तरिक आय :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
९२९६८३४९६.४३	३४७०५८१४४.९१	३७.३३

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३७.३३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	८०००००००	७७६५९३५१.७०	९७.०७
घरजग्गा वहाल कर	५३००००००	६४२७७३३४.८५	१४०.१५
व्यवसाय कर	२५००००००	२१६१२१५५	८६.४५
अन्य कर तथा शुल्क	१९१९७४९४९.७७	१८३५०९३०२.४५	९५.५९

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

९ **व्यवसाय कर :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु.२,१६,१२,१५५।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१० **गत वर्षको दायित्व भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेट रू.२५,९८,८४,२५०।२३ गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.२२,७०,३८,९६१.११ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

११ **योजना तथा बजेटतर्फः**

११.१ **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी आषाढ मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।१४ मा रु.२,९२,०९,६६,०००।- को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१६ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

११.२ **बजेट अवण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.५७,४९,१०९।- अबण्डा बजेट व्यवस्था गरी १८ योजनामा रु.२७,७८,८४३।- खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको मिति २०८०।६।२० र ८।७ को निर्णयबाट खर्च गरेको

देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शीता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शीता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र.सं.	कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम	विनियोजितरकम	खर्च
१	फलामे पुलनिर्माण हेटौडा, १२	३०००००	२९४८९१
२	सिरानटोलजाने बाटो हेटौडा, १३	३०००००	०
३	महिलाजागरण सामुदायिक भवन मर्मत हेटौडा, १५	५०००००	०
४	हेटौडाउपमहानगरपालिका वडा नं. १४ मा रहेको कच्चि वाटोहरुमा ग्रेवल विच्छाउने कार्यहेटौडा, १४	३०००००	२९५०००
५	१० नं वडाकार्यालय भवन निर्माण हेटौडा, १०	८०००००	७६१५८१
६	विविधपूर्वाधार विकास कार्यक्रम पूजीगत खर्च	८६०२८३	५०८८०७
७	मौवाटारटोल विकास संस्था अन्तर्गत साना किसान चोकमा ह्युम पाईप राखि सडक मर्मत सम्भारहेटौडा, १९	२३८८२६	२३४८००
८	चौतारानिर्माण हेटौडा, १२	१५००००	१५००००
९	कुना टोलजाने रेग्मीको घर माथि देखि तिर्थमान श्रेष्ठकफ घर जाने पुरानो बाटोमा स्लावढलान हेटौडा, १२	१०००००	१०००००
१०	विविधपूर्वाधार विकास कार्यक्रम पूजिगत खर्च	२००००	०
११	कालिदेविमन्दिर संरक्षणको लागि तार वार तथा गेट निर्माण हेटौडा,१४	१३५०००	०
१२	मुक्तानटोल जाने बाटो क्रंकिट सडक निर्माण हेटौडा, १३	५०००००	०
१३	सामुदायिकभवनको भान्छा घर मर्मत हेटौडा, १७	२०००००	१९६३८४
१४	वस्तिपुरदेखि कुवापानी सडक एवं वडा भित्रको विभिन्न शाखा सडकहरु पानि निकासको लागी ह्युमपाईप हेटौडा, १९	३०००००	०
१५	आलदमारवलामि गुठि भवन मर्मत हेटौडा, १२	१४५०००	१३७३८०
१६	आल्दमारखानेपानी योजना हेटौडा, १२	५०००००	०
१७	राप्तिखोलामा अस्थाई पुल सञ्चालन हेटौडा, १९ र १२	२०००००	०
१८	संसारीदेवि मन्दिर निर्माण हेटौडा, ६	२०००००	२०००००
जम्मा		**५७४९१०९**	**२८७८८४३**

११.३ **रकमान्तर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यमात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकता पहिचान गरी छनौट गरेका ६७७ योजना तथा कार्यक्रमबाट ३७४ योजनामा रु.१५,००,७०,९०९।- रकमान्तर गरेको छ । रकमान्तर भएका योजनामा प्रशासनिक खर्च, भ्रमण खर्च,परामर्श सेवा, कार्यालय सामान, सफ्टवेयर खरिद आदि बाट सडक, नदी नियन्त्रण, आदि तर्फ रकमान्तर भएको छ । यसरी पटक पटक रकमान्तर गर्दा वित्तीय सुशासन कायम हुने देखिदैन । कारण बेगर पटक पटक रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

११.४ **मध्यकालिन खर्च संरचना :** अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले स्थानीय तहले आगामि बर्षमा कार्यान्वयन हुने योजनाको साथै थप २ बर्षको कार्यान्वयन हुने योजना र त्यसको स्रोतको सुनिस्चितताको आधारमा बजेट कार्यान्वयन हुने व्यवस्था छ तर यस पालिकाले उक्त मध्यकालिन खर्च संरचना तयार गरेको छैन । खर्च संरचनाको अभावमा भविष्यमा कार्यान्वयन हुने योजनाहरु र तिनको कार्यान्वयन गर्न स्रोतको अस्पष्टता हुने हुँदा योजनाको कार्यान्वयन पक्ष फितलो हुने, योजना अलपत्र हुने भएकोले खर्च संरचनाको आधारमा बजेट र योजना प्रणालीलाई कार्यान्वयन गर्नु प्रभावकारी हुन्छ ।

११.५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	**क्षेत्र**	**बजेट**	**खर्च**	**खर्च प्रतिशत(जम्मा खर्चको तुलनामा)**
१	आर्थिक विकास	१६५८४०२६३	१०४९४०००३.७२	४.४८
२	पूर्वाधार विकास	९८६३८२३५६.२३	७३०५८७७९६.०३	३१.१८
३	सामाजिक विकास	११२७७६८०००	९७९३५८४०९.४३	४१.७९
४	सुशासन तथा अन्य अन्तरसम्बन्धित	७७६५६८२४	४५५२६९२८.३८	१.९४
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	५६३३१८५५६.७७	४८३००७५५२.८८	२०.६१
जम्मा		**२९२०९६६०००**	**२३४३४२०६९०.४४**	**१००**

उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ४.४८ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४१.७९ प्रतिशत, पूर्वाधारतर्फ ३१.१८ प्रतिशत, सुशासन तथा अन्य अन्तरसम्बन्धित १.९४ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक २०.६१ प्रतिशतले खर्च गरेको छ । आर्थिक विकासतर्फ ४.४८ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिबी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च २० प्रतिशत खर्च गरेको देखिएको छ । कार्यसञ्चालन खर्चले पूँजीगत र आर्थिक विकासको कार्यलाई सपोर्ट हुनेगरी खर्च हुनुपर्नेमा कार्यालय सञ्चालन र प्रशासनिक खर्च जम्मा खर्चको अनुमानमा २० अर्थात अधिक रहेको र पूँजीगत र आर्थिक विकासको खर्च न्यून रहेकोले पूँजीगत र पूर्वाधार विकास तर्फ खर्च बढाउने र सकभर प्रशासनिक खर्चलाई न्यून र मितव्ययी प्रयोग गर्ने उपायहरु अवलम्बन गर्नुपर्दछ ।

११.६ **योजना प्राथमिकीकरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागीता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १९ वडाको लागि वडागत र पालिकास्तरका कुल ११०७ योजनामा बजेट विनियोजन गरेको छ ।

क्र.सं.	**कार्यक्रमको नाम**	**योजना संख्या**	**रु.२० लाख माथिका योजना संख्या**	**रु.५ लाखदेखि २० लाखसम्मका योजना संख्या**	**रु.५ लाख भन्दा कमका योजना संख्या**
१	पालिकास्तरीय	५८३	६९	४०२	११२
२	वडास्तरीय	५२४	२	२७८	२४४
जम्माः		**११०७**	**७१**	**६८०**	**३५६**

उपरोक्त विवरण अनुसार पालिकाले साना र वितरणमूखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १०९६ योजना मात्र कार्यान्वयन भई ११ योजना

कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

११.७ **खर्च बिश्लेषणः** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.३४,७०,५८,१४४।९१, राजस्व बाँडफाँट र अनुदानबाट रु.१,५९,३८,६०,९३१।५६ समेत रु.१,९४,०९,१९,०७६।४७ आम्दानी भएकोमा चालु तर्फ रु.१,३९,९६,९४,४४१।६५ र पूँजीगत तर्फ रु.९३,३७,२६,२४८।८० र वित्तीय व्यवस्था तर्फ रु.९९,९९,९९९।९९ समेत रु.२,३४,३४,२०,६९०।४४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १४.८१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,७९,५४,५६२।७७ खर्च भएको छ जुन आन्तरिक आयको ५.१७ प्रतिशत रहेको छ । यो सुविधा खर्च विगत ३ वर्षको निम्नानुसार रु.५ करोड २७ लाख ५४ हजार ५५६ रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ८७.८२ प्रतिशत चालु र ५८.५८ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

आर्थिक वर्ष	प्रति महिना	वर्षभरी
०७८।७९	१४५००००	१७४०००००
०७९।८०	१४५००००	१७४०००००
०८०।८१	१४९६२१३	१७९५४५५६
जम्मा		५२७५४५५६

१२ दिगो विकास योजना :

संयुक्त राष्ट्रसंघले अघि सारेको दिगो विकास लक्ष्यको सन् २०३० सम्म कार्यान्वयन गर्न नेपालले १६ वटा वुँदामा प्रतिवद्धता व्यक्त गरी ति लक्ष्यको स्थानिकरण र आन्तरिकीकरण गरेको छ ।पूर्वाधार, कृषि, पशु, उर्जा, समाजकल्याण, बालकल्याण, महिला विकास, सुरक्षित मातृत्व लगायतका बिषयहरुका कार्यजिम्मेवारी संघीयता सँगै स्थानीय स्तरमा हस्तान्तरण र निक्षेपित भैसकेको छन् । दिगो विकासको लक्ष्य प्राप्त गर्न स्थानीय तहले सूचक निर्धारण गर्ने, डाटा तयार गर्ने, प्रदेश र संघमा तिनको संचार र समन्वय गर्ने कार्य भएको देखिएन । स्थानीय तहले बार्षिक बजेट बमोजिम नै पुरानै शैलिमै कार्य गरेका छन् ।दिगो विकासको लक्ष्य अनुरुप खण्डीकृत डाटा तयार गरी कार्यक्रम बनाउने, समन्वय गर्ने, अभिलेख र तथ्यांक राखि दिगो विकासको राष्ट्रय सूचक हासिल गर्न संघमा संचार गर्ने कार्य भएको छैन । दिगो विकासको लक्ष्यको आधारमा तालमेल हुने गरी योजना र कार्यक्रम लागू गरी अभिलेख र सूचना प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।

१३ ठेक्का व्यवस्था :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ८ देखि ६३ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

सि नं	ठेक्का नं	काम को विवरण	निर्माण कर्ताको नाम	लागत अनुमान VAT र PS सहित	सम्झौता रकम VAT र PS सहित	फरक प्रतिशत
१	HSMC/WORKS/ ०१/०८०/८१	ज्ञानदा मा.वि. भवन निर्माण कार्य	आर. एन. /निहारिका जेभी, हेटौंडा, मकवानपुर	२३०१०९०१	१६३२१२०४	-२९.०७
२	HSMC/WORKS/ ०२/०८०/८१	फुर्केचौर-एक्लेखेत-दोभानचौर सडक स्तरिकरण, हेटौंडा-१८	चौधरी निर्माण सेवा, जनकपुरधाम, धनुषा	२९३५५१६८	२४२६०१७१	-१७.३६
३	HSMC/WORKS/ ०३/०८०/८१	तिनताप्के पुलदेखि घडेरीडाँडा हात्तीगौडा सडक स्तरीकरण गर्ने कार्य, हेटौंडा-१२	आकाश बादल/पेपुङ्ग जेभी, छम्पी, ललितपुर	२९३५३६९६	२६७८२१४०	-८.७६
४	HSMC/SCH/WORKS/ ०१/०८०/८१	ज्योती मा.वि. भवन निर्माण, हेटौंडा-१८	ए.बि.सि./डि.एन. जेभी, विदुर, नुवाकोट	९७६२७९१	६५४१०००	-३३
५	HSMC/SCH/WORKS/ ०२/०८०/८१	श्रमिक मा.वि. भवन निर्माण, हेटौंडा-०४	मगर कन्स्ट्रक्सन,काठमाडौं	९४९८३५३	५८३४१९२	-३९
६	HMUN/WORKS/ ०५/०७७/७८	नगर विकास रोड हुदै पूर्व भैरवरोड जाने सडक पेटी निर्माण, हेटौंडा-०४	पराजुली निर्माण सेवा, मकवानपुरगढी, मकवानपुर	७८२८९१९	२९२७५४३	-६३
७	HSMC/WORKS/ ०८/०७९/८०	पुरानो मकवानपुर रोड (गणेश मन्दिर) स्तरीकरण, हेटौंडा-०२	दोलखा कालि भुमे कन्स्ट्रक्सन एण्ड सप्लायर्सप्रा.लि., काठमाडौं	२९२११००	२२३३३१८	-२४
८	HSMC/WORKS/ ०७/०७९/८०	पुरानो मकवानपुर रोड स्तरीकरण, हेटौंडा-०२	अंकिता निर्माण सेवा, राक्सिराङ्ग, मकवानपुर	१०७०७५८३	८१६२७४९	-२४
जम्मा				**१२२४३८५११**	**९३०६२३१७**	

१४ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

१५ **त्रैमासिक पूँजीगत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

कुल खर्च	त्रैमासिक खर्च (पूँजीगत खर्चतर्फ)				आषाढ महिनाको खर्च
	प्रथम	दोस्रो	तेश्रो	चौथो	
९३,३७,२६,२४८.८०	९,४९,६३,६०५.७८	६,५२,३७,९९७.२६	२६,५१,१२,६०२.५५	५०,८४,१२,०४३.२१	२८,९०,६७,०५०.९८
(खर्च प्रतिशत) १००	**१०.१७**	**६.९९**	**२८.३९**	**५४.४५**	**३०.९६**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.९३,३७,२६,२४८.८० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.९,४९,६३,६०५.७८ (१०.१७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६,५२,३७,९९७.२६ (६.९९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२६,५१,१२,६०२.५५ (२८.३९ प्रतिशत) र चौथो त्रैमासिकमा रु.५०,८४,१२,०४३.२१ (५४.४५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२८,९०,६७,०५०.९८ (३०.९६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१६ **पूँजीगत खर्चको अवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजीगत शिर्षकबाट रु.९३,३७,२६,२४८।८० खर्च गरेकोमा रु.९,३७,१५,४२६।५८ अर्थात् १०.०४ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये उपभोक्ता समितिबाट रु.६३,६८,७२,३६९।७२ को खरिद गरेको छ भने रु.१४ करोडको गतवर्षको क्रमागत भुक्तानी मध्येबाट रु. ६ करोडको सोझै खर्च लेखेको छ । कुल खरिद मध्ये उपभोक्ता तर्फको अंश अत्याधिक रहेकाले साना साना आयोजना उपभोक्ताबाट सञ्चालन गर्न कठिनाई र झन्झटिलो हुने र ठेक्काबाट न्यून खरिद गर्दा प्रतिस्पर्धी नभई लागत बढ्ने भएकाले उपभोक्ता बाट हुने खरिद कार्यलाई न्यून गरी ठेक्का मार्फत हुने खरिद कार्यलाई थप बढाउनुपर्दछ ।

१७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित वडा कार्यालय, वडा स्वास्थ्य चौकी, अस्पताल सहित ४४० जना दरवन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २८७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका १ जना निर्देशक/उप निर्देशक, १ जना मेडिकल अधिकृत, १ वरिष्ठ शाखा अधिकृत, वरिष्ठ इन्जिनियर सहित १५३ पदहरु रिक्त रहेका छन् । दरवन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१८ **अधिक कर्मचारी :**

सामान्य प्रशासन मन्त्रालयको २०७५ को स्वीकृत दरवन्दी संख्या २३१ जना रहेकोमा २०७५ मा O&M सर्वेक्षणद्वारा ५५० जनाको स्वीकृत दरवन्दी कायम गरी २०७९ को सर्वेक्षणद्धारा पनि ५५० जना नै कायम गरेकोमा पुनः २०८० मा सर्वेक्षण गरी ७४५ जनाको कुल दरवन्दी कायम गरेको छ । उपलब्ध विवरण अनुसार स्थायी दरवन्दी ४४० र करार र ज्यालादारी संख्या ३०५ जनाको दरवन्दी उल्लेख भएकोमा अषाढ महिनाको तलबी पेरोल अनुसार २६७ जना करार र ज्यालादारी संख्या तथा २८७ जना स्थायी कर्मचारी रहेको छ । यस बर्ष कुल कर्मचारी पारिश्रमिक खर्च रु.२४ करोड ०५ लाख ७० हजार खर्च भएको छ । जसमध्ये रु.८ करोड १६ लाख करार र ज्यालादारी कर्मचारीको पारिश्रमिकमा खर्च भएको देखिन्छ । पालिकाको वडा नं १ देखि १९ बाट जम्मा रु.७,७७,६५,८८६।- राजश्व आम्दानी भएको छ भने करार कर्मचारीको पारीश्रमिकमा रु.८ करोड अर्थात् १०४ प्रतिशत आम्दानीको तुलनामा बढी खर्च भएको देखिन्छ । पालिकाको कुल राजश्व आम्दानी रु.३४,७०,५८,१४४।९१ मा कुल कर्मचारी पारिश्रमिक रु.२४,०५,७०,४४१।- अर्थात् ६९.३१ प्रतिशत कर्मचारी पारिश्रमिकमा मात्र खर्च भएको देखिन्छ । कुल पारिश्रमिक र प्रोत्साहन भत्ता समेत रु.२४,२७,३२,४४१।- को तुलनामा पालिकाको कुल राजश्व आम्दानी रु.३४,७०,५८,१४४।९१ अर्थात् आम्दानीको ६९.९४ प्रतिशत कर्मचारी पारिश्रमिकमा खर्च भएको देखिन्छ । पालिकाको आन्तरिक आयको दुई तिहाई भन्दा बढी हिस्सा कर्मचारी पारिश्रमिकमा देखिएकोले १९ वटा कार्यालयमा प्रशासनिक पूर्वाधार लगायतको कार्य हस्तान्तरण भइ आर्थिक कारोबारको भुक्तानी आदेशको समेतको अधिकार वडा कार्यालयहरुले प्रयोग गरिसकेको सन्दर्भमा वडा कार्यालयमा औचित्य, आवश्यकता, कार्यवोझ र

विषयगत सेवा प्रवाहको आवश्यकता अनुसार केही दरवन्दी थप गर्न पुर्नविचार गरी वडामा हस्तान्तरण भइसकेको कार्यवोझको न्यूनिकरणको आधारमा पालिकाकको प्रशासनिक केन्द्रको दरवन्दीलाई बैज्ञानिक विश्लेषण गरी कटौती हुनु जरुरी छ ।

१९ **अवकास कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.२ करोड ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएको र कर्मचारीको खाइपाई आएको रकमको दश प्रतिशत शुरुमा जम्मा नगरीकन सञ्चालन कार्यविधि बेगर पालिकाको श्रोतबाट रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकोले कानुनी व्यवस्था अनुसार कट्टी गरी जम्मा गर्नुपर्दछ ।

२० **करार कर्मचारी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धी पद तथा सेवामा बाहेक अन्य पदमा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । साथै स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नु पर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक अधिकृतस्तर ४ जना र सहायकस्तर ४३ जना समेत ४७ जना कर्मचारीहरुलाई करारमा नियुक्ती गरी रु.२,१९,९६,०००।- तलबमा खर्च लेखेको छ । यसरी ऐनको व्यवस्था विपरित कर्मचारी नियुक्ती गरी रकम भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । यस प्रकृयामा संलग्न जिम्मेवार व्यक्ति जवाफदेही हुनुपर्दछ ।

२१ **दरबन्दी भन्दा बाहिर कर्मचारी**

पालिकाले निम्नानुसार पदमा दरबन्दी भन्दा बाहिर कर्मचारी नियुक्ती गरी तलब भत्ता भुक्तानी गरेको छ । दरवन्दी अनुसार पदपूर्ति गरी तलब भत्ता भुक्तानी गर्नुपर्नेमा दरबन्दी भन्दा बाहिर कर्मचारी नियुक्ती गरी स्थायी १२ जनाको रु.५५,३७,८८०।- र दैनिक ज्यालादारी २३ जनाको रु.६३,१४,८८०।- गरी रु.१,१८,५२,७६०।- भुक्तानी गरेकोले अनियमित देखिएको रु.

क्र.स.	पद	मासिक तलव	वार्षिक तलब	जना	जम्मा
१	स्टाफ नर्स/ सिअनमि	३४७३०	४६१४९०	३	१३८४४७०
२	सब इन्जिनियर	३४७३०	४६१४९०	९	४१५३४१०
३	सरसफाई कर्मचारी	२२८८०	२७४५६०	२३	६३१४८८०
कुल जम्मा					**११८५२७६०**

अनियमित भएको	१,१८,५२,७६०

२२ **जिन्सी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्यहरु गरेको छैन । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ

२३ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा ३ वटा ट्राक्टर, ३ वटा टाटा ट्रिपर, १९ वटा मोटरसाइकल, १ वटा स्कुटर, १ वटा बारुणयन्त्र, १ वटा जिप, १९ वटा कम्प्यूटर सेट, ७७ वटा प्रिन्टर, ४३ वटा ल्यापटप, ३३ वटा मोनिटर लगायतका सामानहरु मर्मत तथा लिलाम बिक्री गर्नुपर्ने उल्लेख गरेकोमा मर्मत तथा लिलाम बिक्रि गरेको छैन । नियमावलीको व्यवस्था अनुसार ति सामानहरुको मर्मत सम्भार तथा लिलाम बिक्री गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२४ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र रहेका २१० वटा सहकारी संस्थाहरुमध्ये १४८ वटा सहकारी संस्था मात्र एकिकृत सूचना व्यवस्थापन प्रणालीमा आबद्ध रहेका छन् । पालिका भित्रका ६२ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट १० वटा सहकारीहरुको अनुगमन गरी प्रतिवेदन तयार गरेकोमा निम्नानुसार व्यहोरा देखिएको छ ।

• ऋण लगानी प्रकृया अपुरो रहेको,

• ऋण असुलीको अवस्था कमजोर रहेको,

• क्यास काउन्टरबाटै नगद खर्च गरेको,

• भाखा नाघेको ऋण बढी रहेको देखिन्छ ।

उल्लेखित १० वटा सहकारीमा देखिएका समस्याहरू निराकरण गर्न पालिकाले प्रभावकारी कदम चालेको छैन । थप सघन अनुगमन गरी देखिएका समस्यालाई निराकरण गर्न र सहकारीलाई विधि र पद्धतिमा सञ्चालन गरी जनताको बचतको दुरुपयोग हुन नदिन पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

२५ **समास्याग्रस्त सहकारी :**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार उपमहानगर क्षेत्रभित्र कार्यक्षेत्र भएका निम्नानुसार सहकारी संस्थाहरु समस्याग्रस्त रहेको बिवरण पेश भएको छ ।

सि. नं.	सहकारीको नाम	समस्याग्रस्त हुनुको कारण	भए गरेका प्रयास
१	सृजना बचत तथा ऋण सहकारी संस्था	आर्थिक अपचलनको उजुरी	कार्यपालिका बैठको निर्णयानुसार समिति गठन गरी समस्या निराकरण गरिरहेको
२	विलक्षण बचत तथा ऋण सहकारी संस्था	आर्थिक अपचलनको उजुरी	कार्यपालिका बैठको निर्णयानुसार समिति गठन गरी समस्या निराकरण गरिरहेको

पालिकाले आर्थिक अपचलन गरेको, अपादर्शि क्रियाकलाप रहेको ऋण असुली अवस्था कमजोर रहेको लेखापरीक्षण र हरहिसाव सार्वजनिक नभएको संस्थाहरुको छानविन गरी जनताको लगानीको सुरक्षाको लागि प्रभावकारी कदम चालेको पाइएन । लेखापरीक्षणको क्रममा गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार समस्याग्रस्त रहेको उल्लेख भएका १३ वटा सहकारीको विवरण पेश भएकोमा ति मध्ये के कति सहकारीको समस्याको टुङ्गो लागेको के कतिबाट जनताको लगानी बचत फिर्ता गरेको भन्ने उल्लेख छैन । गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका समस्याग्रस्त सहकारी संस्थाहरुको विवरण निम्नानुसार रहेको छ ।

सि.नं.	सहकारीको नाम	समस्याग्रस्त हुनुको कारण	भए गरेका प्रयास
१	नारी बचत तथा ऋण सहकारी संस्था	संस्था नै सम्पर्कमा नरहेको	खोजी कार्य जारी नगर प्रहरी मार्फत खोजी गरिदै
२	समता महिला बचत तथा ऋण सहकारी संस्था	ऋण असुली प्रक्रियामा कमजोरी	सहकारीको माग अनुसार नगरपालिकबाट तिर्न बुझाउन पत्राचार
३	मकवानपुर स्वास्थ्य सहकारी संस्था	सहकारी संस्था अस्त व्यस्त	सूचारु गर्न अनुगमन सहित पत्राचार
४	हिमालयन बचत तथा ऋण सहकारी संस्था	संस्था नै सम्पर्कमा नरहेको	खोजी कार्य जारी
५	जयकालिकाबचत तथा ऋण सहकारी संस्था	संस्था नै सम्पर्कमा नरहेको	खोजी कार्य जारी
६	सिद्धि बचत तथा ऋण सहकारी संस्था	संस्था नै सम्पर्कमा नरहेको	खोजी कार्य जारी
७	साथी भाई बचत तथा ऋण सहकारी संस्था	संस्था नै सम्पर्कमा नरहेको	खोजी कार्य जारी
८	कान्तिपुर बचत तथा ऋण सहकारी संस्था	संस्थानै सम्पर्कमा नरहेको	खोजी कार्य जारी
९	नागरिक बचत तथा ऋण सहकारी संस्था	संस्थानै सम्पर्कमा नरहेको	खोजी कार्य जारी
१०	अग्री बचत तथा ऋण सहकारी संस्था	संस्थानै सम्पर्कमा नरहेको	खोजी कार्य जारी
११	कामना बचत तथा ऋण सहकारी संस्था	संस्थानै सम्पर्कमा नरहेको	खोजी कार्य जारी
१२	महालक्ष्मी बचत तथा ऋण सहकारी संस्था	संस्थानै सम्पर्कमा नरहेको	खोजी कार्य जारी
१३	शुभसन्ध्याउपभोक्ता महिला सहकारी संस्था	संस्थानै सम्पर्कमा नरहेको	खोजी कार्य जारी
	कारबाहीमा परेका		
१	जनचेतना स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था	आर्थिक अपचलन	अदालतमा मुद्दा रहेको
२	भु.पु . सैनिक बचत तथा ऋण सहकारी संस्था	आर्थिक अपचलन	अपचलन भएको रकम वरावरको जग्गा संचालक । व्यवस्थापक बाट सहकारीको नाममा लिखित पास गराएको
३	पदम पोखरी बचत तथा ऋण सहकारी संस्था	सहकारी निस्कृय	शेयर सदस्य जम्मा गाराई साधारण सभा र आर्थिक प्रस्तुतीकरण सहित लेखा परीक्षण गराएको
४	श्री पंचमी स्वावलम्बन बहुउद्येश्यीय सहकारी संस्था लि.	आर्थिक अपचलन	अपचलन भएको रकम वरावरको जग्गा व्यवस्थापक बाट सहकारीको नाममा राजिनामा पास गराएको

यसरी समस्याग्रस्त सहकारीको हालसम्मको अधावधिक अभिलेख, तिनको प्रमुख समस्या र निराकरण गर्नुपर्ने उपायसहितको प्रतिवेदन पेश भएन । नगरपालिकाले सहकारीको सघन अनुगमन गरी देखिएका समस्याहरु समयमै हल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

२६ **कानून र सञ्चालन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४४ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३२ वटा ऐन, नियमावली ८ वटा, निर्देशिका १७ वटा, कार्यविधि ५३ वटा तथा अन्य गरी जम्मा १२० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । उपलब्ध नमुना कानुनको तुलनामा ७२ प्रतिशत कानुन बनाई कार्यान्वियनमा ल्याएको देखिन्छ । सेवा प्रवाहको सुनिश्चितता हुन आवश्यक सबै कानुनहरु निर्माण गरी कार्यान्वियन गर्नुपर्दछ ।

२७ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८० र यो वर्ष थप भएको २५२ गरी कुल ३३२ विवाद दर्ता भएकोमा मिलापत्र भएका २८२ वटा, निवेदन फिर्ता लिएको ६ मात्र फर्स्यौट भई ४४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२८ **मुनाफामूलक संस्थामा अनुदानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले सार्वजनिक हित र प्रयोजनको लागि अधिकतम प्रतिफल दिने कार्यक्रम तथा योजनामा खर्च गर्नुपर्ने व्यवस्था छ । यस उपमहानगरपालिकाले गत वर्षको भुक्तानी हुन बाँकी रकम मध्येबाट यो वर्ष भौ.नं ८६।२०८०।०६।१३ बाट महालक्ष्मी कृषी सहकारी संस्था (टनेल) हाउस निर्माण लगायतको कार्यमा रु.३,३२,५१३।- उपलब्ध गराएकाले यसरी मुनाफामूलक संस्थाले सम्बन्धित शेयरहोल्डरको मात्रै हित हुने भएकाले यसरी रु.३,३२,५१३।- खर्च लेखेको रकम नियमसम्मत नभएको रु.

अनियमित भएको	३,३२,५१३

२९ **एन.जि.ओ मार्फत कार्यक्रम सञ्चालनः**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्न गोष्ठी ,सेमिनार, कार्यक्रम लगायत सञ्चालन गर्दा लागत अनुमान तयार गरी स्विकृत गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत बार्षिक कार्यक्रम समाबेश भएको महिला स्तरिय राष्ट्रिय फुटबल प्रतियोगिता सञ्चालन गर्न पालिकाले २२ लाख ५० हजार खर्च लेखेकोमा सिलबन्दी दरभाउपत्रको खरिद प्रक्रिया पुरा नगरी सोझै ३ वटा दरभाउपत्र लिई सो मध्य न्यूनतम कबोल गर्ने केशबलाल स्मृति प्रतिष्ठानलाई उक्त कार्यक्रम सञ्चालनको जिम्मेबारी दिएको छ । खेलकुद कार्यक्रमको सञ्चालन सम्बन्धी नर्म्स, लागत अनुमान र मार्गदर्शन तयारी बेगर उक्त प्रतिष्ठानले पेश गरेको प्रस्तावलाई नै स्विकृत गरेको पाइयो । पालिकामै खेलकुद महाशाखा रहेकोमा उक्त महाशाखाले कार्य सञ्चालन गर्दा अनुभव र दक्षता रहनेमा गैर सरकारी संस्था मार्फत कार्य गरेको छ । खेलकुदमा समावेश हुने मेडल, खाजा, खाना, भत्ता, प्रशिक्षक भत्ता, यातायात खर्च लगायतका सञ्चालन खर्चको आधार र नर्म्स उल्लेख गरेको छैन । यस्ता किसिमका कार्यक्रम सञ्चालन गर्दा नर्म्स भएमा सोको आधार र नभएमा पालिकाले खर्चको खण्डीकरण गरी न्यून तम आधार स्वीकृत गरी कार्य सञ्चालनलाई व्यवस्थित गराउन सकिनेमा सो समेत गरेको पाइएन । दक्षता, विज्ञता, अनुभवको अभावको कारणले यस्ता किसिमका खेलकुद कार्यक्रम खेलकुदको अनुभव बिहिन संस्था मार्फत सञ्चालन गर्नुको साटो पालिकाले प्रदेश खेलकुद परिषद वा आफ्नै खेलकुद महाशाखा वा जिल्ला खेलकुद विकास समिति मकवानपुर मार्फत व्यवस्थापन र सञ्चालन गर्नु उपयुक्त र प्रभावकारी देखिन्छ ।

३० **अन्य निकायको खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ बमोजिम स्थानीय स्तरमा सञ्चालन हुने योजना कार्यक्रम र परियोजनाका लागि सम्बन्धित स्थानीय तहले खर्च गर्न सक्ने व्यवस्था गरेको छ । यो वर्ष उपमहानगरपालिकाले निम्न योजनाबाट रु. ४२,७९,८६०- खर्च लेखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २४ ३(ख) बमोजिम उत्पादनमूलक र प्रतिफल हुने आयोजनामा स्थानीय सरकारले आफ्नो इलाकाभित्र लगानी गर्नुपर्ने उल्लेख भएकाले यसरी खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त खर्च नियमसम्मत नदेखिएको रु.

गो. भौ. नं./ मिति	उपभोक्ता समितिकोस नाम	भुक्तानी रकम
१६२।२०८०।७।०३	भिमफेदी कारागारमा निर्माण कार्य	९२७५४०
१८८।२०८०।९।०४	राष्ट्रिय अनुसन्धान अगाडी सडक निर्माण	९७२०६८
३९३।२०८१।०१।३०	मालपोत कार्यालयमा स्तरोन्नती	४५७३८१
२९३।२०८०।१२।२८	सनातन विद्यापिठ सहकार्य देवघाट-चितवन (सामान खरिद)	३५००००
३५९।२०८१।०२।२९	नेपाल ज्योतिष परिषद मकवानपुर	८०१७१
४१७।२०८१।०३।१८	मकवानपुर गढी पर्यटन विकास समन्वय समिति	१४९२७००
जम्मा		**४२,७९,८६०**

अनियमित भएको	४२,७९,८६०

३१ **सवारी साधन खरिद:**

अर्थ मन्त्रालयबाट जारी स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान जीप, १ थान दमकल, १ थान कृषि एम्बुलेन्स, ८ थान स्कुटर र ५ थान मोटरसाइल खरिद गरी रु.१,७०,५६,७१२।- खर्च गरेको छ ।यसरी आन्तरिक स्रोतलाई बढोत्तरी गरी सवारी साधन लगायतमा खर्च गर्नुपर्नेमा सो नगरेको संघीय स्रोतमा दवाव बढेको छ। आन्तरिक स्रोतको क्षमतालाई समेत ध्यानमा राखि सवारी साधन र सुविधा लगायतमा खर्च गर्ने षरिपाटि अवलम्बन गर्नुपर्दछ ।

क्र.सं.	सवारी साधनको नाम	संख्या	रकम
१	जिप	१	२७३८९८०
२	मोटरसाइकल	५	१२३१७१५
३	स्कुटर	७	१८२०७९६.४८
४	दमकल	१	८१९००००
५	कृषि एम्बुलेन्स	१	३०७५२२१
जम्माः			**१७०५६७१२**

३२ **खानेपानी शुल्क छुट:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले उत्पादनमूलक र दिगो तवरले धान्न सकिने किसिमका कार्यहरु र सेवाहरुको लागि लगानी गर्नु पर्ने व्यवस्था गरेको छ । यस उपमहानगरपालिकाको १३ औँ कार्यपालिका बैठकबाट निर्णय गरी पालिकाले न्यूनतम ८५ रुपैया भन्दा न्यून खानेपानी महसुल नउठ्ने र १० हजार लिटर मासिक खपत नगर्ने गार्हस्त उपभोक्ताको रकम पुरै छुट दिने निर्णय गरेको पाइयो । यस आर्थिक बर्षमा मात्रै खानेपानी महसुलमा छुट दिएको रकम रु २ करोड ९५ लाख रहेको छ । यसरी छुट पाउने ग्राहीको संस्था र

आधार पेश गरेको छैन्। पालिकाको निर्णय अनुसार क्याम्पसलाई रनिङ्गमिटर रु. १५००, शहरि स्वास्थ्य केन्द्र , धार्मिक स्थल र सार्वजनिक संस्था रनिङ्गमिटर र प्रतिधारा ७०० उपलब्ध गराउने व्यवस्था रहेको छ । रु. ८५ सेवा महसुल छुट दिएर लाभग्राहिले खासै राहतको महसुस नगर्ने र अर्कोतर्फ सानो सानो छुटले आम्दानीको दायराको ठूलो भाग बाहिर पर्ने देखियो । न्यूनतम शूल्कमा सेवा दिनु कल्याणकारी राज्यको उद्देश्य पनि हो । अर्को तर्फ यसले सेवाग्राहीलाई शुल्कको भार परेको महसुस हुदैन । तसर्थ वितरणमूलक कार्यक्रम नियन्त्रण गरी न्यूनतम शूल्कमा सेवा दिनु उपयुक्त देखिन्छ । विगत ३ बर्ष देखि पालिकाले खानेपानीमा ८ करोड ८५ लाख शुल्क व्यहोरेको छ । निशुल्क खानेपानी सुविधाको प्रभावकारीता अध्ययन गरेको छैन । आवश्यकता, व्यवहारिकता र औचित्यको आधारमा सुविधा उपलब्ध गराउदा प्रभावकारी हुने देखिन्छ ।

३३ सुत्केरी खर्च:

उपमहानगरपालिकाले सञ्चालन गरेको खर्च र लगानीको सान्दर्भिकता र उपादेयता पुष्टि हुने गरी खर्च गर्नुपर्दछ । वार्षिक कार्यक्रम सञ्चालन गर्दा उत्पादनमूलक र दिर्घकालिन महत्वका हिसाबले खर्च गर्नुपर्ने देखिन्छ । यस उपमहानगरापालिकाले कार्यपालिका बैठकबाट बार्षिक रुपमा बजेटमै ब्यवस्था गरी पालिकाको १९ वडा अन्तर्गतका गर्भवति महिलाहरुमा लक्षित गरि प्रतिब्यक्ति १५०० बराबरको सुत्करी मसला जस्तै ज्वानो, काजु. किसमिस लगायतको झोला उपलब्ध गराउदै आएको छ । यस्तो खर्च बिगत ३ बर्षको रु. ५४ लाख रहेकोमा यस आर्थिक बर्ष २०८०।८१ मा १०९१ जनाको लागि १६ लाख ३७ हजार रहेको देखिन्छ । नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट समेत सुत्केरी यातायात, सुत्केरी जाँच, सुत्केरी आमा न्यानोझोला कार्यक्रमहरु निशुल्क रुपमा उपलब्ध गराउदै आएको छ ।यसरी एउटै क्षेत्रमा एउटै वर्गलाई लक्षित गरी पालिकाले समेत थप कार्यक्रमहरु सञ्चालन गरेपनि यसरी सञ्चालन गरेको कार्यक्रमको प्रभावकारीता बिश्लेषण गरेको छैन । तुलनात्मक रुपले उपमहानगरपालिका रहेको क्षेत्रमा आमा सुरक्षा र मातृशिशु पोषण प्रति बढी सचेत महिला रहेको देखिन्छ । पालिकाले कार्यक्रम सञ्चालन गर्दा आवश्यकता बिश्लेषण नगरी पालिका निर्णयको आधारमा लागू गरेको पाइयो । सीमान्तकृत, पिछडिएको बर्ग, समुदाय र गरिबीको प्रोफाइल तयार गरी सोही क्षेत्रलाई केन्द्रित गरी कार्यक्रम लागू गरेको छैन । यसरी लोकप्रियतामूखी र वितरणमूखी कार्यक्रमले पालिकाको श्रोतमा दबाब सिर्जना गरी अन्यत्र समेत वितरणमूलक र लोकरिझ्याँईका कार्यक्रम सञ्चालन गर्न होडबाजी हुने भएकोले खर्चको सार्थकता पुष्टी हुने गरी मानव विकास सूचकांक र अर्थतन्त्रमा ठोस योगदान दिने कुरा बिश्लेषण गरेर मात्रै यस्ता किसिमका कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

३४ फोहरमैला व्यवस्थापन :

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार नगर क्षेत्रका १९ वटै वडा भित्र सफा, स्वस्थ राखी नगरपालिकालाई फोहोरमुक्त र जोखिम रहित गराउन, शहरी सौन्दर्य बढाउन उपमहानगरपालिकाले २०७९ साल पौष २८ गते देखि लागु हुने गरी ग्रिन एण्ड क्लिन सिटी सर्भिस प्रा.ली. हेटौडा – ७ सँग सम्झौता गरेको छ ।सम्झौता अनुसार वडा नं १, २, ४, ५ र १० मा घरधुरी, व्यापारिक तथा आवाशिय क्षेत्र, संस्थागत क्षेत्र, औधोगिक क्षेत्रको आधारमा वडा नं ३, ६, ७, ८, ९, ११, १२ र १३ भित्रका घरधुरी, व्यापारिक तथा आवासिय, संस्थागत क्षेत्र वडा नं १४, १७ र १९ मा घरधुरी र व्यवसायिक धुरीको आधारमा फोहोर संकलन गर्ने गरी, श्रोतमै वर्गिकरण गर्ने गरी, वडागत आधारमा वर्गिकरण गरे अनुसारको सम्झौतामा तोकिएको र आर्थिक ऐनमा उल्लेख भएको आधारमा फोहोर संकलन शुल्क न्युनतम ५० देखी अधिकतम ३००० सम्मको शुल्क उठाउन पाउने र प्रस्तावनामा कवोल गरेको वार्षिक रोयल्टी रकम रु ५,६५,०००।(मु. अ. कर समेत) ३ किस्तामा वर्षेनी नगरपालिकामा बुझाउने गरी कार्य गरेको छ ।नगरक्षेत्रका टोल विकास संस्थाहरुको समन्वय र सहजीकरणमा फोहोर व्यवस्थापन गर्न साझेदार संस्थाले सेवा संचालनको लागि आवश्यक पर्ने सवारी साधन, गाडी, ठेला, रिक्सा स्वयंले व्योहोर्नुपर्ने, घरधुरीमा संकलन गर्ने, वर्गिकरण गर्ने देखि अन्तिम व्यवस्थापन स्थलमा नकुहिने फोहोर क्षेत्र, लिचेड क्षेत्र, मरेको जनावर व्यवस्थापन क्षेत्र, हाडखोर विसर्जन क्षेत्र गरी ४ भागमा विभाजन गरी व्यवस्थापन गर्ने कार्य गरेको छ ।

३५ सोझै खरिदः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको

खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरिद गरेको देखियो । यसरी कानुन विपरित खरिद गर्ने जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउनुपर्दछ । यस सम्बन्धी उदाहरण निम्नानुसार रहेको छ ।

गो.भौ.नं मिति	आपूर्तिकर्ता	विवरण	रकम
१७२।८०।६।११	माता सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	१००६४२
१७४।८०।६।१२	श्रृजनसिल इन्टरप्राइजेज	मसलन्द तथा कार्यालय सामाग्री	९६६२१५
१७७।८०।६।२२	विस्मिल्लाह व्याग सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	३३३३८५
२०४।८०।६।१५	एस के थर्ड आई सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	१९४२१९
३१५।८०।६।२३	सुनिल इम्पोरियम	मसलन्द तथा कार्यालय सामाग्री	५६४४६७
२०९१।८१।३।६	जेनिसा सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	८०८३७
१११२।८०।११।९	पि. आर. ट्रेडर्स	मसलन्द तथा कार्यालय सामाग्री	४८४२३५
१०३१।८०।१०।२९	सागर स्टेशनरी एण्ड जनरल सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	१४४५५८
१०२८।८०।१०।२९	कृति इन्टरप्राइजेज	मसलन्द तथा कार्यालय सामाग्री	१३२४४५
१०५९।८०।११।३	जय कालिका हार्डवेयर एण्ड सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	१०४२५६
२५९४।८१।३।२४	विश्व प्रिन्टिङ्ग सोलुसन	मसलन्द तथा कार्यालय सामाग्री	२००१३६
जम्मा			**३३०५३९५**

३६ **विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु.३४,७०,५८,१४४।९१ आन्तरिक आम्दानि गरेकोमा विविध शीर्षकबाट रू.१,५०,०२,२३४।- खाना खाजा, अतिथि सत्कार लगायत विविध कार्यक्रममा खर्च गरेको छ । यस प्रकारको खर्च पालिका, विषयगत शाखा तथा वडाका विभिन्न कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ । यस्ता खर्च मितव्ययी र नियन्त्रणमुखी हुनुपर्दछ ।

३७ **वितरणमूखी कार्यक्रम :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३ (६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेबापतको भुक्तानीमा अधिकाशं वितरणमूखी प्रकृयाका कार्यक्रमहरु सञ्चालन भएको देखियो । पूर्वाधार विकास भौतिक र मानवीय क्षमता विकास विकासका कार्यक्रम सञ्चालन विपरित वितरणमूखी प्रकृयमा रुपान्तरण हुनुले कार्यक्रमको उदेश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ । यसका केही उदाहरण निम्न बमोजिम रहेको छ ।

भौचर नं र मिति	कार्यक्रम	रकम
९७।८०।६।४	टोल विकास तथा नगर समन्वय समिति हैटौडालाई सचेतना र तालीम बापत	१००००००
९१३।८०।१०।५	सिद्वार्थ टोल विकास संस्थालाई शंख बजाउने तालीम	९३६६०
१२३७	फ्रेण्डस हेटौडालाई अल्पसंख्यक अभिमूखीकरण तालीम	१८२०००
१३११।८०।१२।७	सेफ हाउस सञ्चालन तथा हिंसा विरुद्धको कार्यक्रम वापत महिला बहुउद्देश्यीय सहकारी संस्था	१३४७८०
१२५५।८०।१२।५	पुष्पलाल स्मृति पुस्तकालय सञ्चालन तथा ब्यवस्थापनवापत साहित्य संगम मकवानपुर	१९७९७०
१५९४।८१।१।१७	सामदान मण्डलि समाज	१०१५१२
१८२०।८१।१२।१८	श्री कृष्ण प्रणामी वाई जुराज महिला समिति	१४४०५०
१९९२।८१।२।२८	मकवानपुर होटल एसोसिएसनलाई सडक खाना महोत्सव वापत	३४००००
२०८७।८१।३।६	उपभोक्ता हित संरक्षण मञ्चलाई	१७८०८७
२०६५।८१।३।५	पूर्वाञ्चल गन्धर्भ सांस्कृतिक उत्थान समाज	४६१५०
२०९४।८१।३।७	भिम विराज साहित्य कला प्रतिष्ठान	४४२७४५
२२००।८१।३।१५	नेपाल पत्रकार महासंघ मकवानपुर	२६९५७८
२३३९।८१।३।१८	महिला बहुउद्देश्यिय सहकारी संस्था लिमिटेड	९०८३५
२४१०।८१।३।२१	साहित्य संगम मकवानपुर हेटौडा	१६८५५०
२५५३।८१।३।२४	नेपाल आदिवासी जनजाती महासंघ	२५९७५६
जम्मा		**३६४९६७३**

३८ **आर्थिक सहायताः**

हेटौडा उपमहानगरपालिकाले आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७९, बमोजिम रु.५०,०००।- सम्म नगरप्रमुखको तोक आदेश र रु.५०,०००।- भन्दा बढि कार्यपालिकाको निर्णय बमोजिम विभिन्न व्यक्तिहरुलाई रु.२७,५०,०००।- आर्थिक सहायता वितरण गरेको छ । पालिकाले उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.३४,०७,६४,६४०।२० को ०.८० प्रतिशत हुन आउँछ । खर्चको निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

३९ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अनुसार पालिका अन्तर्गत १० वडामा खानेपानि पाइपलाईन विस्तार तथा ट्यांकी जडान कार्य, सार्वजनिक बाटो जमिन सतह मन्दिर लगायत विद्यालयहरुको फोहोर तथा झाडी फडानी लगायत नाला सरसफाई पदमपोखरी स्पोर्ट जोन निर्माण तथा पोखरी चौरको सतह मिलाउने लगायत ९ योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई औसत ७४.१५ दिनले ५७८४ दिन रोजगारी उपलब्ध गराई रु.३९,७९,९९४।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४० **कृषि क्षेत्रको अनुदानको अनुगमन :**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहाय अनुसार कृषि क्षेत्रमा विभिन्न सहकारी, समूह तथा फर्महरुलाई रु.१७,१८,५९६।- अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सि.नं.	समूह, सहकारी तथा फर्मको नाम,	कामको विवरण	रकम
१	निश्चलराज एकिकृत कृषि तथा पशुपन्छी फार्म	ड्रागन फ्रुट	१२१०४४
२	आग्रेली कृषक समूह	केरा खेती	१४२४६१
३	श्याम बाटिका एकिकृत कृषि तथा पशुपन्छी फार्म	ग्रिन हाउस र थोपा सिंचाई	१२८२१३
४	युनिस्मा यबनर कृषि फार्म	ड्रागन तथा एभोकाडो	१४५८१६
५	चुरियामाई कृषक समूह	मेवा लगायत फलफुल खेती	१२१९३६
६	अनिता बस्नेत	एभोकाडो	११०६८६
७	साना किसान कृषि सहकारी संस्था लि.	धान पकेट	४६२५४०
८	त्रिवेणी कृषि सहकारी संस्था लि.	तरकारी खेती	४८५९००
जम्मा			**१७१८५९६**

४१ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गरेको अनुगमन अनुसार पालिकाभित्र ३६८४ व्यवसाय दर्ता हुन बाँकी देखिएकाले उनीहरुको व्यवसायको प्रकृति र आकार अनुसार करको दायरामा ल्याई आन्तरिक आयलाई थप परिचालन गर्नुपर्ने देखिन्छ ।

वडा नं	जम्मा व्यवसाय संख्या	दर्ता भएका व्यवसाय संख्या	दर्ता हुन बाँकी व्यवसाय संख्या
१	४०६	२९८	१०८
२	१०१३	५९३	४२०
३	२०५	८०	१२५
४	१७३९	९६९	७७०
५	४९०	१९३	२९७
६	२३३	१४४	८९
७	१४८	७७	७१
८	३४८	२१८	१३०
९	२८७	१३६	१५१
१०	८७६	६४१	२३५
११	६०६	२२४	३८२
१२	१३०	५०	८०
१३	२१४	८५	१२९
१४	१३४	६३	७१
१५	१९४	९०	१०४
१६	१३७	३०	१०७
१७	९७	८	८९
१८	१४३	२९	११४
१९	३२३	१११	२१२
जम्मा	**७७२३**	**४०३९**	**३६८४**

पालिकाभित्र व्यवसाय सञ्चालन गरी क्रियाशिल ७७२३ मध्ये ४७ प्रतिशत व्यवसाय दर्ता हुन नसकि करको दायरा बाहिर रहेकाले थप आन्तरिक स्रोतको परिचलानमा असर परेको छ । आवश्यक उत्पेरणामूलक, चेतनामूलक र दण्डात्मक विधिसमेत अवलम्बन गरी व्यवसाय दर्ता गराउन ध्यान दिनुपर्दछ।

४२ **आन्तरिक आयतर्फ :**

पालिका केन्द्रमा राजस्व संकलन गर्न संग्रिला सफ्टवेयरको प्रयोग गरेको तर वडा कार्यालयहरुमा नगदि रसिद छपाई गरि राजस्व संकलन गरेको तथा वडाले बैंकमा राजस्व रकम जम्मा गरेपश्चात सोहि बैंक भौचरको आधारमा पालिका केन्द्रमा पेश गरि सांग्रीला सफ्टवेयरमा प्रबिष्ट गरेको छ । सांग्रीला सफ्टवेयरमा यो बर्ष कुल आन्तरिक आय रु.३४,०७,६४,६४०.२० देखाएकोमा सुत्र सफ्टवेयर अनुसार रु.३४,७०,५८,१४४.९१ आम्दानी बाँधेको देखिएकोले फरक रु.६२,९३,५०४.७१ को सम्बन्धमा यकिन गर्न सकिएन । यस सन्दर्भमा पालिकाले प्रष्ट गर्नुपर्दछ । पालिका केन्द्र र वडा कार्यालयहरुमा सुत्र सफ्टवेयरको अनलाईन राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) अनिवार्य रुपमा लागू गरी राजस्व संकलनलाई चुस्त दुरुस्त र व्यवस्थित बनाउनुपर्दछ ।

४३ **उठ्न बाँकी सटर भाडा :**

आर्थिक ऐन, २०८० को दफा १६(१) संग सम्वन्धित अनुसूची १६ मा उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्र आफैंले निर्माण गरेको वा रेखदेख र सञ्चालन गरेको पसल कवलको भाडा मासिक रुपमा असुल हुनुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्षको लेखापरीक्षण अवधिसम्म पनि निम्नानुसार व्यवसायीहरुबाट राजस्व दाखिला गरेको नदेखिएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

बसपार्क स्थित व्यवसायीक स्टलहरुको २०८०/०८१ को बक्यौता भाडा विवरण			
क्र.स.	**व्यवसायीको नाम**	**कोठाको विवरण**	**असुल हुन बाँकी बक्यौता विवरण**
१	समस्त वरेज अन्सारी	११–०१–५४	१०५८४
२	भिखारी सहनी	११–०१–६१	५९०४०
३	गरहन सहनी मलाहा	११–०१–६६	१३२१९२
४	सुनिता माया घलान	११–०२–२२	१७११८
५	दीपक प्रसाद साह	११–०५–०१	३९९३८
६	उमा शंकर प्रसाद गुप्ता	११–०५–१३	५१६१५
७	रोशन कुमार दोङ	११–०५–१४	६५८९२
८	गोबिन्द स्न्तेल	११–०५–१९	५९९०४
९	सोममाया मोक्तान	११–०६–११	४८३१२
१०	फुलमाया सिलवाल	११–०६–१५	४७८८०
११	लक्ष्मण साह कानु	११–०६–१६	११९७०
१२	बिक्रम श्रेष्ठ	११–०८–०४	१७०६४
१३	दीपेश कुमार बनिया	११–०८–०७	३३५४२
१४	गणेश भट्ट	११–०८–१२	४६९०
१५	पुजा राय	११–०९–०५	४४००
१६	सुनमाया ब्लोन	११–११–१५	२४५००
जम्मा			**६२८६४१**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३०,५४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२४,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२४,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१२२,९७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३,९२०** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४७,८८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **९,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१२७,२४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **५६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१२२,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	६,२८,६४१

४४ **रोयल्टी:**

बागमती प्रदेश सरकारले जारी गरेको आर्थिक ऐन, २०८० ले दहत्तर बहत्तर (गिट्टी, वालुवा) लगायतका प्राकृतिक श्रोत वापतको उपयोग वा उत्खनन् गर्दा उपयोगको आधारमा प्रतिघनमिटर ३५८ को दरमा रोयल्टी असुल उपर गर्ने व्यवस्था गरेको छ । यस उपमहानगरपालिकाले प्राकृतिक श्रोत साधनको लागि खोला/खहरेहरु ठेक्कामा लगाएको छैन । ठेक्का नलाग्नुमा बस्तीबाट ५०० मिटर र राष्ट्रिय निकुञ्जबाट ५०० मिटर भित्र पर्ने कारण देखाएको छ । तथापी उपमहानगरपालिका भित्रका खोला किनारामा क्रसर उद्योग सञ्चालन रहेका, प्रत्येक वडामा ट्रयाक्टर, टिृपर लगायतका साधनबाट सामानको उत्खनन् गरेको स्थलगत लेखापरीक्षणको क्रममा देखियो । यसैगरी चोरीगरी उत्खनन् गर्ने कार्यलाई न्यूनिकरण गर्न नगर प्रहरी परिचालन गरि कार्यालयले रु ५५ लाख राजस्व असुल गरेको छ तर चोरी निकासी नियन्त्रण गर्नै खोलाहरुमा मुख्य पुलमा, श्रोत केन्द्रमा सिसिटिभी निगरानी गर्ने गरेको छैन । वडाका योजना र उपमहानगरपालिकाबाट सञ्चालित योजनामा प्राकृतिक श्रोत साधनको उपयोग गर्दा लागत अनुमानमा querry site (श्रोत विन्दु) नदेखाएकोले मालसामान स्थानीय रुपमै प्रयोग भएको देखिएको छ । उपमहानगरपालिका अन्तर्गत भएका विकास योजनामा निम्नानुसार परिमाणमा प्राकृतिक श्रोत साधन प्रयोग भएको विवरण पेश गरेको छ ।

सामान	परिमाण (घनमिटर)
गिट्टी	२३६३७
वालुवा	१८३७५
ढुङ्गा	१४७८१
ग्रावेल	१४०४१
जम्मा	**७०८३४(घ.मी.)**

यसरी पालिका र वडागत रुपमा पेश गरेको प्राकृतिक श्रोत साधनको उपयोगको विवरणका आधारमा ७०८३४ घनमिटर प्राकृतिक साधन प्रयोग गर्दा पालिकाले रोयल्टी प्रति घनमिटर ३५८ को दरमा असुल हुनेमा सो कट्टी नगरी भुक्तानी गरेको छ । ७०८३४ घनमिटरको ३५८ को दरमा रोयल्टी बापत सञ्चालित योजनाहरुबाट कटाई सम्बन्धित उपभोक्ता समितिहरुलाई भुक्तानी हँदा रु २,५३,५८,५७२। पूँजीगत कार्यक्रममा सञ्चालित आयोजनाहरुबाट रकम बचत भई पालिकालाई कम व्ययभार पर्ने देखिन्छ तसर्थ विकास योजनाहरुमा उपयोग भएको स्रोतहरुको आधारमा निर्धारित रोयल्टी रकम असुल उपर हुनुपर्दछ ।

४५ **राजस्व ढिला दाखिला :**

राजस्व ढिला दाखिला : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार समयमै राजश्व नबुझाएमा १० प्रतिशतका दरले जरिवाना असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने ब्यवस्था छ । देहायका कर संकलकले बुझाउनुपर्ने राजस्व ढिला बुझाएकोले ढिलावापतको व्याज तथा जरिवाना देहाय अनुसार असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

सि.नं.	कर संकलको नाम	बुझाउनु पर्ने मिति	किस्ता	रकम	बुझाएको मिति	रकम	ढिला दिन	जरिवना
१	कवाडी कर संकलन ठेक्का(सेभेन रेन्बोज कन्स्ट्रक्सन हेटौडा	२०८०।४।१	प्रथम	२९०८२५०	२०८०।४।०१	२९,०९,०००	०	०
		२०८०।६।३०	दोश्रो	२९०८२५०	२०८१।१।१०	२९०८२५०	१९०	१५१३८८.३५
						कर बाहेक		१३३९७२
		२०८०।९।३०	तेश्रो	२९०८२५०	२०८१।५।३०	४०५००००	२४०	१९१२२७.३९
						कर बाहेक		१६९२२७.७४
		२०८१।२।३०	चौथो	२९०८२५०(बाकी १७६५७५०)	०	१७६५७५०	१५०	७२५६५
		जम्मा		११६३३०००				३७५७६४.७४
		बुझाएको रु		९८६७२५०				
		बुझाउन बाँकी		१७६५७५०				
				हर्जना समेत २१४१५१४.७४				
२	सडक पूर्वाधार मर्मत सम्भार शुल्क संकलन ठेक्का(सुदिपा ट्रेडिङ कम्पनी काठमाडौ	२०८०।०५।२४	प्रथम	१०७२१६८७.५०	२०८०।०५।२४			०
		२०८०।९।३०	दोश्रो	१०७२१६८७.५०	२०८०।१०।०७			०
		२०८०।१२।३०	तेश्रो	१०७२१६८७.५०	२०८१।०१।०२			०
		२०८१।०२।३०	चौथो	१०७२१६८७.५० (भ्याट समेत)	२०८१।०३।३०	६३२३०४६.४१	३०	२६०१५
					बाँकी रहेको	४३९८६४१.०९	१५०	१८०७५०
		जम्मा		**४२८८६७५०**				
		बुझाएको रु		३८४८८१०८.९१				
		बुझाउन बाँकी		४३९८६४१.०९				

				हर्जना समेत ४६०५४०६.०९					
जम्मा (हर्जना समेत)				**६७४६९२०.८३**					

हर्जना स्थलगत लेखापरीक्षण गर्दाको अवधिसम्म मात्र गणना गरिएको छ । थप हर्जना रकम कार्यालयले यकिन गरी असुल उपर गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	६७,४६,९२०.८३

४६ **दहत्तर बहत्तर शुल्क :**

बागमती प्रदेशबाट पारित आर्थिक ऐन बमोजिम प्राकृतिक श्रोत, साधन उपयोग गर्दा ढुङ्गा, गिट्टी, वालुवा लगायतका रोयल्टी असुल गर्नुपर्ने व्यवस्था रहेको छ । यस उपमहानगरपालिकाले आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा खोलाहरु ठेक्का लगाएको छैन । यस उपमहानगरपालिका अन्तर्गत राप्ती नदी सहित ३ वटा खोलाहरु रहेकोमा बस्ती नजिक, निकुञ्ज नजिक तथा पुल देखि ५०० मिटर नजिक भएको कारण जनाई खोलाहरुको IEE स्वीकृत नगरेकोले आन्तरिक आयको रुपमा हुने राजस्व गुमेको छ । स्थगगत अनुगमनको क्रममा खोलाको छेउमै क्रसर उद्योगहरु रहेका, ३ वटै खोलामा ढुङ्गा वोल्डर, सानो गोलो गिट्टी र वालुवाहरु पर्याप्त रहेको, ठाउँ-ठाउँमा वालुवा, गिट्टी, ढुङ्गाहरु सङ्कलन गरेको ट्याक्टरहरुले खोलामा सामान सकलन समेत गरेको समेत देखियो । गत विगतको IEE प्रतिवेदन अनुसार तिन लाख साठी हजार घनमिटर गिट्टी वालुवा संकलन गर्न सकिने संभाव्यता देखिन्छ । उपमहानगरपालिका भित्र संञ्चलन भएका उपभोक्ता र ठेक्कामा संञ्चालित आयोजनामा गिट्टी, ढुङ्गा, वालुवा उपयोग भएको र ति योजनामा समानको Query site समेत नखुलाएकोले स्थानीय रुपमा अवैध उत्खनन् समेत गरेको देखियो । खोलामा ठुलो परिमाणमा प्राकृतिक श्रोत साधन थुप्रिदा उत्खनन गरेको कारण भन्दा नगरेको कारण खोलाको वहाव परिवर्तन भई वस्तीहरु जोखिममा पर्ने सम्भावना समेत देखियो । २०७९।८० मा गृह मन्त्रालयबाट जिल्ला प्रशासन कार्यालयलाई जारी पत्रमा कानुन विपरीत दर्ता, नविकरण नगरी सञ्चालनमा रहेका ढूङ्गा, गिट्टि र वालुवा उत्खनन प्रशोधन कार्यमा संलग्न क्रशर उद्योगहरुलाई तत्काल बन्द गर्न आदेश भएको देखियो । यस अनुरुप २०७९ पौष २१ गतेको जिल्ला समन्वय समतिको मकवानपुरको बैठकले जिल्लामा नदीजन्य पदार्थको दोहोन भएको र अवैध दोहोनमा संलग्ग हुनेलाई कारवाही, जरिमाना गर्ने निर्णय गरेको छ । यसैगरी गिट्टी, वालुवाको अवैध उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्डको जटिलताको कारण परिमार्जन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बागमती प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय भएको देखियो । यसरी मापदण्ड लागू गर्न कठिनाईहरुको कारण एकातर्फ राजस्व गुमाउने, खोलामा ठुलो परिमाणमा प्राकृतिक साधन थुप्रिदा वस्ती थप खतरामा हुने र अर्को तर्फ अवैध क्रसर र व्यक्तिले चोरी उत्खनन जारी राख्ने विकृत स्थिति देखियो । अवैध उत्खनन् नियन्त्रण गरी राजस्व आम्दानी बढाउन वैकल्पिक व्यवस्थाको लागि पहल र समन्वय हुनुपर्दछ ।

४७ **राजश्व बाँडफाँडः**

विज्ञापन ऐन, २०७६ बमोजिम ३ प्रतिशत रकम विज्ञापन बोर्डमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष रु.५२,०९,०४८।०४ संकलन गरेकोमा विज्ञापन बोर्डमा दाखिला गरेको देखिएन । पालिकाले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने प्रतिशत	पठाएको रकम	पठाउन बाँकी रकम
विज्ञापन कर	५२०९०४८.०४	४० प्रतिशत	१७६९६९६.८५	३१३९२२.३६

प्रमाण पेश नगरेको	३,१३,९२२.३६

४८ **कर विश्लेषणः**

४८.१ **पार्किङ शुल्क :** उप महानगरपालिकाले जारी गरेको आर्थिक ऐन, २०८० को दफा १५(१) अनुसार उप महानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराई शुल्क लिने भनी आर्थिक ऐनमा शुल्क तोकेपनि सो बापत कर उठाउने परिपाटि

नभएकाले अत नियमानुसार कर उठाउने प्रकृयालाई प्रभावकारी बनाई करको दायरा फराकिलो बनाउनुपर्दछ ।

४८.२ **घर जग्गा बहाल कर :** उप महानगरपालिकाले जारी गरेको आर्थिक ऐन २०८० को दफा ६ अनुसार उप महानगरपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष उप महानगरपालिकाले घर जग्गा वहाल कर शुल्क वापत रु.६०१६८९८७.०४ कर संकलन गरेको छ । पालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन । अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

४८.३ **मनोरञ्जन करः** स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशन हल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । यस वर्ष उप महानगरपालिका अन्तर्गत ३ वटा फिल्म हल रहेकोमा उक्त शिर्षकमा कुनै कर संकलन गरेको छैन । उप महानगरपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरञ्जन स्थलको अभिलेख राख्ने गरेको छैन । तसर्थ उप महानगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण मनोरञ्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनुपर्दछ ।

४८.४ **स्मृतिपार्क राजश्वः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले उल्लेख गरेको र उपमहानगरपालिकाले राजश्च आर्जन गर्ने आधार तयार गरेका श्रोतहरूबाट क्रमश राजश्व प्राप्त गरी राजश्वको आधार विस्तृतीकरण गर्दै आन्तरिक क्षमता सुदृढ गर्ने र बाह्य निर्भरता क्रमश कम गर्ने उपायको खोजी हुन जरुरी छ । यस उपमहानगरपालिकाले राजश्वको परिचालन गर्न सक्ने प्रयाप्त आधार खडा गरिसकेको स्मृति पार्कबाट सम्पत्ती, भाडा, मनोरञ्जन कर लगायतका संकलन गर्न सक्ने प्रयाप्त आधार हुँदा हुँदै पनि वर्षेनी राजश्व उठाउन छुट गरेको देखियो । तसर्थ स्मृति पार्कको स्थलबाट राजश्व असुल गर्न सुरू गरी गत विगतदेखि छुट राजश्व समेत असुल गर्नुपर्दछ । यसैगरी राजश्व उठाउन प्रयाप्त आधार र श्रोत भएका तर दायरामा नआएका फर्महरु, विद्यालय सटर, वडा कार्यालय अन्तर्गतका लिजमा लगाएका जग्गा लगायतबाट राजश्व आर्जन प्रकृयाको थालनी हुनुपर्दछ ।

४८.५ **राजस्व असुलीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १९ वडाहरुमध्ये नमुना छनौट गर्दा वडाहरुको राजस्व असुल भएको रकम सोही दिन वा भोलिपल्ट बैंक दाखिला भएको देखिएन । कानुनी व्यवस्थाको पालना हुनुपर्दछ ।

४८.६ **रसिद छपाईः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आन्तरिक आम्दानी संकलनको लागी २०३५ प्याड रसिद छपाई गरेकोमा १५७७ प्याड प्रयोग गरी ४५८ प्याड बाँकी रहेको छ । आवश्यकताको आधारमा रसिद छपाई गरी रसिद नियन्त्रण खातालाई व्यवस्थित गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सि.नं	विवरण	छापेको प्याड	प्रयोग गरेको	बाँकी
१	नगदी रसिद	७००	६२२	९६
२	घाटगद्दी रसिद	५०	४०	१२
३	स्वदेशी बस ट्रक रु. ३०	८००	८००	७
४	स्वदेशी जिप कार रु. १५	९५	०	९५
५	विदेशी ट्रक लहरी रु. १०००	१००	६०	४४
६	विदेशी बस ट्रक रु. ६००	१००	२५	८४
७	विदेशी मिनीबस रु. ३००	१००	१०	९५
८	विदेशी जिपकार रु. २००	९०	२०	७३
जम्मा		**२०३५**	**१५७७**	**४५८**

लेखापरीक्षणको समयमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाका विभिन्न वडाहरुको नगदी रसीद प्रयोग गरी प्राप्त गरेको आम्दानीको अवस्था निम्नानुसार छः

वडा नं.	संकलित रकम	वडा नं.	संकलित रकम	वडा नं.	संकलित रकम
१	१६८५८९२	८	५२७५५५१	१५	३९१५३८८
२	१२१९१८०	९	३६६२५२०	१६	४७९४२०९
३	३५०७६५१	१०	१७३१२३९	१७	४९६०९५४
४	७१६०९८५	११	४०२५५७८	१८	५९६००३५
५	५२६७९९५	१२	६३५९५२०	१९	२९८२३१८
६	४६५७४४०	१३	४२२१९८२		
७	२९०१८१८	१४	३४७५६३२		
जम्मा				**७७७६५८८६**	

४९ **सामाजिक सुरक्षातर्फः**

यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ १९ वडाका ८ वटा बैंकमार्फत १४१८१ जना लाभग्राहीको खातामा रु. ५७,७८,१३,०८९ भत्ता बैंक मार्फत निकासा गरी वितरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

४९.१ **पारदर्शीता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा नगरकार्यपालिकाको कार्यालयले उल्लेखित व्यवस्थाको परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शीता प्रवर्द्धन गर्नुपर्दछ ।

४९.२

लगत कट्टा : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । साथै दफा १५ (२) मा भत्ता खाइपाई आएको कनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनी उल्लेख छ । पालिकाले मृत्यू भई लगत कट्टा भएको अवस्थामा पनि रु.६७,०४२।- लाभग्राहीको खातामा बैंकमा नै मौज्दात बाँकी रहेकाले फिर्ता गर्नुपर्ने रु.

नाम	नागरिकता नं.	लगत कट्टा लागूमिति	लगत कट्टा गरेकोमिति	वडा नं.	Refund हुनुपर्ने रकम
बुद्धिमान गोम्बा	२६९	२०८१-०२-२०	२०८१-०५-१९	१८	५५००
सिता बानियाँ	५२३५	२०८०-०७-१३	२०८०-१०-२८	१८	१०२६७
दिल कुमारी दुलाल	८।३००	२०८०-०७-२२	२०८०-१०-२९	१८	९०६७
हरि माया रायमाझी	९९	२०८०-११-२५	२०८१-०५-२४	१८	४६६७
सोम बहादुर कामी	५५३	२०८१-०२-०२	२०८१-०५-२४	१८	७७५०
उकू कुमारी खड्का	१२३८५२०४५९	२०८०-०८-०८	२०८०-१०-२९	१८	६९३३
नन्द कुमारी अधिकारी	४१	२०८०-०४-१८	२०८०-०७-१९	१८	९६७७
देव माया खड्का	५१८	२०८०-०७-२६	२०८०-१०-२८	१८	८५३३
चन्द्रमान रसाइली	८०६	२०८१-०२-०७	२०८१-०४-१७	१८	४६४८
जम्मा					**६७०४२**

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१,१६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४,२६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **९,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३,४८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३,७४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **८,१२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२,१९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२,७१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **५,४६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१,३३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२,८३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३,७४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **५,१८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३१,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **३५,४६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **९४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१,०३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **११,५८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **९,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **६,५३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **९,६५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	६७,०४२

४९.३ **लगत कट्टा :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । साथै दफा १५ (२) मा भत्ता खाइपाई आएको कनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तानी दिने भनी उल्लेख छ । पालिकाले मृत्यु भई लगतकट्टा बैंक खातामार्फत भुक्तान भएको रु.१,६००।- फिर्ता गर्नुपर्ने रु.

नाम	जन्म मिति	नागरिकता नं.	लगत कट्टा लागूमिति	लगत कट्टा गरेकोमिति	वडानं	Refund हुनुपर्ने रकम
मदन बहादुर पाठक	२००५-१२-०१	५०३२३५३६	२०८०-०६-१८	२०८०-०७-०२	४	१६००

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रु **६,५८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रु **२,४५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१,६००

५० **महंगी भत्ता :**

अर्थ मन्त्रालयबाट जारी भएको पत्र संख्या ३६५-०३।०७८।७९ च.नं. १७१९ को पत्र बमोजिम करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनि मिति २०७९।१।१५ मा निर्णय गरेको छ । सो निर्णय विपरित हेटौडा उपमहानगरपालिकाले १५० जना कर्मचारीलाई प्रति महिना रु.२,०००।- का दरले बार्षिक रुपमा रु.३६,००,०००।- महंगी भत्ता वितरण गरेको छ । यस सन्दर्भमा व्यवस्थापनसँग छलफल गर्दा आर्थिक बर्ष २०८१।८२ को पुषबाट करार सम्झौता गर्दा यस्तो भत्ता कट्टी गरी सकेको जवाफ प्राप्त भएको छ । कानुन विपरितको यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५१ **स्थानीय भत्ता :**

नेपाल सरकार, अर्थ मन्त्रालय च. नं ५, मिति २०७१।४।२ मा जारी गरेको तलब तथा सुविधा सम्बन्धी पत्रमा स्थानीय भत्ता प्रयोजनका लागि स्थान वर्गीकरण गरी क, ख, ग, घ र ङ जिल्लाहरुको विभाजन गरेको छ । जस अनुसार मकवानपुर जिल्ला ङ वर्गीकरणमा पर्ने देखिन्छ तर यस उपमहानगरपालिकाले कार्य सञ्चालन निर्देशिका तयार गरी सो निर्देशिकामा उल्लेख गरी मासिक तलवको १० प्रतिशतका दरले ४६० जना करार र स्थायी कर्मचारीको लागि रु. स्थानीय भत्ता रु. १३२२९९६४।- लेखेकोले नियमसम्मत नभएको रु.

अनियमित भएको	१,३२,२९,९६४

५२ **प्रोत्साहन भत्ताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुनेछ । दफा ८६ (२) मा उपदफा १ को अधिनमा रही स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । नगरपालिकाले हेटौडा नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी हेटौडा उपमहानगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८० बमोजिम पालिकाका फोकल पर्सनलाई रु.४००० राजस्व पोर्टलमा ETDS गर्ने कर्मचारिलाई मासिक रु.५००० दरले मासिक प्रोत्साहनको रुपमा रु. १०८००० भुक्तानी दिएको देखिएको छ । यसरी प्रोत्साहन खर्च लेख्दा इ - हाजिरी प्रमाण, कार्यसम्पादन सूचक निर्माण, अपेक्षित उपलब्धि मापन बेगर खर्च लेखेकोले नियमसम्मत नभएको रु.

अनियमित भएको	१,०८,०००

५३ **अतिरिक्त समय भत्ता :**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७, ७.१.४ खाजा / खाना खर्च सम्बन्धमा सम्बन्धित मन्त्रालयहरूबाट निर्णय भई आएपछि प्रचलनमा रहेका स्वीकृत मापदण्ड (नर्म्स) को आधारमा आवश्यकता र औचित्य हेरी अर्थ मन्त्रालयले यस्तो स्वीकृति दिन सक्नेछ भन्ने व्यवस्था छ । यसरी स्वीकृति दिनुअघि समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराइएको हुनुपर्ने, नियमित काम बाहेक विशेष कामको लागि दैनिक २ घण्टा भन्दा बढी अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाजा /खाना खर्च बापत रू.३००।-दिने सार्वजनिक विदाको दिन काम गरे बापत खाजा / खाना खर्चको लागि रू.६००।- उपलब्ध गराइने, खाजा/खाना खर्च प्रदान गर्ने प्रयोजनका लागि विद्युतीय हाजिर प्रणाली अनिवार्य रुपमा लागू भएको हुन पर्ने व्यवस्था छ । यस उपमहानगरपालिकाले अतिरिक्त समय काम गरेको भुक्तानी गर्दा अपेक्षित नतिजा स्वीकृति नगराएको, नियमित कार्य बाहेक विशेष कार्य भन्ने प्रष्ट नभएको, कार्यसम्पादन सूचक तयारी र स्विकृति गरी सो सूचकसँग आवद्धीकरण नगरेको विद्युतिय हाजिरीमा अतिरिक्त समयमा काम गरेको देखिने प्रमाण पेश नगरी २५ जना कर्मचारीको लागि रु.२१६२०००।-अतिरिक्त समय भत्ता भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२१,६२,०००

५४ **नगरसभा बैठक भत्ता :**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ मा नगर सभाका सदस्यले पाउने बैठक भत्ता सम्बन्धमा उल्लेख गरेको छ । पालिकाले भौ.न. १२१७।२०८०।११।२२ बाट १४ औं नगरसभा तयारी, व्यवस्थापन तथा सञ्चालन गर्न ९४ कर्मचारी समेत सहभागी भई कर बाहेक रु.२५४५४५।- र भौ.न. २६१७।२०८१।३।२४ बाट १५ औं नगरसभा तयारी, व्यवस्थापन तथा सञ्चालन गर्न ९९ जना कर्मचारीलाई रु. ६४८६२२ भुक्तानी भएको छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

५५ **आवश्यकता भन्दा बढी खरिद :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) तथा सोही नियमावली, २०७७ को नियम ४१(६) बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने, मितव्ययीता तथा समुचित उपयोग हुने तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.न. ७८८।२०८०।९।४ बाट नगर भित्रको फोहोर ब्यवस्थापन गर्न पलाष्टीकको बोतल राख्ने केज २० वटा खरिद गरी ८ वटा वितरण पछि १२ वटा स्टोरमा रहेको देखिन्छ । यसरी आवश्यकता भन्दा बढी खरिद गरी रु.१,९८,८८०। खर्च गरेको देखिन्छ । आवश्यकता भन्दा बढी देखीएका सामानको खर्च गर्दा पालिकालाई अनावश्यक व्ययभार बढ्ने भएकोले आवश्यकता र औचित्य अनुसार खरिद गरी उपयोग गर्नुपर्दछ ।

५६ **आयोगको परामर्श :**

प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर पालिकाले ७ जना कर्मचारीको स्तरवृद्धि गरी उक्त कमर्चारीलाई यो वर्ष रु.१ लाख थप रकम भुक्तानी भएको छ । आयोगको परामर्श बेगर स्तरवृद्धि गरी खर्च लेखेको रकम अनियमित देखिएको रु.

अनियमित भएको	१,००,०००

५७ **सूचना प्रकाशन तथा छपाईः**

सार्वजनिक खरिन नियमावली, २०६४ को नियम ३१ क मा गरिने खरिद कार्यविधिको व्यवस्था छ साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार

सञ्चालन ऐन, २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले सूचना प्रकाशन तथा छपाई शीर्षकमा जम्मा रकम रु. २८८३७१८।- खर्च गरेको देखिएको छ । यस्तो प्रकृतिको खर्चलाई न्यूनीकरण गर्नको लागि प्रतिस्पर्धात्मक खरिद विधि एकमुष्ट दरको बोल पत्र आव्हान गरी सो प्रक्रिया अवलम्वन गर्नुका साथै सरकारी रकमको खर्चमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

५८ **कर रकम :**

आयकर ऐन,२०५८ को दफा ८८ मा परामर्शदातालाई रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यबस्था उल्लेख छ । पालिकामा पेश भएका गौश्वारा भौचरको नमूना परीक्षण गर्दा निम्नानुसार तालीम तथा कार्यक्रम सञ्चालन गरी निम्न अनुसारको भौचर नं र मितिमा भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी तहाँ बाटै असुल गर्नु पर्ने र निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

भौचर नं र मिति	विवरण	भुक्तानी पाउने	कट्टा भएको	नपुग कर
२७९।८०।६।२२	कम्प्यूटर तालीमखर्च रु १०००००।	कम्प्युटर शिक्षा सञ्चालन समिती	१२८००	२१२०
५८३।८०।७।२४	कफि बनाउने तालीम खर्च रु १०००००	एभरेष्ट वरिष्ट ट्रेनिङ्ग	१५३०	१३४७०
१०३५।८०।१०।२९	जलवायु परिवर्तनको वारेमा जनचेतना कार्यक्रम	दिगो विकासका लागि सहकार्य नेपाल	४९६३	९९४७
११८९।८०।११।१७	अचार बनाउने तालीम	साना किसान कृषि सहकारी संस्था लि.	४८५०	१०१५०
१२०१।८०।११।१८	अभिभावकत्व शिक्षा सम्बन्धी कार्यक्रम	हितैषि नेपाल	१८९३	५३५१
१४१८।८०।१२।१८	अन्तरकृया कार्यक्रम	मकवानपुर जिल्ला बहुउद्देश्यिय सहकारी संघ लि	२५६१	१४८९५
१६८८।८१।२।३	क्षमता विकास तालीम	सहयात्रा नेपाल	७७०३	२७६९७
१६९८।८१।२।३	जेष्ठ नागरीक र बालबालिका बीच अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम	जेष्ठ नागरीक मंच नगर समन्वय समिती	७२८५	८८०३
१३८१।८०।१२।१५	क्षमता विकास तालीम	मानव अधिकारका लागि महिला एकल महिला समूह	१०८००	४२००
१३८५।८०।१२।१५	खेलकुद प्रतियोगिता कार्यक्रम	हेटौडा रगर्स रग्वी क्लव	५८०२२	१६९७८
१७३४।८१।२।११	कृषि विकास सम्बन्धी कार्यक्रम	ग्रामिण महिला सेवा केन्द्र	७२१०	१५२९०
२१११।८१।३।१३	सिप विकास कार्यक्रम	उज्वल भविष्य नेपाल	१६७५०	१४००
२११७।८१।३।१३	३ महिने ब्युटीपार्लर तालीम	सृजना ब्युटी पार्लर एण्ड ट्रेनिङ सेन्टर	१०१६५	४८३५
२४२८।८१।३।२१	शिप तथा क्षमता विकास तालीम	महिला एकता सार्थक समाज	२१९४६	१५५५४
२४३४।८१।३।२१	पाठेघर स्तन स्क्रिनिङ्ग शिवर	मित्र सर्लाही	१३३४७	४५२४३
२४४०।८१।३।२१	ब्युटी पार्लर तालीम	नमूना टोल विकास संस्था	७८७०	७१३०
१८२०।८१।२।१८	लागूपदार्थ दुर्व्यसनिको लागि बालवालिकाको भुमिका विषयक कार्यक्रम	कृष्ण प्रणामी वाईजुराज महिला समिती	२०१५०	४४८०
१७५६।८१।२।११	यौनिक तथा लैङ्गिक अल्पसंख्यक सम्बन्धी सचेतना कार्यक्रम	फ्रण्डर्स हेटौडा	२८९६०	३८६०
२००२।८१।२।२९	स्थानीय तहको भाषा समूह निर्माण	नेपाल तामाङ घेदुङ समूह	१०१४०	१९८५९

२०२२।८१।२।३१	बृहत सांस्कृतिक कार्यक्रम	साहित्य कला पुञ्ज	१३०९०	१६९१०
२०५०।८१।३।४	लघुकथा उत्सव	साहित्य संगम मकवानपुर	२५५२	५३२३
२०८१।८१।३।६	टोल विकास संस्थाहरुको पदाधिकारीलाई क्षमता विकास कार्यक्रम	टोल विकास समन्वय समिती हेटौडा	४२८३५	४११२
२०८७।८१।३।६	मदिरा तथा सुर्तिजन्य पदार्थ नियमन तथा नियन्त्रण	उपभोक्ता हित संरक्षण मञ्च	१२२१५	१७२३१
२०९४।८१।३।७	साहित्य सम्बन्धी कार्यक्रम	भिमविराग राष्ट्रिय कला प्रतिष्ठान	६४५७	५९९५४
२२००।८१।३।१५	पत्रकारलाई क्षमता विकास कार्यक्रम	नेपाल पत्रकार महासंघ मकवानपुर	१०२४०	३००७९
२५५३।८१।३।२४	हेयर कटीङ सैलुन तालीम	नेपाल आदिवासि जनजाती महासंघ	११९९४	२८८३८
जम्मा				**३९३७०९**
			असुल गर्नुपर्ने	३,९३,७०९

५९ **अनुगमन भत्ता :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३(क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरे बापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सन्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरे बापत भत्ता पाउने उल्लेख गरेको छैन । तर पालिकाले कार्यसञ्चालन निर्देशिका निर्माण गरी पदाधिकारी र कर्मचारी सहित २०० जनालाई रु.५,२०,६७०।- भत्ता भुक्तानी गरेको छ । यसरी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.

भौ.नं. र मिति	तालिम तथा कार्यक्रमको नाम	कर्मचारी संख्या	रकम(कर वाहेक)
६८२।८०।८।१७	हेटौडा साइकल रन कार्यक्रम	हरिसचन्द्र सापकोटा सहित ५ जना	४२५०
७९२।८०।९।४	विज्ञान प्रर्दशनि प्रतियोगितात्मक कार्यक्रम	हरिचन्द्र सापकोटा सहित ३ जना	२५५०
८७५।८०।९।२६	जिवन जिउने कला सम्बन्धि तालिम	हरिचन्द्र सापकोटा सहित ३ जना	२५५०
१०३८।८०।१०।२९	लैंगिक हिंसा, घरेलु हिंसा , मानव बेचविखन विरुद्ध सचेतनामुलक कार्यक्रम	विष्णु कुमारी लामिछाने सहित ३ जना	२५५०
१५८५।८१।१।१७	कक्षा ८ को परीक्षा अनुगमन	सिताराम कोइराला सहित १२ जना	५१८५०
१७५३।८१।२।११	टोल विकास सस्थांहरुको साधारण सभामा अनुगमन	भिम प्रसाद तिमल्सिना सहित १० जना	२४६५०
१७५१।८१।२।१९	महिला उधोग बाणिज्य संघ महिला उधमी विकास समितिको अनुगमन	गोपिनी गौतम सहित ४ जना	३४००
२०३५।८१।२।३२	आर्युवेद प्राविधिक तथा अनुगमन कर्ता	भिम प्रसाद तिमल्सिना सहित १२ जना	४८०७०
२३०१।८१।३।१८	बालुवा प्रशोधन उधोगको अनुगमन	सावित्री श्रेष्ठ सहित १५ जना	१२६६५०
२४७१।८१।०३।२२	टोल विकास सस्थाको कार्यक्रम अनुगमन	पुजा अर्याल सहित ७ जना	३३१५०
२५१९।८१।०३।२४	सस्थागत विधालय वर्गिकरण तथा अनुगमन	हरिसचन्द्र सापकोटा सहित ९ जना	८३३००
२५४९।८१।०३।२४	कक्षा ८ को परीक्षा सञ्चालन तथा अनुगमन	उषा गौतम सहित ९ जना	४७६००
२५७४।८१।३।२४	कृषि विकास तथा पशुपन्छि विकास शाखाको अनुगमन	प्रदिप रेम्मी सहित १९ जना	९०१००
जम्मा			५२०६७०

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **७७,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१६०,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३२,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **६२,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१७७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१४६,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५,२०,६७०

६० **अन्य निकायको खर्च :**

पालिकाले वार्षिक कार्यक्रम र सभाबाट पारित योजना बमोजिम विनियोजन ऐनले निर्धारण गरेको क्षेत्रमा खर्च गर्नुपर्दछ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले उत्पादनमूलक प्राथमिकता प्राप्त क्षेत्रमा वजेटको उदेश्यमूलक उपयोग हुनुपर्ने व्यवस्था गरेको छ। यस उपमहानगरपालिकाले निम्नानुसारको भौ.न. र मितिमा आफ्नो वजेट शिर्षकबाट अन्य निकाय र गै.स.स., संघीय सरकारका जिल्ला स्थित इकाई समेतको लागि खर्च लेखेको छ । यसरी खर्च लेख्दा पालिकाको वजेट खर्चको उपादेयता र उत्पादकत्व नरहने र यसैगरी संघीय तर्फको जिल्लास्थित इकाईहरुको लागि खर्च लेख्दा ति निकायले तालुक कार्यालयको स्वीकृती विना रकम खर्च लेखेकोले यसरी भएको खर्च नियमसम्मत नदेखिएको रु.

भौचर नं र मिति	कार्यालयको नाम	विवरण	भुक्तानी रकम
१४८।८०।६।१०	नेपाल नगरपालिका संघ	नविकरण तथा भगिनि सम्बन्ध विस्तार	१०००००
२५८।८०।६।१९	ॐ वृद्धा आश्रम	वृद्धाको सहयोग	५०००००
२९३।२०८०।६।२३	प्रदेश युवा परिषद	प्रदेश युवा सम्मेलनको ब्याग र टीसर्ट लगायत खरिद	४८२५१०
४१६।८०।६।३०	हेटौडा क्याम्पस	कार्यसञ्चालन अनुदान	२००००००
१३४८।८०।१२।१३	हेटौडा सामुदायिक आँखा अस्पताल	आँखा स्वास्थ्य कार्यक्रम सञ्चालन	१०३८३५५
१४१६।८०।१२।१८	सामना फिल्मस् प्रा.लि.	चलचित्र च्यारिटी सञ्चालनको लागि	२०००००
१६७२।८१।२।९	को.ले नि.का मकवानपुर	जिल्ला प्रसासन कार्यालय समन्वय सहकार्य	५०००००
१८१८।८१।१।२०	काठमाडौं मेडिकल कलेज	MBBS छात्रवृत्ति तथा आर्थिक सहयोग	१००००००
१८१८।८१।१।२०	नेशनल मेडिकल कलेज	MBBS छात्रवृत्ति तथा आर्थिक सहयोग	५०००००
१८१८।८१।१।२०	युनिभर्सल कलेज अफ मेडिकल साइन्स	MBBS छात्रवृत्ति तथा आर्थिक सहयोग	५०००००
१६७३।८१।२।१	श्याम प्रसाद शर्मा स्मृति प्रतिष्ठान	अध्ययन प्रतिष्ठान सहकार्य	५०००००
१८८५।८१।२।२२	हेटौडा अस्पताल	डाइलसिस सेवा	१०२२४४०
१८८८।८१।२।२२	पदम पोखरी अस्पताल	अस्पताल सञ्चालन	४०००००
१८८८।८१।२।२२	हटिया अस्पताल	अस्पताल सञ्चालन	४०००००
२२६५।८१।३।१७	नारायणी यातायात व्यवसायी संघ	एम्बुलेन्स व्यवस्थापन खर्च	४४८०००
२३२१।८१।३।१८	सिद्धार्थ ल क्याम्पस	BALLB सम्बन्धन प्राप्त	८७०९५९
२३६४।८१।३।१९	व्रम्हा कुमारी राजयोग सेवा केन्द्र	पुष्पलाल स्मृति पार्क व्यवस्थापन	७०००००
२४५१।८१।३।२१	हेटौडा सामुदायिक आँखा अस्पताल	फण्डस क्यामरा खरिद	१७०००००
२५०५।८१।३।२३	हेटौडा सामुदायिक आँखा अस्पताल	कार्यक्रम सञ्चालन	२९३७००
२५५९।८१।३।१६	हेटौडा जनप्रिय क्याम्पस	सञ्चालन व्यवस्थापन खर्च	९८६८४६
१४८।८०।६।१०	नेपाल नगरपालिका संघ	नविकरण तथा भगिनि सम्बन्ध विस्तार	१०००००
जम्मा			**१४२४२८१०**

अनियमित भएको	१,४२,४२,८१०

६१ **पर्व उत्सव :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले पर्व उत्सव महोत्सव तथा जात्रा मनाउने कार्यमा खाना खाजा तथा अन्य विल भरपाईका आधारमा मात्र खर्च भएको कार्यक्रम सञ्चालन खर्च भुक्तानी गरेको छ । सरकारी रकमको मितव्ययीता तथा औचित्यतता समेतलाई ध्यानमा राखी उपलब्धी विनाको खर्च रकम भुक्तानीमा सुधार गर्नु पर्दछ । यसका केही उदाहरण निम्नानुसार रहेको छ ।

भौचर नं र मिति	विवरण	खर्च रकम
७४४।८०।८।२४	ज्वलजलपा नेवा पुच	३००००
१०६७।८०।११।३	ब्यापार प्रवर्द्धन एवं प्रर्दशनि कमाने महोत्सव	२९६५००
१३९४।८०।१२।१६	छट पुजा व्यबस्थापन खर्च संयुक्त मधेशी सेवा समाजलाई	५०००००
१६०५।८१।१।१५	सोनम ल्होसार सास्कृतिक कार्यक्रम	२०००००
१४४२।८०।१२।२०	तामाङ संस्कृति महोत्सव २०८० नेपाल तामाङ घेदुङ संघलाई भुक्तानी	५०००००
१९८९।८१।२।२८	विषासय क्षमा पुजा कार्यक्रम	१०००००
१५०२।८०।१२।१८	नेपाल संवत धनधान्य कार्यक्रम	१२००००
१२७७।८०।१२।०६	थारु कल्याणकारी सभा माघी महोत्सव	५०००००
जम्मा		**२२४६५००**

६२ **वडा समिती बैठक भत्ता :**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ मा बागमती प्रदेश दफा ४ मा वडा समितिको वैठकको सदस्यको भत्ता सम्वन्धमा सम्बन्धित वडा समितीका सदस्यले मात्र पाउने व्यवस्था रहेको छ।हेटौडा उपमहानगरपालिका कार्यसञ्चालन निर्देशिका, २०८० अनुसार परिच्छेद २ को बैठक सम्बन्धी ब्यवस्था अन्तर्गत समिति वा उपसमिति वा कार्यदलमा तोकिएको कुल सदस्य बाहेक बढीमा ४ बिषयविज्ञ वा कार्यालयको कर्मचारीले मात्र यस निर्देशिका बमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ भनि उल्लेख गरिएको छ । नमूना परीक्षण गर्दा यस पालिकामा वडा समितीको वैठकमा समिति भन्दा बाहेकका कर्मचारी समेत सहभागी भइ भत्ता बुझेको पाइएकोले नियम सम्मत नदेखिएको रु.

वडा	भौ.नं. र मिती	कर्मचारीको नाम	भुक्तानी रकम
१७	१४३२।८०।१२।१९	कृष्ण प्रसाद दाहाल	९३५०
		विजय खतिवडा	९३५०
		शिक्षा विष्ट	४२५०
		तिलक ग्यावा	५१००
४	१४५९।८०।१२।२५	चन्द्रकला न्यौपाने	१७००
		राधा ढकाल	३४००
		विष्णु माया घलान	८५००
		सुनिल महत	५१००
		संगिता गौतम	५९५०
		निसान्त यादव	८५०
१४	१४६९।८०।१२।२६	जितेन्द्र विष्ट	१०२००
		संजोक गोले	९३५०
		मनोज सापकोटा	६८००
		अन्जना पंगेनी	५९५०
१	१४७६।८०।१२।२७	गंगा राई	५९५०
		दिपक घिमिरे	९३५०
		राधा ढकाल	७६५०
		लक्ष्मी लामा	५१००
		छट्ठु शाह	५१००
		दिनेस खनाल	६८००
९	१६५४।८१।१।३०	मनोज सापकोटा	१०२००
		महेश बोहोरा	८५००
		पवित्रा लामीछाने	१०२००
६	१४९३।८०।१२।२८	उषा अधिकारी	१७०००
		सुरक्षा पहारी	१५३००
		रामशरण आचार्य	१७०००
३	१७६८।८१।२।१३	सन्ध्या न्यौपाने	१५३००
		केदार दाहाल	८५००
		पुजन न्यौपाने	४२५०
		नमूनाकला कौशिक	१५३००

		शुभद्रा ओझा	४२५०
		जगदिश बोहोरा	७६५०
८	१८०५।८१।२।१८	सुरक्षा पहारी	१०२००
		उषा मिश्र	१०२००
		विना अर्याल	१०२००
		जिवन रेग्मी	१०२००
जम्मा			**२७६२५०**

अनियमित भएको	२,७६,२५०

६३ **फिल्ड भत्ता :**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ ७.१.५ खर्चमा मितव्ययीता कायम गर्ने अन्य व्यवस्थाहरू अन्तरगर्त सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महंगी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान गरिने छैन भन्ने व्यवस्था छ । तर पालिकाले उक्त नियममा भएको व्यवस्था विपरीत यस नगरपालिकाले मिति २०७८।३।६ गते कार्यविधिमा व्यवस्था गरी भुक्तानी गरेपनि संघीय व्यवस्थासँग असंगत हुने गरी प्राविधिक २५ जना कर्मचारीको लागि रु.८,५१,७००।- खर्च लेखेकोले उक्त रकम नियम सम्मत नभएको रु.

अनियमित भएको	८,५१,७००

६४ **कोल्ड स्टोर उपयोग**

बागमती प्रदेश कृषि तथा पशुपंक्षी विकास निर्देशनालय र हैटौडा उपमहानगरपालिका बीच लागत साझेदारी व्यहोर्ने गरी हेटौडा उपमहानगरपालिकाले ३० प्रतिशत र कृषि तथा पशुपंक्षी विकास निर्देशनालयले ७० प्रतिशत लागत को सम्झौता गरि २०८१।२।८ मा सम्पन्न गर्ने गरी शूरु सम्झौता मूल्य अभिवृद्धि कर समेत २८ करोड ३६ लाख ६५ हजार ८९३ मा सम्पन्न गर्ने सम्झौता भएकोमा उक्त मिती म्याद थप समेत २०८१।८।८ मा रु ३० करोड ८७ लाख ६२ हजार ७८७ मूल्य अभिबृद्धी कर समेत सम्पन्न हुँदा उपमहानगरपालिकाको तर्फबाट रु ७ करोड ९३ लाख भुक्तानी भएको छ । हाल उक्त भवनको भौतिक पूर्वाधार सम्पन्न भैसकेपछि हस्तान्तरण नभएपनि गरिबी निवारण तथा सहकारी मन्त्रालयले प्रयोग गरेको छ । हेटौडा उपमहानगरपालिकाको ३० प्रतिशत साझेदारीको रु. ७ करोड ९३ लाख समेत गरी ३० करोड ८७ लाख ६२ हजार ७८० खर्च भइसकेपनि कोल्ड स्टोर सञ्चालन हुन नसकेकोले रकमको उद्देश्यमूलक उपयोग हुन सकेको छैन ।

६५ **खेलकुद खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २074 अनुसार दिगो र प्रतिफलयुक्त क्षेत्रमा मात्र साधन स्रोत उपयोग सुनिश्चित हुनुपर्दछ । स्थानीयले खेलकुद सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न पटक पटक विभिन्न संस्थाहरु, क्लव, टोल विकास संस्थाहरु, प्रतिष्ठानहरु र आफैले समेत सञ्चालन गरी प्रत्यक्ष अप्रत्यक्ष रुपमा खेलकुद विकास कार्यक्रम, खेलकुद सामाग्री सहयोग, खरिद तथा संस्थागत सहयोगमा निम्नानुसार रु. १,६०,१२,१९०.९६ खर्च लेखेको छ । अघिल्लो वर्षमा समेत खेलकुद विकास कार्यक्रममा पटक पटक गरी रु १,७०,४६,९१९ खर्च लेखेको पाईयो । खेलकुद विकास कार्यक्रम सञ्चालन गरी त्यसको अपेक्षित उत्पादत्व र प्रभावकारीता के हुने भन्ने अभिलेख र विश्लेषण नभएको, खेलकुदमा भएको लगानीको अपेक्षित नतिजा निर्धारण र प्रभावकारीता मापन नगरी खर्च गरेको छ । पटक पटक गरेको लगानी र खर्च विचको उपादेयता पुष्टि हुने आधार पेश भएन।खेलकुदको लागि साना तिना खरिद, कार्यक्रम सञ्चालन र संरचनागत सञ्चालन गर्न साना र टुक्रे गरी पटक पटक कार्यक्रम मार्फत खर्च लेखेकोले यसरी गरिने लगानी, खर्च र कार्यक्रमबाट अपेक्षित नतिजा र उत्पादकत्व एकिन गर्न सकिने गरी उपादेयता पुष्टि हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

भौ.नं. र मिति	खेलकुद कार्यक्रम	सञ्चालन तथा खरिद गर्ने	रकम
१०४५।८०।१०।२९	हक्की प्रतियोगिता	नेपाल हक्की संघ	४९३३०२
१५७३।८१।१।२७	राष्ट्रपति रनिङ शिल्ड	केशवलाल श्रेष्ठ स्मृति केन्द्रिय प्रतिष्ठान	५४३४८१
८७०।८०।९।२५	उपमेयर कप महिला तथा पुरुष खेलकुद	केशवलाल श्रेष्ठ स्मृति केन्द्रिय प्रतिष्ठान	४४५१८१
८८५।८०।१०।२	क्रिकेट प्रतियोगिता	मकवानपुर क्रिकेट संघ	४०८१४१
८४२।८०।९।२०	बुद्धिचाल प्रतियोगिता	मकवानपुर जिल्ला बुद्धिचाल संघ	४९३२६२
१४११।८०।१२।१८	राष्ट्रिय महिला पुरुष भलिवल प्रतियोगिता	केशवलाल श्रेष्ठ स्मृति केन्द्रिय प्रतिष्ठान मकवानपुर	१९२२१६३
९३०।८०।१०।९	खेलकुद आयोजना र सहभागीता सहकार्य	क्रियटिभ टेकान्डो ऐकेडेमी	८३१९१
१८२७।८१।२।२०	युवा क्लव खेलकुद सामाग्री वितरण	प्रशुभा स्टोर्स एण्ड जनरल अडर सष्लायर्स	९४७१९
२१०७।८१।३।७	रेसुङ्गा युवा क्लव	द गुगल स्पोर्टस वेयर	३५९७१
२१६९।८१।३।१४	संघ सस्थालाई खेलकुद वितरण	नेपाल स्टेशनरी तथा जनरल अर्डर सप्लायर्स हेटौडा	८६९९७
२३४८।८१।३।१९	फुटवल र किपर पन्जा वितरण	एन. एस सप्लार्यस	३९६७९
१८२२।८१।२।२०	मेयरकप फुटवल प्रतियोगिता	लक्ष्मण न्यौपाने	१२६५२७२
१३९७।८०।१२।१६	टोल विकास सस्था खेलकुद समाग्री	सर्वप्रिय इन्टरप्राइजेज	९८२२८
२२१७।८१।३।१५	फुटवल भलिवल र किषरलाई पन्जा वितरण	एन एस सप्लायर्स	९३५४८
१३८५।८०।१२।१५	स्टार्स रम्वी क्लव खेलकुद वितरण	हेटौडा रगर्स रम्वी क्लव	४४१९७८
११६७।८०।११।१५	खेलकुद सामाग्रि वितरण	जेनिसा सप्लायर्स	१९२४४१
१३९८।८०।१२।१६	क्लव संघ सस्थालाई खेलकुद सामाग्रि वितरण	प्रशुभा स्टोर्स एण्ड जनरल अडर सप्लायर्स	९३८२७
१४००।८०।१२।१६	क्लव संघ सस्थालाई खेलकुद सामाग्रि वितरण	प्रशुभा स्टोर्स एण्ड जनरल अडर सप्लायर्स	९३६६०
७३३।८०।८।२१	भेन्ट्रास फुलवल प्रतियोगिता आयोजना तथा सहभागीता सहकार्य	नागस्वोति भेन्ट्रास क्लव	३७७१४०
८७९।८०।९।२६	खेलकुद आयोजना सहभागीता र सहकार्य	नवोवुद्ध टोल विकास संस्था	१७००००
२३१३।८१।३।१८	युवा र चाहाना एफ सि	एन एन सप्लायर्स	८५६७०

८३११८०।९।१८	राष्ट्रपति रनिङ्ग शिल्ड ट्र्याक्टसुट खरिद	केलमी स्टोर्स हेटौडा	९९४०४
१४४८।८०।१२।२०	नगर खेलकुद विकास समितिको सिफारिसमा खेलकुद समितिका ट्र्याकसुट खरिद	यु टु फेन्सी हाउस	६४८९०
१८०६।८१।२।१८	युवा क्लवलाई सामाग्री वितरण	प्रशुभा स्टोर्स एण्ड जनरल अडर सप्लायर्स हेटौडा	८६७४७
२०८१।८१।३।१८	संघ सस्थालाई खेलकुद सामाग्री वितरण	सम्वद्धि सप्लायर्स	९८२३१
जम्मा			**७९०७१२३**

६६ **खेलकुद कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा सरकारी रकम खर्च गर्दा खर्चसँग सम्बन्धित आवश्यक प्रमाण कागजात तथा खर्चको यर्थाथता झल्कने प्रतिवेदन सहितको कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिका स्तर तथा वडा कार्यालय मार्फत विभिन्न प्रकारका खेलकुद कार्यक्रम सञ्चालन गरे बापत रु १६०१७०००। खर्च गरेको देखिएको ।यसरी सञ्चालित अधिकंश कार्यक्रमहरु योजना बिना नै कार्यापालिकाको निर्णय गरी खर्च गरेको देखिएको छ । खेलकुद कार्यक्रम सञ्चालन गर्दा पूर्व निर्धारित योजना र कार्यक्रम तय गरी आवश्यकता र औचित्यको आधारमा सञ्चालन गरी आवश्यक पुष्टाई र प्रमाणका आधारमा खर्च लेख्ने पद्धति अपनाउनुपर्दछ ।

६७ **हाईमास्ट लाईट, सौर्य र सडक वत्ती :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(४) बमोजिम सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेशन, प्राविधिक तथा गुणस्तरयुक्त विशेषता र काम समेत एकिन गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत निम्नानुसार खरिद भएका सडकमा जडित हाईमास्ट लाईट, सौर्य वत्ती तथा अन्य सडक वत्तीको लागी रु.१७,४४,४०० खर्च लेखेकोमा लागत अनुमान तयार गर्दा कोटेशन मात्रै लिएको, अन्य कार्यालयमा प्रयोग दर, विगतमा प्रयोग भएको दर तथा उद्योगवाणिज्यको दर समेत लिई औषतमा लागत अनुमान तयार गर्नुपर्नेमा सो नगरी कोटेशनको मात्रै आधार लिएको उचित देखिएन । यसैगरी हाईमास्ट लाईट (फ्लोड लाईट) खरिद कार्य गर्दा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टाको वारेन्टी हुने र सो अन्य समयमा सामान विग्रिएमा त्यसको मर्मत सम्भार र व्यवस्थापन दायित्व सप्लायर्सको हुने व्यवस्था गरी खरिद कार्य गराउनुपर्नेमा वारेन्टी र मर्मतमा सप्लायर्सालई जिम्मेवार बनाएको देखिएन । लेखापरीक्षणकै क्रममा सडक वत्ती मर्मत बापत भनी १३६।२०८०।०६।२६ बाट सिटी अटो मार्टलाई मर्मत खर्च रु. ४४९५०७ भुक्तानी खर्च लेखेको छ ।कति परिमाणमा कुन वर्ष, कुन प्रकृतिको वत्ती खरिद गरेको हो सो सम्बन्धी वारेन्टीको अवधीमा मर्मत भएको/नभएको एकिन नगरी खर्च लेखेकाले जिम्मेवार व्यक्ति जवाफदेही हुनुपर्दछ । पालिलाले यो वर्ष खरिद भुक्तानी र मर्मत भएका वत्तीहरुको न्यूनतम वारेन्टी र मर्मत दायित्व वेगर खरिद कार्य गरेकाले न्यूनतम वारेन्टी पिरियडमा मालसामान विग्रिएमा खरिद कार्यमा संलग्न व्यक्तिहरु जवाफदेही हुनुपर्दछ । यस सम्बन्धी खरिद कार्यहरु निम्नानुसार छन् ।

भौ.न. र मिति	सप्लायर्स	प्रकृया/कार्य	वारेन्टी	रकम
१२६।२०८०।०६।२४	आई.टि.बेल प्रा.लि.	कोटेशन/सडक वत्ती	नभएको	९११२९९
१२२।२०८०।०६।२३	महालक्ष्मी इलेक्टिकल्स	सोझै खरिद	नभएको	२८९०००
१३६।२०८०।०६।२६	सिटी अटोमार्ट	सडक बत्ती मर्मत	नभएको	४४९५०७
२०४।२०८०।१०।१८	पुडासैनी हार्डवयर	सडक वत्ती(वैकल्पिक उर्जा)	नभएको	२६७९८६
२१३।२०८०।१०।२५	सुविज्ञ इलेक्ट्रोनिक्स	हाईमास्ट(फ्लोड)	नभएको	४०५८९६

६८ **कार्यसम्पन्न प्रतिवेदन पेशः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४७,९६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **९९१,६७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४१९,५७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४९२,३८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **७६,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६९ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९३,३७,२६,२४८।८० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

७० **परामर्स तथा डीपीआर खर्च :**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	अघिल्लो वर्ष खर्च	यो वर्ष खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
	आकाशधारा सडक स्तरीकरण डि.पि.आर. तथा आई.ई.ई. तयारी	१४७६३१०.११	७३८१५५	७३८१५५	४१५०५२८८३

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । साथै उक्त प्रतिवेदन अभिलेखको रुपमा लेखांकन हुनुपर्दछ ।

७१ **खरिद तौरतरिकाः**

सार्वजनिक खरिद ऐन २०६३ ले प्रतिस्पर्धी र मितव्ययी खरिद प्रकृया मार्फत कार्य सञ्चालन गर्ने गरी दफा ८ मा खरिदको विधि उल्लेख गरेको छ । दफा ९ अनुसार खरिद कार्य गर्दा सम्भव भएसम्म वोलपत्र प्रकृया आव्हान गरी खरिद व्यवस्थापन गर्ने उल्लेख छ । यो वर्ष हेटौडा उपमहानगरपालिकाले सञ्चालन गरेको कुल पूँजीगत खर्च ९३ करोड ३७ लाख २६ हजार मध्ये ठेक्काबाट औषतमा १३ प्रतिशत अर्थात करिब १२ करोड मात्रै खर्च गरेको छ । यसै गरी खरिदको बाँकी कार्य रु ८१ करोड ३७ लाखको उपभोक्ताबाट खर्च

गरेको देखिएको छ । कार्यालयले गरेको खरिद प्रणाली अनुसार ठेक्काबाट औषतमा २२ प्रतिशत सम्म न्यूनमा कार्य भएको छ । उपभोक्ताबाट सञ्चालित कार्यहरुमा ५ लाख देखि १ करोड भित्रका सडक, कल्भर्ट, सिंचाई, खेलकुद मैदान, मठ, मन्दिर आदि रहेका छन् । उपभोक्ताबाट सञ्चालित योजनाहरु साना साना टुक्रे र व्यवस्थापन गर्न कठिन र सञ्चालन लागत बढ्ने किसिमको करिब ४०० वटा योजना यो बर्ष सञ्चालित छन् । यस्ता योजनाको औपचारिक माग र निवेदन समेत आउने गरेको छैन । कार्यपालिकाले बजेट तयार गरी पालिका र वडागत सञ्चालन गर्नेगरी यस्ता योजना राखेको देखिन्छ । उप-महानगरलाई दिर्घकालिन रुपमा दिगो र आम्दानी बढाउने, उत्पादकत्व बढाउने किसीमका योजना छनौट निर्माण हुनु जरूरी देखिन्छ । आवश्यकता र औचित्यको आधारमा केही आवश्यक छनौटपुर्ण योजनाहरु मात्रै उपभोक्ताबाट सञ्चालन गरी बाँकी योजना प्रतिस्पर्धी खरिद प्रकृयाबाट सञ्चालन गर्न उपयुक्त र व्यवहारिक र मितव्ययी हुने देखियो । यो बर्ष मात्रै भएको पूँजीगत खर्च मध्ये ठेक्काबाट भएको प्रतिस्पर्धाको अनुपात विश्लेषण गर्दा ८१ करोड ३७ लाखको उपभोक्ताबाट भएको खर्च ठेक्का प्रणाली मार्फत गर्दा १७ करोड ९० लाखमा न्यून भई सार्वजनिक निकायलाई मितव्ययी र प्रतिस्पर्धी काम गर्ने स्थिती हुन्थ्यो । यसको अतिरिक्त आफ्नो दक्षता र सीप नभएको क्षेत्र जस्तै हाईमास्ट लाईट (टावरलाईट), भवन निर्माण, पार्क निर्माण जस्ता कार्यमा समेत उपभोक्ताले कार्य गरेको छ। उपमहानगरपालिकाबाट हुने कार्यहरुको दिगोपना र त्रुटी सच्याउने अवधिमा हुने जोखिमलाई समेत जिम्मेवारी र जवाफदेहीतामा ल्याउन नसकिएको स्थिती छ । तथापी जति सुकै प्राविधिक र दक्षता आवश्यक पर्ने कार्यमा समेत उपभोक्ता मार्फत गराउने स्थिती समेत देखियो । खरिद गर्ने यस किसीमको कार्य प्रणालीमा उपमहानगरपालिकाले पुर्नविचार गरी सकभर खुला बोलपत्र मार्फत प्रतिस्पर्धी प्रणाली अपनाउदा कार्य गराएको वढी मितव्ययी, व्यवस्थित र कार्यक्रमको प्रभावकारीतामा दिघो हुने देखिन्छ ।

७२ **म्याद थप :**

सार्वजनिक खरिद नियमावली, २०६4 को नियम 1२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भरमग्दुर प्रयास गरे नगरेको, काबु बाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

ठेक्का नं	ठेक्काको विवरण	सम्झौता मिति	सम्झौतारकम	सम्पन्नगर्नुपर्ने मिति	हाल सम्मको भुक्तानी	म्याद थप अबधि	सुरु अबधिको म्याद थप प्रतिशत
HMUN/WORKS/ ०५/०७७/७८	नगर विकास रोड हुदै पूर्व भैरवरोड जाने सडक पेटी निर्माण, हेटौंडा-०4	२०८१/३/२	२९२७५४२.६०	२०८१/७/२	भुक्तानी नभएको	२०८१/९/२९	७० प्रतिशत

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका ८ ठेक्का सम्झौतामध्ये ठेक्काको शुरु अवधिको पचास प्रतिशत अवधिभन्दा बढी म्याद थप भएका १ ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

७३ **मेशिन प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गो. भौ. नं./ मिति	योजनाको नाम	सम्झौता रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
१६।२०८०।०५।२४	बुढीकर्राफाँट देखि चुच्चे खोला फाँट बाटो हेटौडा – १७	१२५०४३७	डोजर, एक्साभेटर	८००००
६५।२०८०।०६।११	वडा नं ९ बहुउदेश्यीय सामूदायिक भवन निर्माण	४४४५८७५	डोजर, एक्साभेटर	१५००००
१००।२०८०।०६।१८	पुल्चोक स्लाब ढलान तथा नाला निर्माण	१६२५२१४	रोटामिटर, डोजर	३००००
१२५।२०८०।०६।२४	ठूलो गंगटे-खहरे नियन्त्रण उ.स.	१३०००००	एक्साभेटर	२५०००
१२७।२०८०।०६।२५	तल्लो पत्केरी चौरदेखि सुवेदी टोल हुँदै ढ्वाङ्ग बाटो	५३३२२६	एक्साभेटर	१८०००
१४०।२०८०।०६।२९	नवज्योती खेलमैदान मिनी रङ्गशाला उ.स.	१६०००००	एक्साभेटर	२५०००
२१०।२०८०।१०।२४	बनदेवी हेटौडा शिखरकोट सडक	४९३००००	एक्साभेटर	६००००
२५८।२०८०।११।०६	विशालपथ सडक स्तरोन्नती	१४०००००	एक्साभेटर	३००००
२८१।२०८०।१२।०४	वडा नं १, फेदी गाँउ देखि घट्टेखोला हुँदै वडा नं १९ जोड्ने सडक	४९२२०००	एक्साभेटर	७६००००
२८६।२०८०।१२।२६	वौराटार कृषी सडक स्तरीकरण, हेटौडा ३	२९३७२२१	एक्साभेटर	३५०००
जम्मा				**१२,१३,०००**

७४ **विमा नगरेकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) अनुसार रु. २० लाख भन्दा बढी मूल्यको निर्माण कार्यमा उपभोक्ता समितिबाट सञ्चालन गर्दा निर्माण/खरिद कार्यको बीमा गराउनुपर्ने व्यवस्था छ । यस उपमहानगरपालिकाले सार्वजनिक निर्माणको सडक ढलान, तटवन्ध नियन्त्रण, भवन निर्माण लगायतका कार्यहरू उपभोक्ता समितिबाट गराएकोमा बीमा गराएको छैन । कानुनी व्यवस्थाको पालना गर्ने गरी उपभोक्ता समिति सँग सम्झौता हुनुपूर्व अनिवार्य बीमा गर्ने व्यवस्थआ हुनुपर्दछ । यस सम्बन्धी उदाहरणहरु निम्न रहेका छन् ।

उपभोक्ता समितिको नाम	खरिद कार्य	सम्झौता रकम
चौर व्यवस्थापन तथा फुटसल उ.स.	फुटशल, चौर व्यवस्थापन	२३३९२०८
बनदेवी – हेटौडा शिखरकोट सडक स्तरोन्नती उ.स.	सडक निर्माण	४९०००००
सानो कुनौली बाटो स्तरीकरण	बाटो निर्माण	३९२००००
वडा नं १, फेदी गाँउ देखि घट्टेखोला हुँदै वडा नं १९ जोड्ने सडक उ.स.	सडक निर्माण	४९२२८२१
पन्धखोला हुँदै कालिका मा.वि. बाँसवारी जाने सडकको मेशिनरीवाल	पर्खाल निर्माण	२९४००००
वौराटार कृषी सडक स्तरीकरण, हेटौडा३	कृषी सडक	३६७५९८८
नेगीटोल-मयुरछाप पेटी तटबन्धन	नदि नियन्त्रण	३३३५८८०
बनेलछाप जाने कजवेबाट उत्तर तर्फ मयूरधाम पट्टी तटबन्धन उ.स.	नदि नियन्त्रण	३३३४७२१
बासुदेवमार्ग ढलपेटी सडक निर्माण उ.स.	सडक	४९००६७२
मयूरधाम व्याडमिन्टन हल निर्माण उ.स.	खेलकुद कार्यक्रम	३४७१७२०
शेरशेर कुवापानी बाटो स्तरीकरण उ.स.	सडक निर्माण	६१२५२३९
बनदेवी शिखरकोट सडक स्तरोन्नती उ.स.	सडक निर्माण	४०६२८८६

७५ **ईट्टा प्रयोग**

शहरी विकास तथा भवन विभागले जारी गरेको सार्वजनिक निर्माण र खरिद सम्बन्धी नम्सको भवन निर्माण गर्दा प्रयोग हुने इट्टा प्राविधिकले आवश्यकता र साइज अनुसार नापँजाचँ गरी प्रयोग गर्न सक्ने उल्लेख गरेको छ । यस उपमहानगरपालिका अन्तर्गत निर्माण सम्पन्न भएका भवन, वाल, सोलिङ्ग, मन्दीर, विद्यालय अन्तर्गतका संरचनाहरुमा साइजको आधारमा इट्टा प्रयोग नगरी इट्टा सख्या ५६० प्रयोग गरेको छ । हेटौँडा उपमहानगरपालिका भित्र उपलब्ध भएको तराईमा उत्पादित भएको र यसको साइज मोटरी सहित (२४५*१२५*६७) रहेको छ। महानगरपालिका र वडा कार्यालय समेतले खपत गरेको इट्टा सङख्या ६३७००० भएको विवरण पेश भएको छ। जुन ११३७ घन मि. हुन आउछ । तराईको इट्टाको साइजको आधारमा मोर्टार सहित ४८७(०.२४५*१२५*०.६७) प्रयोग हुदाँ प्रति घ.मी. ४८७ संख्याको इट्टाको प्रयोग गर्नुपर्नेमा ५६० प्रति घ. मी. खर्च लेखि प्रति घ. मी. ७३ इट्टा बढी प्रयोग गरेको छ । यसरी कुल इट्टा प्रयोगको स्थितिमा ३५५५१ बढी इट्टा प्रयोग हुदाँ प्रतिइट्टा १७।४० को दरले बढी भएको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	६,१८,६५८

७६ **जटिल संरचना निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड ट्याङ्की निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । सार्वजनिक खरिद नियमावली विपरित कार्य गर्नु हुँदैन । यस्तो कार्य गर्ने जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गो. भौ नं./ मिति	उपभोक्ता समितिको नाम	भुक्तानी रकम
२२।२०८०।५।२५	बुद्ध मन्दिर निर्माण उ.स.	१३३३००१
२१।२०८०।५।२५	सद्गुरू शिव शक्तिश्वर वावा भवन	१४१८०००
६५।२०८०।६।११	वडा नं ९ मा बहुउदेश्यीय सामूदायिक भवन	४४४५८७५.६१
६८।२०८०।६।१२	चिप्लेटी स्वास्थ्य भवन निर्माण	९४७८४३
७३।२०८०।६।१४	भैरव मन्दिर निर्माण उ.स.	४९९५१४
७७।२०८०।६।१५	जगत मा.वि.भवन उ.स.	१३३४८६९
३३६।२०८१।२।२०	वालज्योति मा.वि. उ.स.	३२६८३६०
४३६।२०८१।३।१९	प्रगति स्कुलको भवन निर्माण ९	२२६६१४८

७७ **उपभोक्ता समितिबाट सीमा नघाएर सम्झौता:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउँदा १ करोड रुपैयाँसम्मको कार्यमा मात्रै कार्य सम्झौता गर्नुपर्ने व्यवस्था छ । सोही नियमको (४) मा यस्तो रकममा उपभोक्ताको अंश, मूल्यअभिवृद्धि कर, कन्टिन्जेन्सी तथा फिजिकल कन्टिन्जेन्सीको रकम ओभरहेड समेत समावेश हुने व्यवस्था छ । उपमहानगरपालिकाले डम्पिङ्ग साइट पूर्वाधार निर्माण उ.स. निर्माण गर्दा कार्यालयको तर्फबाट भुक्तानी गर्ने रकम ७५,००,००० भएकोमा त्यसमा कन्टिन्जेन्सी, १० प्रतिशत जनसहभागीता, ओभरहेड १५ प्रतिशत, मु.अ.कर १३ प्रतिशत समेत समावेश हुँदा जम्मा लागत रु.१,०६,००,०००।- हुने भएकाले यसरी भएको खरिद कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,०६,००,०००

७८ **बढी भुक्तानी :**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **६०,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७९ **निर्माण स्थलको व्यवस्था वेगर निर्माण कार्य:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) अनुसार सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नुपर्नेमा सो को लागि बजेटको सुनिश्चितता नगरी खरिद कार्य गर्नुहुदैन भन्ने व्यवस्था छ । यस उपमहानगरपालिका अन्तर्गत विभिन्न पार्क, खेलकुद मैदान, मन्दिर लगायतका निम्नानुसारका निर्माण कार्य गर्दा जग्गाको सुनिश्चितता बेगर कार्य गरी निर्माण/खरिद प्रकृया शुरु गरेको छ । यसरी पूर्वाधार बेगर खरिद प्रकृया अपनाउदा जग्गाको स्वामित्वको विषयमा विवाद उत्पन्न हुने, सरकारी पर्ति जग्गा भएपनि पर्यावरणीय कारण नजिकको बासिन्दाको विरोध रहेको कारण खरिद अवरुद्ध भई लगानीको अपव्यय हुने, यसैगरी वडागत अन्तर सिमागत विवाद सिर्जना भई निर्माणमा अवरोध हुने सम्भावना रहन्छ ।लेखापरिक्षणका क्रममा सोधपुछ गर्दा यस उपमहानगरपालिमा विगतमा भएका निर्माण/खरिदका कार्यमा समेत विवाद भई कार्य अवरुद्ध भएको जवाफ प्राप्त भयो । यो वर्ष समेत उपमहानगरपालिले निर्माण सम्बन्धी जग्गा सहमति सुनिश्चितता नगरी लालपूर्जा विनाको सरकारी जग्गामा मालपोत, नापीको पूर्व सहमति बेगर र निर्माण कार्य गरेको देखियो । सरकारी रकम कलमको लगानी गर्दा विवाद सिर्जना नहुने सुनिश्चितता गरी निर्माण कार्यको उपादेयता सिर्जना हुन सक्ने किसिमले गर्नुपर्दछ । यसरी खरिद गरिने प्रकृया प्रत्येक वर्ष निरन्तर रहेकाले आवश्यक नियन्त्रण गरी जग्गाको सुनिश्चितताको नभई खरिद कार्य शुरु गर्नु हुदैन । यस सम्बन्धी उदाहरण निम्न छन् ।

खरिद कार्य	**सम्झौता**	**भुक्तानी रकम**
पदमपोखरी रङ्गशाला निर्माण उ.स.	२५०००००	२०७६८२८
वडा नं ९ मा बहुउदेश्यीय सामूदायिक भवन	४४४५८७५	३६४२०००
चिप्लेटी स्वास्थ्य संस्था निर्माण उ.स.	९४७८४३	९३३५८८
भैरव मन्दिर निर्माण उ.स.	४९९५१४	४९१४२२
चौर व्यवस्थापन तया फुटशल व्यवस्थापन उ.स. वडा नं ६	२३३९१०८	२३०५५५७
बिन्ध्यावासिनी सामूदायिक भवन निर्माण उ.स.	१८९३२११	१६०२७८५
नवज्योती खेलमैदान मिनि रङ्गशाला उ.स.	१७८३९७५	१४६५५००
फुटवाल निर्माण उ.स.	६४३३८३	६२०१११
जेष्ठ नागरिक सेवा भवन – १०	९१७०००	८८४०००
हरितपार्क निर्माण उ.स.	७९८९१९	७८७८०९
नवज्योती खेलमैदान मिनी रङ्गशाला उ.स.	१४९२०५२	१४६५५००
कबडहल पुन निर्माण उ.स.-४	५९८९५२४	५४८००००
चाइना वाटिका पार्क उ.स.	२७२२३४४	२२७७७७१
मयूरधाम व्याडमिन्टन हल उ.स.	३२७०८१२	२८९६९७३

८० **प्रतिस्पर्धा बाहिरबाट खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा प्रतिस्पर्धालाई सिमित गर्न नहुने व्यवस्था छ। यसैगरी सार्वजनिक खरिद ऐनको दफा ३१ बमोजिम २० लाख भन्दा बढीको मालसामान खरिद गर्दा सिलवन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने व्यवस्था छ । यस उपमहानगरपालिका

अन्तर्गत निम्नानुसार खरिद कार्य सम्पादन गर्दा बोलपत्रको खरिद कार्य सम्पादन गर्दा बोलपत्रको माध्यमबाट खरिद गरेको छ । बार्षिक खरिद योजना बमोजिम खरिद प्रकृयालाई व्यवस्थित गरी वार्षिक खरिद आकलनको आधारमा मिलेसम्म प्रतिस्पर्धाको माध्यमबाट मितव्ययी खरिद प्रकृया अपनाउनुपर्नेमा सो प्रकृया पुरा नगरेकोले सानो खरिदको प्याकेज बनाई शुरुमा सिलवन्दी दरभाउपत्रबाट खरिद गरी पुन: ठुलो परिमाणमा सोही प्रकृतिको खरिद कार्य पटक पटक टुक्रा गरी निम्नानुसार खरिद गरेको छ ।

सामानको नाम	**लागत**	**शुरुमा सिलवन्दी दरभाउपत्रबाट सम्झौता**	**भुक्तानी फर्म**	**सोझै खरिद**
कम्पुटर प्रिन्टर लगायत	१४६६१७५	८८७३३६	एम.एस.धारा विजुली प्रा.ली.	४४२८९९
कार्यालय सामान	१६७५७५०	१२६५६००	एम.एस.एल.वि. मल्टिपप्रोज कम्पनी प्रा.ली	५३९५४८७
फर्निचर	१६१७०००	१२९२७००	एम.ए.स./एल.वी. मल्टीप्रपोर्ज कम्पनी प्रा.ली.	५०४८५४४

वार्षिक रुपमा खरिद हुने सामानहरुको खरिद इकाइले पूर्व आँकलन गरी खरिद योजना बनाउने र प्रतिस्पर्धा र मितव्ययीता कायम गर्न बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने देखियो ।

८१ **ढुवानी खर्च:**

उपमहानगरपालिकाको विभिन्न सडक, तटबन्ध लगायतको संरचना निर्माणको खर्च लेखेकोमा विभिन्न उपभोक्ता समितिहरुलाई ढुवानी वापतको रकम समेत भुक्तानी गरेको छ । उपमहानगरपालिकाले तयार पारेको स्वीकृत दररेटमा ढुवानी रकम संलग्न छैन भने स्थानीय रुपमा उपलब्ध हुने मालसामान रहेको र स्वीकृत लागत अनुमान र सम्झौतामा समेत ढुवानीको (Querry Site) श्रोत विन्दु उल्लेख नभएबाट उपभोक्ता समितिलाई थप गरी भुक्तानी गरेको ढुवानी वापतको रकम आयोजनाको समितिको सदस्यबाट असुल उपर गर्नुपर्ने रु.

भौ.न. र मिति	**योजना तथा कार्यक्रम**	**ढुवानी रकम**
२१०।२०८०।१०।२४	वनदेव-हेटौडा शिखरकोट सडक स्तरोन्नती	१९९८२७
२४१।२०८०।११।१३	बासुदेव कुवापानी बाटो स्तरीकरण उ.स.	२२०८४२
२५१।२०८०।१२।०४	वडा नं १ फेदी गाँउदेखी घट्टेखोला हुँदै वडा जोड्ने सडक उ.स.	१५६०००
३७७।२०८१।०३।०६	शेरशेर कुवापानी बाटो स्तरीकरण उ.स.	४२८३५७
जम्मा		१०,०५,०२६

असुल गर्नुपर्ने	१०,०५,०२६

८२ **परामर्श सेवा:**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

भौ.न. र मिति	कार्य	भुक्तानी फर्म	रकम
१३५।२०८०।०६।२६	मध्यकालिन खर्च संरचना र आवधिक योजना तयारी	पिकासो इकोकोड(सिआईएस/जे.भी.	१२९७८३४
२६३।२०८०।१२।१६	क्याम्पडाँडा कमाने सडक निर्माण	इम्पेरिकल इन्जिनियरिङ्ग कन्सलटेन्सी	३४९४९९
४३७।२०८१।०८।१९	ज्ञानपार्क स्थापनाको लागि परामर्श सेवा खरिद	बौद्धिक अनुसन्धान तथा परामर्श केन्द्र	३९६०६५
जम्मा			२०४३३९८

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. र परामर्श लिएर प्रतिवेदन तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

८३ **Cross-section बेगर ग्रावेल कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) अनुसार निर्माण कार्य वा खरिद पूर्व स्पेशिफिकेशन, नस्सा डिजाईनको आधार एकिन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका अन्तर्गत सडक निर्माण, ढलान र ग्रावेल कार्य गर्दा Cross- section तयार नगरी कार्य गरेको छ । ग्रावेल गर्नुपूर्वको सडकको खाल्टा खुल्टी ग्रावेल गर्दै गर्दाको स्थितीको र ग्रावेल गरेपछिको फोटो संकलन छैन । प्राविधिकले नापी किताबमा चढाएको र लागतमा स्वीकृत गराएको परिमाणलाई नै आधार मान्नुपर्ने देखियो । सडकको ग्रावेल गर्नुपूर्व सतहमा कति कति परिमाणमा कति मिटरमा ग्रावेल विच्छाउने भनी Cross- section गरी प्रमाणित नगरी कार्य गरेकाले सडकमा विच्छाउने ग्रावेको उचाई/मोटाई र खर्च लेखेको रकम सही हो भन्ने आधार देखिदैन । तसर्थ सडक सतहको निश्चित दुरीको आधारमा उचाईको लेभलिङ गरी कार्य गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार रहेका छन् ।

सडक योजना	ग्राबेल परिमाण	रकम
वस्तीपूर-कुवापानी वाटो स्तरीकरण उ.स.	२४६ घ.मी.	३५३०१०
बुढीकर्रा फाँटदेखि चुच्चेखोला फाँट वाटो	५५४ घ.मी.	७९४९९०
कृषी सडक तथा झोलुङ्गे पुल उ.स. हर्नामाँडी सडक	१२८५ घ.मी.	१८४३९७५
तल्लो पत्केरी चौरदेखि सुवेदी टोल हुँदै ढ्वाङ्ग वाटो	३६७ घ.मी.	५२६६४५
बौराटार कृषी सडक स्तरीकरण	२११ घ.मी.	३०४८९५
वडास्तरीय ग्राबेल तथा सडक स्तरीकरण	८१२ घ.मी.	११६५२२०
जम्मा		४९८८७३५

८४ **जियो इन्जिनियरिङ्गको खर्चः**

सार्वजनिक खरिद ऐन, २०६३ अनुसार खरिद प्रकृयालाई बढी मितव्ययी, पारदर्शी, व्यवस्थित र प्रतिस्पर्धी बनाउनुपर्दछ । यस पालिकाका अन्तर्गतका उपभोक्ता समितिबाट र निर्माण व्यवसायीबाट सञ्चालित सम्पूर्ण ढलान, कालोपत्रे लगायतको खरिद कार्यहरूको जियो इन्जिनियरिङ्ग संस्थाबाट क्युब टेष्ट लगायतको गुणस्तर परिक्षण गरी खरिदको गुणस्तर सुनिश्चित गर्ने गरेको देखियो । पालिकाबाट सम्पन्न भएका समेत र १९ वटा वडाबाट सञ्चालित खरिद कार्यमा रु ६५ लाख३३ हजार उक्त संस्थालाई गुणस्तर परिक्षणबापत भुक्तानी गरेको पाइयो । लेखापरीक्षणको क्रममा सोधपुछ गर्दा यो वर्ष गुणस्तर परिक्षण गरेका खरिद योजना मध्ये कसैको पनि गुणस्तर कमजोर नतिजा आएको देखिएन । गुणस्तर परीक्षण गर्ने साइटबाट कोर कटिङ्ग गरी परीक्षण गर्ने संस्थाको कार्यालयमा लगि क्युव टेस्ट गर्ने गरेको देखियो । ढलान, स्लाव लगायतको यसरी गुणस्तर परीक्षणको कार्य हुँदा एउटै सस्थालाई पटक पटक एउटै वडामा गुणस्तर परीक्षण गर्दा खरिदको गुणस्तर प्रभावित हुने, नियन्त्रण प्रणालीको अभावमा कमजोर कार्यको पनि गुणस्तर पास हुने जोखिम देखियो । अर्कोतर्फ

पालिकाले गुणस्तर परीक्षण मेशिन खरिद गर्दा सोही प्रकृतिको मेसिनको जम्मा मूल्य ५ देखि ६ लाख मात्रै पर्ने देखिन्छ । तसर्थ गुणस्तर प्रणालीमा आन्तरिक नियन्त्रण कायम गर्न १९ वटै वडाको गुणस्तर परीक्षण गर्न पालिकाले नै मेशिन खरिद गरी आफ्नै जनशक्तिबाट कार्य गराउदा वडाको खरिद कार्यको गुणस्तर कायम हुन जाने र खरिदमा मितव्ययीता कायम हुने देखिन्छ ।यसैगरी पालिकाको खरिद कार्यको गुणस्तरको सुनिश्चित गर्न अन्य तेश्रो संस्थाबाट गराउदा आन्तरिक नियन्त्रणको हिसावले प्रभावकारी र उपयुक्त देखिने र पालिकाबाट गुणस्तर परीक्षण गर्न एउटै संस्थालाई लाखौ खर्चिने बाध्यताको अन्त्य हुने भएकोले मितव्ययी, गुणस्तरीय कार्य प्रणालीमा जोड दिनुपर्दछ ।

८५ **मेशिन प्रयोग :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिष्ट्रिब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नपाइने व्यवस्था छ । यस वर्ष उपभोक्ता समितिबाट सम्पन्न योजनाहरुमा मेशिन प्रयोग गरेको पाइयो । यस सम्बन्धी केही उदाहरण निम्नानुसार रहेका छन् ।

क्र.सं.	समितिको नाम	सम्झौता	मेशिन
१	सुर्कोरामा सडक स्तरउन्नती उ.स.	४९०३५७६	४९५०००
२	शेरशेर कुवापानी स्तरीकरण उ.स.	६१२५२३९	७५००००
३	बनदेवि शिखरकोट सडक	४०६२८६६	२७९१३५
४	बासुदेव मार्ग ढलपेटी सडक निर्माण	४९०१६७२	१६९०००
५	बोराटार कृषि सडक स्तरीकरण	३६७५९८८	२३५०००
६	वडा न.१ देखि फेदी गाउँसम्म सडक	४९२२८१२	७६०१९४
७	हरित पार्क निर्माण उ.स.	७९८९१९	१०३४०५
८	सडक विस्तार मर्मत वेसिन	७७५०००	११००००
९	बुद्धमन्दिर निर्माण उ.स.	१३३५००	१२५०००

८६ **कन्टिन्जेन्सी खर्च :**

- निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्यसार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा सो गरेको पाइएन । योजना अनुसार प्याकेज बनाई कन्टिन्जेन्सी रकम नापी किताबमा राख्नुपर्छ । पालिकाले पेश गरेको विवरणमा कति बजेट खर्च भयो, कति कन्टिन्जेन्सी वापत प्राप्त हुनुपर्ने, भन्ने प्रष्ट नगरी एकमुष्ट पेश गरेको छ । खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले निर्माण कार्यको प्रत्येक योजनाबाट २ प्रतिशत रकम कट्टा गरी कन्टिन्जेन्सी रु.३२ लाख ६५ खर्च भएको विवरण पेश गरेपनि आयोजनागत रुपमा कुन आयोजनाबाट कति कट्टा भएको हो भन्ने आधार पेश भएको छैन ।
- सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा सो गरेको पाइएन । योजना अनुसार प्याकेज बनाई कन्टिन्जेन्सी रकम नापी किताबमा राख्नुपर्छ । पालिकाले पेश गरेको विवरणमा कति बजेट खर्च भयो, कति कन्टिन्जेन्सी वापत प्राप्त हुनुपर्ने, भन्ने प्रष्ट नगरी एकमुष्ट पेश गरेको छ ।
- कन्टिन्जेन्सी खर्चको विवरणमा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना र अन्य खर्च २ प्रतिशत गरी खर्च गर्न सक्ने व्यवस्था भएपनि रु.३२ लाख ६५ हजार खर्च लेखेको एकमुष्ट विवरण पेश भएको छ । निर्माण कार्यमा खर्च गरेको कन्टिन्जेन्सी

रकमको आधारमा कुन कुन योजना सञ्चालन भएको भन्ने स्पष्ट विवरण पेश हुन आएन । साथै कुन शिर्षकमा कति खर्च भयो भन्ने स्पष्ट हुन सकेन । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकमलाई व्यवस्थित गर्ने निर्देशिका अनुसार सानातिना खर्च छुट्टाएर मात्रै कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

८७ **शिक्षा तर्फः**

८७.१ दिवा खाजा : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयहरुले पेश गरेको विद्यार्थीको उपस्थितिको विवरणको आधारमा विभिन्न भौ.नं.बाट ७३ वटा सामुदायिक विद्यालयको खातामा रु.२,९८,२८,९४०।- निकासा गरेको छ । दिवा खाजा खर्च लेख्दा अनुगमन गरी त्रैमासिक रुपमा विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाको आधारमा निकासा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

८७.२ **विद्यालय सुपरिवेक्षण तथा अनुगमन :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.३०२ मा स्थानीय तहले विद्यालय सुपरीवेक्षण र शिक्षकको पेशागत सहयोगलाई प्रभाकारी बनाउन अनुगमन योजना बनाउने, विषयगत विषयगत समिति तथा विषय विज्ञ रहेको रोष्टर निर्माण गर्ने, सबै विद्यालयमा ३ महिनामा कम्तिमा १ पटक सुपरीवेक्षण गरी पेशागत सहयोगका लागि कक्षा अवलोकन, पृष्ठपोषण आदान प्रदान, नमुना पाठ प्रदर्शन, छोटो अवधिका मागमा आधारित तालीम सञ्चालन एवं शैक्षिक समस्या समाधानका लागि परिचालन गर्ने व्यवस्था छ । साथै सो कार्यमा संलग्न हुनेहरुले सो कार्यको प्रतिवेदन स्थानीय तहमा पेश भए पश्चात नियमानुसार पाउने दैनिक तथा भ्रमण भत्ता, यातायात खर्च तथा खाना खाजा खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले भौ.नं. ४८८।०८१।३।२३ बाट विभिन्न विद्यालयहरुको सुपरीवेक्षण तथा अनुगमन गरेको भनि दैनिक रु.१,०००।- दरले रु.१,२७,०००।- भुक्तानी गरेको छ । पालिकाले ३ महिनामा १ पटक सुपरिवेक्षण तथा अनुगमन गरी पेशागत सहयोगका लागि कक्षा अवलोकन, पृष्ठपोषण आदान प्रदान, नमुना पाठ प्रदर्शन, छोटो अवधिका मागमा आधारित तालीम सञ्चालन एवं शैक्षिक समस्या समाधानका लागि परिचालन गर्ने, रोष्टरमध्येबाट १ जनालाई मेन्टरको रुपमा परिचालन गर्नुपर्नेमा निर्देशिका बमोजिम कार्य गरेको देखिएन । पुस्तिका बमोजिम कार्य गरी रकम भुक्तानी गर्नुपर्नेमा कर्मचारीहरुले विद्यालयहरुको विभिन्न मितिमा अनुगमन पश्चात भ्रमण प्रतिवेदन पेश गरी अनुगमन भत्ता भुक्तानी गरेकोले पुस्तिका विपरित रकम अनियमित देखिएको रु.

अनियमित भएको	१,२७,०००

८७.३ **प्रति विद्यार्थी लागतः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा IEMIS को आधारमा विद्यार्थी संख्या एकिन गरी प्रत्येक सामुदायकि विद्यालयको बालविकास कक्षामा अध्यनरत प्रति विद्यार्थी रु.५००।-, कक्षा १ प्रोटफोलियो समेत रु.१००।-, आधारभुत तह(कक्षा १-५) मा अध्यनरत प्रति विद्यार्थी रु.१५०।-, आधारभुत तह(कक्षा ६-८) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।-, माध्यमिक तह(कक्षा ९-१०) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।- र माध्यमिक तह(कक्षा ११-१२) मा अध्यनरत प्रति विद्यार्थी रु.२५०।- का दरले शिक्षण सिकाई सामाग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापन बापत रकम निकासा दिने व्यवस्था छ । पालिकाले भौ.नं. १८३।२०८०।११।१४ बाट रु.७०,२०,२५०।- निकासा गरेकोमा निम्नानुसार विद्यालयहरुलाई इमिसको विद्यार्थी संख्या भन्दा बढी रु.६७,९००।- भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	भुक्तानी रकम	इमिस अनुसार रकम	बढी रकम
१	भुटनदेवी मा.वि.	४६३०००	४४७१५०	१५८५०
२	त्रिभुवन मा.वि. नवलपुर	१७३५००	१४४१००	२९४००
३	नवज्योति मा.वि.	६५२००	६१८५०	३३५०
४	कृष्ण आ.वि.	७६५००	७३५००	३०००
५	अरनिको आ.वि.	७६४५०	६०१५०	१६३००
जम्माः		**८५४६५०**	**७८६७५०**	**६७९००**

असुल गर्नुपर्ने	६७,९००

८७.४ **कर :** आयकर ऐन, २०५८ को दफा ८८ मा पटके आम्दानिमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ४६०।२०८१।३।२१ बाट चन्द्रोदय माविलाई प्रअ र शिक्षकका लागि प्रोत्साहन अनुदान अन्तर्गत अतिरिक्त कक्षा शिक्षण गरेको भनि निम्नानुसार शिक्षकहरुलाई रु.२ लाख ४ हजार भुक्तानी गरेकोमा १५ प्रतिशत कर रु.३०,६००।- कट्टा नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु.

सि.नं.	शिक्षकको नाम	रकम	कर
१	प्रअ जिधराज ढकाल	१०८०००	१६२००
२	स प्र ब्रजकिशोर प्र गुप्ता	४८०००	७२००
३	माशि विश्वनाथ सन्जेल	४८०००	७२००
जम्मा		**२०४०००**	**३०६००**

असुल गर्नुपर्ने	३०,६००

८७.५ **छात्रवृत्ति वितरण :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरु संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भरपाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १४१।२०८१।३।२० बाट निम्नानुसार छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले रु.४,३२,८००।- छात्रवृत्ति निकासा गरेकोमा रु.३,५६,०००।- को भरपाई पेश गरेकोले नपुग रु.७६,८००।- असुल गर्नुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	निकासा रकम	भरपाई बमोजिम	बढी रकम
१	महेन्द्र मा.वि.	७१६००	६७६००	४०००
२	भृकुटि मा.वि.	४२४००	३८८००	३६००
३	त्रिभुवन मा.वि. नवलपुर	११६४००	७८८००	३७६००
४	दिपज्योति आ.वि.	४६०००	३९२००	६८००
५	सुप्रभात आ.वि.	१९२००	१६४००	२८००
६	नवज्योति मा.वि.	४००००	३५२००	४८००
७	बाल जागृति युवा वर्ष मा.वि.	३७६००	३२०००	५६००
८	चुरियामाई मा.वि.	४६०००	३६८००	९२००
९	विपि प्रावि	१३६००	११२००	२४००
जम्माः		**४३२८००**	**३५६०००**	**७६८००**

असुल गर्नुपर्ने	७६,८००

८७.६ **नमूना विद्यालय :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ मा नमूना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४(संशोधन सहित) मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक शुसासनका न्यूनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगति सहित आवश्यक बजेट सहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने र यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालय बिच सम्झौता गरी प्रति विद्यालय ३० लाख देखि ५० लाखसम्म कार्य सम्पादनमा आधारित अनुदान उपलब्ध गराउने उल्लेख छ । साथै विद्यालयले सम्झौता अनुसार काम गरे वा नगरेको नियमित अनुगमन गरी कार्य प्रगति पेश गर्नुपर्ने तथा सामानहरु खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गर्नुपर्ने उल्लेख गरेको छ । पालिकाले भौ.नं. ४७२।०८१।३।२२ बाट यस वर्ष निम्नानुसार विद्यालयहरुलाई नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको लागि रु.१ करोड २० लाख अनुदान निकासा गरेको छ । विद्यालयहरुले खरिद गर्दा खरिद ऐन तथा निमय बमोजिम खरिद नगरेको र सो अनुदानबाट निर्देशिका अनुरुप कार्य गरी प्रगति प्रतिवेदन पेश नगरेकोले सोको प्रमाण तथा प्रगति प्रतिवेदन पेश गर्नुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	निकासा रकम
१	जनप्रिय मावि	४५०००००
२	आधुनिक राष्ट्रिय मावि	४५०००००
३	चन्द्रोदय मावि	३००००००
जम्मा		**१२००००००**

प्रमाण पेश नगरेको	१,२०,००,०००

८७.७ **शुन्य दरवन्दी :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.४० मा माध्यमिक तह कक्षा तह ९-१० सञ्चालित विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्था गरी विद्यार्थी सिकाई उपलब्धि अभिवृद्धि गर्न शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०७८ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरवन्दी वा राहत अनुदान नभएका (शुन्य दरवन्दी) भएका विद्यालयलाई न्यूनतम २ र १ दरवन्दी भएकालाई

१ थप गरी न्यून तम २ शिक्षक बराबरको अनुदान उपलब्ध गराउने तथा क्रियाकलाप नं. २.७.१३.४१ मा आधारभुत कक्षा तह ६-८ सञ्चालित विद्यालयमा कुनै पनि दरवन्दी वा राहत अनुदान नभएका (शुन्य दरवन्दी) भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध गराउने व्यवस्था छ । साथै विद्यार्थी संख्या अधिक भएका विद्यालयमा स्थानीय तहले शिक्षक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार विद्यालयहरुलाई कार्यक्रम कार्यन्वयन पुस्तिकामा भएको व्यवस्था भन्दा बढी शिक्षक नियुक्ती गरी रु.१६,६०,२९३।- भुक्तानी गरेकोले अनियमित देखिएको रु.

सि.नं.	विद्यालयको नाम	रकम	कैफियत
१	अमर मा.वि.	३०५८२३	शुन्य दरवन्दी भएकोमा ३ जना १ जना बढी
२	त्रिवेणी आ.वि.	४५१४९०	१ दरवन्दी भएकोमा १ जना थप
३	लक्ष्मी आ.वि.	४५१४९०	१ दरवन्दी भएकोमा १ जना थप
४	कमला आ.वि.	४५१४९०	१ दरवन्दी भएकोमा १ जना थप
जम्मा		**१६६०२९३**	

अनियमित भएको	१६,६०,२९३

८७.८ **पाठ्यपुस्तक खरिदः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक बापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ । पालिकाले भौ.नं. २१६।२०८०।१२।२५ बाट रु.१,३२,८७,७५५।८२ र भौ.नं. ३७७।०८१।३।१३ बाट नपुग रु.५२,२०,२०२।- गरी रु.१,८५,०७,९५७।- ७३ वटा विद्यालयलाई निकासा गरेकोमा निम्नानुसार विद्यालयहरुको निकासा, बिल तथा वितरण गरेको भरपाई परीक्षण गर्दा निकासा गरेको भन्दा रु.१,१७,८१९।- कम भरपाई पेश भएकोले असुल हुनुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	निकासा रकम	वितरण भरपाई	बढी	रकम
१	निर्मल मा.वि.	कक्षा २ ७५*५५६.८	६१	१४	७७९५
		कक्षा ३ ५०*५८०.८	४६	३	१७४२
		कक्षा ४ ७५*६०२.८	७०	४	२४११
		कक्षा ५ १०५*६४०.२	९६	८	५१२१
		कक्षा ६ १३०*७१२.८	१२६	३	२१३८
		कक्षा ७ १२०*७५२.४	१२५	४	३००९
		कक्षा ८ १००*८८७.७	८९	१०	८८७७
		कक्षा ९ १६५*७७४.४	१५५	९	६९७०
		कक्षा १० ११२*९१९.६	१०८	३	२७५८
२	आधुनिक राष्ट्रिय मा.वि.	कक्षा २ ११०*५५६.८	१०७	२	१११४
		कक्षा ३ ११०*५८०.८	१०४	५	२९०४
		कक्षा ४ १७५*६०२.८	१६८	६	३६१७
		कक्षा ५ १८०*६४०.२	१७६	३	१९२०
		कक्षा ६ २५०*७१२.८	२४५	४	२८५१
		कक्षा ७ ३१०*७५२.४	३०४	५	३७६२
		कक्षा ८ ३४०*८८७.७	३२४	१५	१३३१५
		कक्षा ९ ३९०*७७४.४	३८०	९	६९७०
३	बालज्योति मा.वि.	कक्षा ५ १०७*६४०.२	१०२	४	२५६०
		कक्षा ६ ११०*७१२.८	१०६	३	२१३८
		कक्षा ७ ११६*७५२.४	११०	४	३०१०
४	शंकरज्योति मा.वि.	कक्षा १ ५०*५२०.८	४१	८	४१६६
		कक्षा २ ७०*५५६.८	६५	४	२२२७
		कक्षा ३ ६५*५८०.८	५९	५	२९०४
		कक्षा ४ ५०*६०२.८	४२	७	४२२०
		कक्षा ५ ४५*६४०.२	३७	७	४४८१
		कक्षा ६ ५०*७१२.८	४४	५	३५६४
		कक्षा ७ ३५*७५२.४	२८	६	४५१४
		कक्षा ८ ३०*८८७.७	२४	५	४४३८
		कक्षा ९ ३०*७७४.४	२६	३	२३२३
जम्माः					**११७८१९**

असुल गर्नुपर्ने	१,१७,८१९

८७.९ **बढी निकासाः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजू गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले निम्नानुसार विद्यालयहरुलाई तलब भत्ता निकासा गर्दा रु.१,७३,३७५।- बढी निकासा गरेकोले सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	निकासा गरेको रकम	निकासा गर्नुपर्ने रकम	बढी रकम
१	बालबोध मा.वि.	८६२१८५	८३९११३	२३०७२
२	बाल जागृति मा.वि.	६८२६५९	६५१९७५	३०६८४
३	बुद्ध मा.वि.	८४४६१३	८००९२४	४३६८९
४	ज्ञानदा मा.वि.	९६०८९०	८८४९८०	७५९१०
जम्मा		**३३५०३७०**	**३१७६९९२**	**१७३३५५**

असुल गर्नुपर्ने	१,७३,३५५

८७.१० **शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ७० वटा विद्यालयमा ८४४ जना शिक्षक दरवन्दी भएकोमा सबै पदपूर्ति र पदपूर्तिमध्ये २०२ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ३३५५० रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

८७.११ **बढी ग्रेड** : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजू गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । साथै शिक्षा नियमावली, २०५९ को नियम १०२ मा निजले हाल पाइरहेको तलब माथिल्लो तलबमानको शुरु तलब बराबर भएमा सो तलबमा १ वृद्धि थप गरिने तथा साविक श्रेणीमा पाइरहेको तलब बढुवा भएको श्रेणीको शुरु तलब भन्दा बढी भएको अवस्थामा माथिल्लो श्रेणीको तलब तोक्दा हाल पाइरहेको तलबमा नपुगसम्मको तलब वृद्धि गरी माथिल्लो श्रेणीको एक तलब वृद्धि समेत दिन सकिने व्यवस्था छ । पालिकाले निम्नानुसार शिक्षकहरुलाई तलब भत्ता भुक्तानी गर्दा बढी ग्रेड रु.६१४२९।- (क.सं. कोष समेत) भुक्तानी गरेकोले असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

सि.नं.	विद्यालयको नाम	शिक्षकको नाम	रकम	कैफियत
१	निर्मल मा.वि.	पूण्यशिला श्रेष्ठ	२४१२	१ ग्रेड बढी २ महिना
२	चुरियामाई मा.वि.	भिमसेन कुमार तिमल्सिना	३२०३	१ ग्रेड बढी
३	बाराही आ.वि.	इना वर्तौला	३५९२७	१ महिना बढी भुक्तानी
४	त्रिभुवन मा.वि. नवलपुर	केशव थापा	१६०१	१ ग्रेड बढी
५	वंशगोपाल मा.वि.	गोपाल चन्द्र भट्टराई	१६०१	१ ग्रेड बढी
		रिता श्रेष्ठ	१२०६	१ ग्रेड बढी
६	भुटनदेवी मा.वि.	पुरुषोतम आचार्य	११४६६	१ ग्रेड बढी श्रावण देखि चैत्रसम्म
७	जनप्रिय मा.वि.	खडानन्द गौतम	१२०६	१ ग्रेड बढी श्रावण
८	आधुनिक राष्ट्रिय मा.वि.	भरत सुनुवार	१६०१	१ ग्रेड बढी
		कविता कुमारी भट्ट	१२०६	१ ग्रेड बढी श्रावण

असुल गर्नुपर्ने	६१,४२९

८८ **औषधी खरिद :**

पालिकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ६ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय सशर्त शिर्षकबाट २ पटक ई-बिड तथा ई-बिडबाट कायम भएको दरमा रु.३१,६८,७३५।- को औषधी खरिद गरेको देखिन्छ । Electronic Logistics Management System मा गएर हेर्दा ७ आइटमको ३३३८९ परिमाण औषधीको ३ महिनामा Expired हुने देखिन्छ । पालिकाले आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीको आवश्यकता पहिचान तथा मौज्दातको यकिन गरी खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । अत: पालिकाले औषधीको आवश्यकता, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

८९ **उद्यम विकास सहजकर्ता :**

गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ दफा ५(३) मा सहजकर्ता छनौट गर्दा साठी जनासम्म नयाँ लघु उद्यमि सिर्जना गर्नका लागि १ जना, साठि जना भन्दा बढी एक सय पच्चीस जनासम्म नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि २ जना सहजकर्ता नियुक्ति गर्न सक्ने व्यवस्था छ । साथै अनुसूची २ तालिका नं १ मा कुल बजेटमा वि भिन्न शिर्षकमा खर्च गर्न सक्ने प्रतिशतको दायरा उल्लेख गरेको छ र उद्यम विकास सहजकर्ता परिचालनका लागि २४ देखि ३३ प्रतिशत खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकालाई यो वर्ष लघु उद्यमतर्फ शसर्त अनुदान रु.१२ लाख प्राप्त भएको देखिन्छ । पालिकाले यो वर्ष ६१ जना नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि १ जना वरिष्ठ उद्यम विकास सहजकर्ता र १ जना उद्यम विकास सहजकर्ता नियुक्ति गरी क्रमश मासिक रु.३४,७३०।- र रु.३२,९०२।- का दरले वार्षिक रु.८,९९,२१६।- तलबमा खर्च गरेको छ । बजेटको तुलनामा ७५ प्रतिशत तलबमा खर्च गरेको देखिन्छ । तालीम कार्यक्रम समेत कार्यालय भन्दा बाहिरका संस्थाबाट सञ्चालन गरेको देखिन्छ । पालिकाले थप एक जना नयाँ लघु उद्यमी सिर्जना गर्न थप एक जना उद्यम विकास सहजकर्ता नियुक्ती गरी रु.४,३७,७२६।- तथा बजेटको ३३ प्रतिशतसम्म खर्च गर्न सक्नेमा ७५ प्रतिशत खर्च गर्नु अनियमित देखिएको रु.

अनियमित भएको	४,३७,७२६

९० **सहभागी यातायात :**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ बमोजिम सार्वजनिक निकायले सञ्चालन गर्ने कार्यक्रममा सहभागीहरुलाई दैनिक रु.७००।- का दरले भत्ता प्रदान गर्ने तथा २ दिनसम्म चल्ने कार्यक्रमको लागि एकमुष्ठ रु.२००।- र २ दिन भन्दा बढी जतिसुकै दिन भएपनि एकमुष्ठ रु.५००।- यातायात खर्च दिने व्यवस्था छ । पालिकाले निम्नानुसार तालीम, कार्यक्रम तथा गोष्ठि सञ्चालन गर्दा रु.२००।- का दरले भुक्तानी गर्नुपर्नेमा रु.४००।- र रु.५००।- का दरले रु.६१,९००।- भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

भौ.न. र मिति	तालिम तथा कार्यक्रमको नाम	सहभागी संख्या	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी रकम
४०६। ०८१।३। १६	सम्बन्धित निकाय तथा सरोकारवालाहरुबिच छलफल तथा अन्तर्क्रिया कार्यक्रम १ दिन	२०	४०००	१००००	६०००
३६६। ०८१।३।६	सरोकारवालाहरुसंग संक्रामक तथा महामारीजन्य रोग, खानेपानी, र खाद्य गुणस्तर निगरानी कार्यक्रम २ दिन	३१	६२००	१५५००	९३००
१०७। ०८०।९।४	इन्सुयर परियोजना अन्तर्गत स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र अन्य सरोकारवालाको सहभागीतामा परियोजना अभिमूखीकरण कार्यक्रम १ दिन	४६	९२००	१८४००	९२००
१०६। ०८०।९।४	वृति मार्ग निर्देशन सम्बन्धी अभिमूखीकरण कार्यक्रम १ दिन	३१	६२००	१५५००	९३००
२०३। ०८०।१२। १३	रोजगार पार्श्व चित्र तयारीका लागि तथ्यांक संकलन सम्बन्धी गणकहरुलाई अभिमूखीकरण २ दिन	२३	४६००	९२००	४६००
४१७। ०८१।३। १७	सामुदायिक शिक्षकहरुका लागि एकिकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालीम ५ दिन	४७	४७०००	७०५००	२३५००
जम्मा			**७७२००**	**१३९१००**	**६१९००**

असुल गर्नुपर्ने	६१,९००

९१ **बढी संख्या :**

स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन बमोजिम पालिका स्तरमा स्वास्थ्य सस्थाहरुको मासिक बैठक सञ्चालन गर्ने कार्य सञ्चालन निर्देशिका बमोजिम बजेट खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले भौ.नं. ३५८।०८१।३।४ बाट स्वास्थ्य सस्थाहरुको श्रावण देखि जेष्ठसम्म मासिक बैठक बसी रु.२,६६,७७५।- भुक्तानी गर्दा ६४ जनालाई भत्ता भुक्तानी गरेको छ । स्वास्थ्य सस्थाहरु, पालिकाका प्रमुख, प्रशासकिय प्रमुख, स्वास्थ्य शाखाका निश्चित संख्याका कर्मचारीहरुलाई भुक्तानी गर्नुपर्नेमा ३२ जना बढी राखी रु.६७,२००।- भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६७,२००

९२ **सिबिआईएनसि अनसाइट कोचिङ्ग :**

स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन बमोजिम स्थानीय तहले स्वास्थ्य संस्थाहरुमा सिबिआईएनसिआई अनसाइट कोचिङ्ग कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । स्वास्थ्य

संस्थाहरुबाट सिबिआईएनसिआई अनसाइट कोचिङ्ग कार्यक्रमसंग सम्बन्धित सबल पक्ष, आइपरेका समस्या बारे प्रस्तुतिकरण गर्न लगाउने र पृष्ठपोषण दिने तथा अभिमूखीकरण सञ्चालन गरी योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तह आफैंले सञ्चालन गर्नुपर्ने स्वास्थ्य सम्बन्धी कार्यक्रम मिति २०८०।१२।२२ देखि ०८१।२।२५ सम्म विभिन्न स्वास्थ्य संस्थाहरुमा सञ्चालन गर्ने गरी सामाजिक विकासका लागि हातेमालो नेपालसंग सम्झौता भएकोमा कार्यक्रम सम्पन्न गरी भौ.नं. ४२३।०८१।३।१७ बाट रु.४,५२,२००।- भुक्तानी गरेकोले अनियमित देखिएको गर्नुपर्ने रु.

अनियमित भएको	४,५२,२००

९३ **न्यानो झोला कार्यक्रम :**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ वटा बर्थिङ सेन्टरमा गत वर्ष १०० र हेटौडा अस्पतालमा ९०० गरी १००० थानको रु.८,९२,७००।- र यस वर्ष ११०० थानको रु.७,३३,३७०।- खरिद गरेकोमा गत वर्ष बर्थिङ्ग सेन्टरमा ८० जना र यस वर्ष ४१ जना गरी १२१ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २५० थान न्यानो झोला मौज्दातमा रहेकामा लेखापरीक्षण अवधिसम्म हटिया अस्पताललाई १५० थान, पदम पोखरी अस्पताललाई ५० थान र मानव सेवा आश्रमलाई २ थान र ४८ थान भण्डारमा रहेको देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

९४ **प्रशिक्षण भत्ताः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२०** को निर्णयले रू **३,५७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९५ **इन्धन खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. ३२६।०८१।२।२३ बाट रोजगार सेवा केन्द्रमा कार्यरत निम्नानुसार कर्मचरीहरुलाई माघ देखि आषाढसम्म विभिन्न कार्यक्रम तथा अनुगमनमा जाँदा प्रयोग भएको इन्धन खर्च भनि बलराम दास एण्ड सन्स पट्रोल पम्पलाई रु.४४,८८७।५० भुक्तानी भएको देखिन्छ । पालिकाले आन्तरिक स्रोतबाट सो कर्मचारीहरुलाई इन्धन बापत मासिक १० लिटरका दरले रकम भुक्तानी गरे पश्चात समेत संघीय सशर्तबाट इन्धन खर्च भनि रकम भुक्तानी भएकोले असुल हुनुपर्ने रु.

सि.नं.	कर्मचारीको नाम	पट्रोल	रकम
१	विजन श्रेष्ठ	१०२	१६९५७.५०
२	कौशल नेगी	६०	९९७५
३	मेनुका खड्का	६०	९९७५
४	राज्यश्वरी शाहि	४८	७९८०
जम्मा			**४४८८७.५०**

असुल गर्नुपर्ने	४४,८८७.५

९६ **काठको ठेकी निर्माण तालीम :**

एकिकृत श्रम तथा रोजगार सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० को दफा १२ बमोजिम रोजगारीको खोजिमा रहेका व्यक्तिहरु छनौट गरी दफा १४ बमोजिम रोजगार सेवा केन्द्रले रोजगारदाताको संलग्नतामा सिप तथा क्षमता विकास गरी रोजगारमा पदस्थापना गर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष भौ.नं. ४९८।०८१।३।२४ बाट २० जना बेरोजगार व्यक्तिलाई ३० दिने काठको ठेकी निर्माण तालीम मिति २०८१।२।१७ मा सम्झौता गरी तालीम सम्पन्न पश्चात हेडम्बा डेभलपमेन्ट एडभाइजर फाउण्डेशनलाई रु.३,८१,६४८।- भुक्तानी गरेको छ । सम्झौतामा तालीमबाट उत्पादित ठेकी पचास प्रतिशत श्रम जिबि महिला काष्ठ हस्तकला उद्योगलाई हस्ताणतरण गरिने र बाँकी पचास प्रतिशत पालिकाको मातहतमा रहने तथा खरिद गरिएका मेसिन औजार(खरात मेसिन तथा ज्याबेल) समूहको दिगो आय आर्जन र सिप निरन्तरताको लागि प्रयोग गर्ने गरी हस्तान्तरण गरिने उल्लेख छ । पालिकाले निम्नानुसार खरिद गरिएका मेसिन सम्झौता बमोजिम हस्तान्तरण नगरेकोले सो हस्तान्तरण गरी समूहको दिगो आय आर्जन र सिप निरन्तरताको लागि प्रयोग भए नभएको यकिन गरी प्रमाण पेश गर्नुपर्ने रु.

सि.नं.	सामानको नाम	रकम
२	खरात मेसिन १ वटा	४००००
३	ज्वाबेल २ सेट	२००००
जम्मा		**६००००**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	६०,०००

९७ **कृषि एम्बुलेन्सको प्रयोग:**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा ३८ मा कृषि तथा पशुपन्छी बजारीकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रम अन्तर्गत किसानहरुले उत्पादन गर्ने तरकारी, फलफुल तथा अन्य नाशवान कृषि उपजहरु शहर तथा बजार क्षेत्रका उपभोक्तासम्म सहज आपूर्ति, कृषि उपजमा हुने क्षतिको न्यूनिकरण, उत्पादन क्षेत्रदेखि बजार केन्द्रसम्म सुरक्षित कृषि उपज ढुवानी, समयमा ढुवानी तथा बजारीकरणको अभावका कारण कृषि उपज बिग्रेर हुने फोहोरमा कमि गराउने, तरकारीमा हुने चरम बिचौलिपनाको अन्त्य, स्थानीय उत्पादनलाई प्रोत्साहन र उपभोक्तालाई सहज रुपमा ताजा कृषि उपज उपलब्ध गराउनमा सहयोग पुर्‍याउन चिस्यान सुविधा सहितको कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था बमोजिम पालिकाले यस वर्ष संघीय सशर्त शिर्षकबाट रु.१९ लाख ८० हजार र समपूरक कोष/म्याचिङ्ग फण्ड शिर्षकबाट रु.१५ लाख २० हजार बजेट व्यवस्था गरी कृषि एम्बुलेन्स खरिद गरेको छ । पालिकाले संघीय बजेटबाट नपुग रकम मिति २०८०।१२।२ को कार्यपालिकाको १४ औं अधिवेशनबाट समपूरक बजेटबाट व्यहोर्ने गरी बजेट व्यवस्था गर्ने निर्णय बमोजिम रु.३५ लाखको लागत अनुमान तयार गरी मिति २०८०।१२।२१ मा सूचना प्रकाशन गरेको देखिन्छ । इबिड मार्फत सिप्रदि ट्रेडिङ्ग प्रालिले बोलपत्र पेश गरेकोमा छनौट गरी मिति

२०८१।३।१७ मा सम्झौता गरेकोमा स्पेशिफिकेसन बमोजिम मिति २०८१।३।२१ मा कृषि एम्बुलेन्स आपूर्ति गरी रु.३४ लाख ७५ हजार भुक्तानी गरेको छ । सो एम्बुलेन्स हालसम्म पनि प्रयोगमा आएको देखिएन । समयमा प्रयोगमा नआउंदा सोको इन्जिन बिग्रिन सक्ने र मर्मत सम्भारमा खर्च बढ्ने समेत देखिन्छ । एम्बुलेन्स समयमा प्रयोगमा नल्याउँदा जुन उद्देश्यले खरिद गरिएको हो सो उद्देश्य पुरा हुन सक्ने देखिएन । किसानहरुले समयमा सो सेवा प्राप्त गर्न पाएमा उत्पादित तरकारी, फलफुल तथा अन्य नाशवान कृषि उपजहरु शहर तथा बजार क्षेत्रका उपभोक्तासम्म सहज आपूर्ति, कृषि उपजमा हुने क्षतिको न्यूनिकरण, उत्पादन क्षेत्रदेखि बजार केन्द्रसम्म सुरक्षित कृषि उपज ढुवानी, तरकारीमा हुने चरम बिचौलिपनाको अन्त्य, स्थानीय उत्पादनलाई प्रोत्साहन र उपभोक्तालाई सहज रुपमा ताजा कृषि उपज उपलब्ध गराउने उद्देश्य पुरा हुन सक्छ । तर पालिकाले खरिद गरेको कृषि एम्बुलेन्स ५ महिना हुँदासम्म प्रयोगमा आएको देखिएन । त्यसैले पालिकाले यस्ता खरिद कार्य गर्दा त्यसको उपयोगिता, त्यसबाट पाप्त हुने प्रतिफल, खर्चमा मितव्यीता र सोको आवश्यकतालाई ध्यान दिनुपर्दछ ।

९८ **मेड्पा कार्यक्रम :**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालीमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सेवा प्रदायक संस्था हेटौडा गार्मेन्ट उद्यमी समूह मार्फत ६५ दिने एडभान्स सिलाई कटाई तालीम सञ्चालन गरी रु.१,९८,०००।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो उत्पादित सामानहरु सोहि संस्थामानै रहेको जानकारी प्राप्त भएकोले सो यकिन गरी ती वस्तु तथा सामानहरु पालिकामा दाखिला गरी बिक्री वितरणको व्यवस्था गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

९९ **२० प्रतिशत सहभागीता :**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुंदा नं. ४१ मा उद्यमीलाई प्रविधि हस्तान्तरण गर्दा प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत भौ.नं. ४५०।२०८१।३।२० बाट ३ थान ढाका तान सेट प्रविधि खरिद गरी सुरज फर्निचर उद्योगलाई रु.९१,५२०।- भुक्तानी गरेको देखिन्छ । पालिकाले सो प्रविधि वितरण गर्दा २० प्रतिशत रकम उद्यमीबाट उठाउनु पर्नेमा सो नगरी वितरण गरेकोले २० प्रतिशत रु.१८,३०६।- उठाई राजस्व दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१८,३०६

१०० **पेश्की बाँकी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.२,१४,११,७९९।३९ बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.१,९८,११,७९९।३९ फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

क्र.सं.	पेश्की लिएको मिति	भौ. न.	पेश्कीको विवरण	पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम	कर्मचारी भए पद	जम्मा बाँकी पेश्की		
						म्याद ननाघेको	म्याद नाघेको	जम्मा
१	०४/०१/२०८०	८२	बिमा तथा नवीकरण खर्च	धन बहादुर राई	हलुका सवारी चालक	०	८१७००	८१७००
२	०४/०१/२०८०	८२	टोल विकास अबलोकन भ्रमण कार्यक्रम खर्च हेटौडा-२	शिव ध्वज गोदार	अधिकृत छैठौं	०	१५००००	१५००००
३	१२/१३/२०८०	१३५१	योजना तर्जुमा तथा वडा भेला तयारि खर्च	मनोज कुमार सुवेदी	अधिकृत सातौं	०	१०००००	१०००००
४	०३/२४/२०८१	२६०२	भिटामिन ए तथा खोप कार्यक्रम	केशव तिमिल्सिना	सहायक पाँचौ	०	३८०००	३८०००
५	०७/०३/२०८०	१६४	बहुउद्देश्यीय भवन निर्माण टावर सहित~ हेटौडा-४~ हुप्राचौर	लामा । रसुवा । बानियाँ जे.भी		०	१६००००००	१६००००००
६	०४/०१/२०८०	८२	गत बिगत आ.ब. को पेश्की	भुषण खरेल		०	९४१.९३	९४१.९३
७	०४/०१/२०८०	८२	बैंक चार्ज कमिशन तथा अन्य शुल्क खर्च	मोहन बज्राचार्य शहरी स्वास्थ्य केन्द्र हेटौडा-४		०	५००	५००
८	०६/३०/२०८०	४१६	हेटौंडा क्याम्पस सञ्चालन अनुदान	हेटौंडा क्याम्पस		०	२००००००	२००००००
९	०३/१६/२०८१	२२५१	हेटौडा जनप्रिय क्यम्पस (BSCAG) सञ्चालन ब्यवस्थापन खर्च	हेटौडा जनप्रिय क्याम्पस		८०००००	०	८०००००
१०	०३/१८/२०८१	२३२१	सिद्धार्थ ल क्याम्पस (हेटौडा २)सञ्चालन व्यवस्थापन सहयोग	श्री सिद्धार्थ उच्च माध्यामिक बिद्यालय		८०००००	०	८०००००
११	०४/०१/२०८०	८२	सामाजिक सुरक्षा तेस्रो चौमासिक	हेटौडा उप महानगरपालिका१९ नं. वडा कार्यालय मकवानपुर		०	८०००	८०००

१२	१०/२९/२०८०	१०४३	प्रविधिक तालीम प्राप्त उद्यमीलाई उद्यम विकास अनुदान	कमला दर्जी		०	१०००००	१०००००
१३	०३/१९/२०८१	२३५२	सफाई कर्मीको स्वास्थ्य बिमा	दिपेन्द्र राज शर्मा		०	१५४०००	१५४०००
१४	०३/३१/२०८०	२	अन्य सामाजिक सुरक्षा खर्च	के.आई. सिंह		०	५२००	५२००
१५	०३/३१/२०८०	२	अन्य सामाजिक सुरक्षा खर्च	कृष्ण बहादुर पुलामी	हेभी सवारी चालक	०	४५३०८९.८७	४५३०८९.८७
१६	०३/३१/२०८०	२	अन्य सामाजिक सुरक्षा खर्च	काली प्रसाद थारु	कार्यालय सहयोगी	०	९२९२३.४८	९२९२३.४८
१७	०३/३१/२०८०	२	अन्य सामाजिक सुरक्षा खर्च	बिमल रेग्मी	सहायक लेखापाल	०	१८१४६४.११	१८१४६४.११
१८	०३/३१/२०८०	२	कर्मचारीहरुलाई सापटी खर्च	बीरकृष्ण महर्जन	अधिकृत	०	३०००	३०००
१९	०३/३१/२०८०	२	अन्य सामाजिक सुरक्षा खर्च	लक्ष्मी थोकर		०	१०००	१०००
२०	०३/३१/२०८०	२	कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च	नेशनल लाईफ इन्स्योरेन्स कम्पनि लिमिटेड		०	४२००	४२००
२१	०३/३१/२०८०	२	कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च	नेशनल लाईफ इन्स्योरेन्स कम्पनि लिमिटेड		०	४८००	४८००
२२	०१/२८/२०८१	८	श्रृजनापथ टोल विकास संस्था अन्तर्गत हेटौंडा क्याम्पस देखि दक्षिण तर्फ हुप्र चौरको बिचमा रहेको विद्युत पोल सार्न हेटौंडा-४	नेपाल विधुत प्राधिकरण हेटौडा शाखा		०	१९९२३९	१९९२३९
२३	०१/२८/२०८१	९	गणेश मन्दिर पछाडी सडक निर्माणको क्रममा १ वटा विद्युतको पोल सार्ने हेटौंडा-२	नेपाल विधुत प्राधिकरण हेटौडा शाखा		०	३३७४१	३३७४१

२४	०३/२०/२०८१	४६	उद्धार राहत तथा पुनर्स्थापना खर्च	दिपक प्रसाद घिमिरे		०	२०००००	२०००००
जम्मा						**१६०००००**	**१९८११७९९.३९**	**२१४११७९९.३९**

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१४०,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१९,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **५,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१,२१३,४०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१८६,५९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **८००,७१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१,२६७,१५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **६९,७८४.८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **७,४९४,१२१.३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	१,९८,११,७९९.३९

१०१ **गत आ.व. को पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फर्स्यौट सम्बन्धी व्यवस्था रहेको छ । यस बर्ष पालिकाको खाता परीक्षण गर्दा गत विगतमा औल्याईएको पेश्की रु.१,६६,६१,१५०।- रहेकोमा उक्त पेश्की लेखापरीक्षण अवधिसम्म पनि फर्स्यौट भएको छैन । नियमानुसार उक्त पेश्की समयमा नै फर्स्यौट गर्नुपर्ने देखिन्छ ।

१०२ **१ नं वडा कार्यालय तर्फः**

१०२.१ पारिश्रमिक कर

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७,६२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,४५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०२.२ **वितरणमूखी कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।वडाले निम्नानुसारका वितरणमूखी कार्यक्रमहरु सञ्चालन गरी रु ३,४४,४०६ खर्च गरेको देखियो । सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

भौ.न.	वितरण गरेको सामाग्री	रकम	कैफियत
७।८०।१०।७	खेलकुद सामाग्री	९८९८८	खेलकुद सामग्री अमर युवा क्लवलाई हस्तान्तरण
२४।८०।१०।७	कुमाल जातको पोशाक	४२०००	कुमाल समाज नेपाललाई कुमाल पोशाकमा सहयोग
२५।८०।११।१३	खेलकुद सामग्री	४२०००	चौकी टोल तेइकान्डो डोजलाई हस्तान्तरण
३६।८०।१०।७	सावुन सामाग्री	५००००	पाथिभरा महिला साबुन सर्फ उद्योगलाई सहयोग
५०।८१।२।१३	दराज, कुर्सी, टेवल	५८८७३	भैरब आ. बिलाई हस्तान्तरण
५४।८१।२।१३	खेलकुद सामाग्री	५२५४५	मकवानपुर रिकभरिङ समूह
जम्मा		**३४४४०६**	

१०२.३ **कर रकमः** आयकर ऐन,२०५८ को दफा ८८ मा सेवा परामर्श गरेवापत भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । वडाको श्रेस्ता नमूना परीक्षणमा पालिकाले निम्नानुसारको भौचर नं र मितिबाट भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी असुल गर्नुपर्ने तथा निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

भौचर नं र मिति	विवरण	भुक्तानी पाउने	कट्टा भएको	नपुग कर
६३।८१।२।२७	यौनिक तथा लैङ्गिक अल्पसंख्यक सम्बन्धी अभिमुखिकरण तालीम	फ्रेण्डस हेटौंडा	१५०५	५१५५

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **९,९९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **११,७४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **१२,२५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **९,२५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५,१५५

१०२.४ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ (क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ ।सो ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन ।वडाले गोश्वरा भौचर ६१।२०८१।२।२८ बाट विभिन्न मितिमा आर्थिक बर्ष २०८०।८१ मा सञ्चालन भई सम्पन्न भएको योजनाहरु (रमेश तितुङ घर देखी हर्क तितुङ, विशेष पथमा नाला निर्माण, पचलाल टोल रेकलडाँडा जोड्ने सडक स्तरिकरण) लगायतका वडाका योजना अनुगमन भनी अनुगमनकर्ता श्री सबिन न्यौपाने लगायतका विभिन्न १२ जना पदाधिकारी/कर्मचारीलाई अनुगमन समिक्षा बैठक बसि कर बाहेकको रकम रु ४२,५०० भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु. ४२५००

अनियमित भएको	४२,५००

१०२.५ **खेलमैदान(चाइनाक्वाटर):** हेटौडा उपमहानगरपालिकाले पारित गरेको सार्वजनिक निर्माण र खरिद कार्य सम्बन्धी दर विश्लेषण अनुसार Rubble masonary सम्बन्धी कार्यमा प्रति वर्ग मि रु ८२१९ र Pcc work for १:३:६ (M१०) मा रु. ७४७४ तय गरेको छ । वडा कार्यालयले निम्नानुसारको कार्यमा बढी हुने गरी भुक्तानी लेखिएकाले सम्बन्धीत उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु.

खरिद कार्य	परिमाण	बढी लेखेको	बढी रकम
रुवल मेशिनरी कार्य M१०, PPC (१:३:६)	३१.९५	१८११	५७८६१।४५
	१९.३२	२९५२	५७०३२।६४
जम्मा			**११४८९४।०९**

असुल गर्नुपर्ने	१,१४,८९४.०९

१०२.६ **वत्ती जडान र मर्मतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो । वडा कार्यालय खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

भौ.नं र मिति	**खरिद कार्य**	**भुक्तानी फर्म**	**भुक्तानी रकम**
२।८०।९।१	उज्यालो वडा कार्यक्रम १०० थान वत्ती जडान	न्यु समझदारी इन्जिनियरिङ्ग वर्क्स	९९४४०
११।८०।१०।२१	उज्यालो वडा कार्यक्रम २०० थान एल. ई. डी वल्व	मुहीनाथ इलेक्ट्रोनिक्स	८८०००
१६।८०।११।६	ब्राकेट खरिद	महालक्ष्मी वर्कसप इन्जिनियरिङ्ग	८४७५०
३७।८१।३।२	उज्यालो वडा	मुक्तिनाथ इलेक्ट्रोनिक्स	९९७२८
जम्मा			**३७१९२८**

अनियमित भएको	३,७१,९२८

१०२.७ **निर्माणस्थल र पूर्वस्वीकृतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद सम्बन्धी कारवाही गर्न नहुने भन्ने व्यवस्था छ । वडा कार्यालयले विन्ध्यवासिनी सामुदायिक भवन निर्माण गरे बापत उ.स. लाई रु ५०००००। भुक्तानी गरेकोमा जग्गा प्रयोग गर्ने स्वीकृति नेपाल सरकारबाट नलिएको, लालपूर्जा र नक्सा स्वीकृति बिना घर निर्माण गरेको छ । यसरी भएको खर्च नियमसम्मत देखिएन ।

अनियमित भएको	५,००,०००

१०३ **२ नं वडा कार्यालय तर्फः**

१०३.१

कर रकमः आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरेबापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । वडाको श्रेस्ताको नमूना परीक्षणमा पालिकाले निम्नानुसारको भौचर नं र मितिबाट भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी असुल गर्नु पर्ने तथा निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

भौचर नं र मिति	भुक्तानी पाउने	विवरण	कट्टा भएको	नपुग कर
८६।८१।२।३२	मकवानपुर हस्तकला संघ	फुलवुकी तालीम	९९५८	१०९६०
९९।८१।३।१४	लालित्य सेवा प्रतिष्ठान	कपाल काट्ने तालीम	५१८४	१५०६६
८३।८१।२।३१	एकिकृत सामुदायिक अध्ययन केन्द्र	किस्टल पोते बनाउने तालीम	४०००	१५७४६
८२।८१२।३१	साझा जगत मल्टीमिडिया प्रालि	भाषण कला तालीम	१९४८	५१०९
१०३।८१।३।२०	नेपाल व्यवस्थापन संघ	स्वरोजगार मेला	२३६६	११३६८
११९।८१।३।२९	महिला तथा गरिवि निवारण समूह नेपाल	झोला बनाउने तालीम	८७९६	१२४०६
जम्मा				**७०६५५**

असुल गर्नुपर्ने	७०,६५५

१०३.२ **एन.जि.ओ.मा खर्चः** सार्वजनिक खर्चलाई बढी नतिजामुलक, व्यवस्थित र सार्वजनिक हितमा प्रयोग गर्नुपर्दछ । यस वडा कार्यालयले निम्नानुसारको भौ.न. र मितिमा नाफामूलक गै.स.स. को लागि पूर्वाधार निर्माणमा रु८४३३६८ खर्च लेखेकोले यसरी भएको खर्च नियमसम्मत नभएको रु.

भौ.नं र मिति	खरिद कार्य	कार्य	भुक्तानी रकम
५।८०।१०।४	वनसखण्डीदेवी सामुदायिक बहुउदेश्यीय सहकारी संस्था	भवन निर्माण	१०३९०९
२२।८१।२।२५	चौकिटोल सुन्दर सामुदायिक वन समिति	भवन तला थप	२३९४५९
४५।८१।३।२९	गैर सरकारी संस्था नागरिक स्रोत केन्द्र	कार्यक्रम सञ्चालन खर्च	५०००००
जम्मा			**८४३३६८**

अनियमित भएको	८,४३,३६८

१०३.३ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा (३) क मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन ।वडाले विभिन्न मितिमा वडाका कार्यक्रम र योजना अनुगमन भनी गोश्वरा भौचर ५३।८१।१।४ बाट अनुगमनकर्ता श्री सरस्वती तिमल्सिना लगायतका विभिन्न कर्मचारी र पदाधिकारी गरी १० जनालाई अनुगमन गरे बापत कर बाहेकको रु. ६८,८५० र भौचर नं १०९।८१।३।२० मा ७ जनालाई रु. १००० को दरले ६२,९००। गरी जम्मा रु. १,३१,७५०। भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,३१,७५०

१०३.४

जटिलसंरचना निर्माणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । वडा कार्यालयले गौ.भौ.न. १३।८०।११।२४ बाट जलेश्वर महादेव मन्दिर निर्माण उ.स.सँग सम्झौता गरी रु ९४६७०१। मा कार्यसपन्न गरेको छ । खरिद ऐन र नियमावलीको प्रावधान अनुसार कार्य गर्नुपर्दछ ।

१०३.५ **वत्ती जडान र मर्मतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयबाट खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

भौ.नं र मिति	खरिद कार्य	भुक्तानी फर्म	भुक्तानी रकम
२।८०।८।१४	वत्ती खरिद र मर्मत	गौतम इलेक्ट्रिक्स	८६१४२
६।८०।१०।१८	वत्ती खरिद र मर्मत	गौतम इलेक्ट्रिक्स	७०१२७
१०।८१।१।१३	वत्ती खरिद र मर्मत	गौतम इलेक्ट्रिक्स	४८९८५
३०।८१।३।१४	वत्ती खरिद र मर्मत	गौतम इलेक्ट्रिक्स	५७१२१
३३।८१।३।१७	वत्ती खरिद र मर्मत	गौतम इलेक्ट्रिक्स	४७८२४८
४०।८१।३।२१	वत्ती खरिद र मर्मत	गौतम इलेक्ट्रिक्स	३६१३७
४९।८१।३।२४	वत्ती खरिद र मर्मत	गौतम इलेक्ट्रिक्स	६६३५०३
जम्मा			**१४३९३६९**

अनियमित भएको	१४,३९,३६९

१०३.६ **अन्य निकायको खर्च :** वडाले सभाबाट वार्षिक कार्यक्रम बमोजिम विनियोजन ऐनले निर्धारण गरेको क्षेत्रमा खर्च गर्नुपर्दछ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले उत्पादनमूलक प्राथमिकता प्राप्त क्षेत्रमा वजेटको उदेश्यमूलक उपयोग हुनुपर्ने व्यवस्था गरेको छ । वडाबाट बजेट व्यवस्थापन गर्दा निम्नानुसारको भौचर नं र मितिमा पालिकाले स्वीकृति नदिएको शिर्षकमा गैर सरकारी संस्थाहरु र अन्य निकायहरुको लागि समेत खर्च लेखेको छ । यसरी खर्च गर्दा बजेटको उदेश्य र खर्चको उत्पादकत्व नरहने देखिएकोले रु.७२६०३३ नियमसम्मत नभएको रु.

भौचर नं र मिति	भुक्तानी नाम	विवरण	भुक्तानी रकम
९।८०।८।१३	**मातृभुमि साहित्य समाज नेपाल**	**स्थापना दिवसको अवसर मा कार्यक्र**	**१४५५०**
६२।८१।२।२३	ॐ वृद्धा आश्रम	वृद्धाको सहयोग	३०००००
८४।८१।०२।३२	जलेश्वर महादेव मन्दिर	जेष्ठ नागरिक सेवा केन्द्रका लागि आवश्यक सहयोग	३०००००
७८।८१।२।३१	प्रजातान्त्रिक विचार समाज	प्रजातान्त्रिक दर्पण	१५०००
८०।८१।२।१	प्रज्ञा विहार मकवानपुर	आर्थिक सहयोग	४९२५
१०२।८१।३।२०	नेपाल व्यवस्थापन संघ	रोजगार मेला	९१५५८
जम्मा			**७२६०३३**

अनियमित भएको	७,२६,०३३

१०४ **ढुवानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१४,७९३,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

१०५ **३ नं वडा कार्यालय तर्फः**

१०५.१ **वितरणमूखी खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।वडाले निम्न भौचरबाट कार्यविधि बेगर वितरणमूखी कार्यक्रममा खर्च गर्दा सोबाट वडा/पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्चलाई वास्तविकता र आवश्यकतामा आधारित बनाई पारदर्शी तवरले गर्नुका साथै वितरणमूखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

गो. भौ. नं।मिति	विवरण	रकम
३४।२०८०।१२।०२	ब्याङ्केट वितरण	३,३०,८८०
३८।२०८०।१२।१६	ड्राइभिङ (कार)१५ जनालाई सिप विकास तालीम	१९९१६२.५०

१०५.२ **वत्ती जडान र मर्मतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो । वडा कार्यालयबाट खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । भौ.न. २।८०।८।१९ बाट सडक वत्ती खरिद तथा जडान बापत रु ९९९८८।- भुक्तानी भएको देखिन्छ। यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

अनियमित भएको	९९,९८८

१०५.३ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । वडा कार्यालयले भौ.न. ५।८०।०९।१७ बाट खाडिदमार नर्सिंगडाडा सडक स्ल्याब ढलान निर्माण उ.स. सँग सम्झौता गरी रु ६८९०७६।- मा कार्यसपन्न गरेको छ । खरिद ऐन र नियमावलीको प्रावधान अनुसार कार्य गर्नुपर्दछ ।

१०६ ४ नं वडा कार्यालय तर्फः

१०६.१ **कर रकमः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरे बापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था उल्लेख छ । वडाको श्रेस्ताको नमूना परीक्षण गर्दा निम्नानुसारको भौचर नं र मितिबाट भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी तहाँ बाटै असुल गर्नुपर्ने तथा निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

भौचर नं र मिति	**भुक्तानी पाउने**	**विवरण**	**कट्टा भएको**	**नपुग कर**
११२।८१।३।१९	४ वडा स्तरीय महिला जागरण समह	झोला बनाउने तालीम	७७६०	१३६९०

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **८,९८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३५,३५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१३,६९०

१०६.२ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ (क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । वडाबाट भौ नं ११२।८१।३।१९ र ११८।८१।३।१९ मा वडाका कार्यक्रम र योजना अनुगमन भनि विभिन्न ५ जना कर्मचारी र पदाधिकारीलाई अनुगमन गरे बापत कर बाहेकको रकम रु. ४२५० भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	४,२५०

१०६.३ **अन्य निकायको खर्च :** वडाले सभाबाट वार्षिक कार्यक्रम बमोजिम विनियोजन ऐनले निर्धारण गरेको क्षेत्रमा खर्च गर्नुपर्दछ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले उत्पादनमूलक प्राथमिकता प्राप्त क्षेत्रमा वजेटको उदेश्यमूलक उपयोग हुनुपर्ने व्यवस्था गरेको छ । वडाबाट बजेट व्यवस्थापन गर्दा निम्नानुसारको भौचर नं र मितिमा पालिकाले स्वीकृति नदिएको शिर्षकमा गैर सरकारी संस्थाहरु र अन्य निकायहरुको लागि समेत खर्च लेखेको छ । यसरी खर्च गर्दा बजेटको उदेश्य र खर्चको उत्पादकत्व नरहने देखिएकोले रु.७,८४,३२६ नियमसम्मत नभएको रु.

भौचर नं र मिति	भुक्तानी पाउनेको नाम	विवरण	भुक्तानी रकम
३०।८०।११।०२	मामाघर नेपाल	असहाय सहयोग	७१३९५
३३।८०।११।०८	साहित्य संगम मकवानपुर	साहित्य प्रकाशन	२५०००
३५।८०।११।०८	आधुनिक राष्ट्रिय मा.वि	भ्रमण कार्यक्रम	४९२५०
३८।८०।११।८	शैक्षिक गुणस्तर समिति	विधालय राम्रा अभ्यास कार्यक्रम प्रस्तुति कार्यक्रम	६१५६०
४०।८०।११।१५	आचल साहित्य पुञ्ज	लैगिक हिसां न्युनिकरण कार्यक्रम	२७६८६
६२।८१।१।१८	गजल मन्च मकवानपुर	भाषा साहित्य सस्कृति कार्यक्रम	५५०००
४७।८०।११।२२	मकवानपुर क्रिकेट संघ	क्रिकेट प्रतियोगिता	२५०००
५६।८०।१२।०७	नेपाल राष्ट्रिय शिक्षक सगठन	महिला शिक्षक स्कुटर रेस	१४५०००
४९।८०।११।२३	रेक्म्नाइज तेक्वादो डोजाङ	खेलकुद प्रतियोगितामा सहभागि हुने खेलाडिलाई	१९६००
६५।८१।१।२६	रोयल पाटी प्यालेस	तिजको दर खाने कार्यक्रम	१५१०००
१११।८१।३।१९	साहित्य सगम मकवानपुर	कविता वाचन तथा साहित्य कार्यक्रम	१४३०००
४२।८०।११।१५	लेडि जेसिस हेटौंडा	अपाङ्गताका लागि सहयोग	१०८३५
जम्मा			**७८४३२६**

अनियमित भएको	७,८४,३२६

१०६.४ **सामुदायिक भवन निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद सम्बन्धी कार्य गर्नुहुदैन भन्ने व्यवस्था छ । वडा कार्यालयले विन्ध्यवासिनी सामुदायिक भवन निर्माण गर्न बापत उ.स. लाई ५०००००।- भुक्तानी गरेकोमा जग्गा प्रयोग गर्ने स्वीकृति नेपाल सरकारबाट नलिएको, लालपूर्जा र नक्सा स्वीकृति बिना घर निर्माण गरेको छ । यसरी भएको खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५,००,०००

१०६.५ **हुप्राचौर क्रिकेट क्रेज निर्माण उपभोक्ता समितिः** हेटौँडा उपमहानगरपालिकाले पारित गरेको सार्वजनिक निर्माण र खरिद सम्बन्धी स्वीकृत दर विश्लेषण अनुसार निर्माण कार्यको भुक्तानी गर्नुपर्नेमा भौ.नं. ४१ बाट हुप्राचौर क्रिकेट क्रेज उपभोक्ता समिति मार्फत निम्नानुसार कार्य गरी (१:१.५:३) को कार्य २० घ.मी. गरेकोमा प्रति घ. मी. रु२८१८ को दरले बढी भुक्तानी गरेकोले सम्बन्धीत उपभोक्तालाई जिम्मेवार बनाई असुल उपर गर्नुपर्ने रु.

भौ.नं र मिति	खरिद कार्य	परिमाण	बढी भुक्तानी	भुक्तानी रकम
४१।८१।३।२४	क्रिकेट क्रैज निर्माण माटो खन्ने	१०५	५३०	५५६५०
४१।८१।३।२४	२० (१:१.५:३)	२०.२	२८१८	५६९२३
जम्मा				११२५७३

असुल गर्नुपर्ने	१,१२,५७३

१०६.६ **पाम्समा प्रविष्टि नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ अनुसार खरिद हस्तान्तरण भई आएका मालसामानको अभिलेख राख्नुपर्ने र मिति २०७७।७।२६ मा महालेखा नियन्त्रको कार्यालयले गरेको परिपत्र अनुसार सार्वजनिक

सम्पत्ती सूचना प्रणाली (PAMS) मा प्रविष्टि गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । वडा कार्यालयले भौ. नं. ३६ र ३७ बाट विद्यालय सामाग्री, कम्प्यूटर - व्याग तथा फर्निचर बापत रु.१९३६१६१।- खर्च लेखेकोमा ति सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला नगरी खर्च लेखेकोले प्रमाण पेश गर्ने रु.

प्रमाण पेश नगरेको	१९,३६,१६१

१०७ **५ नं वडा कार्यालय तर्फः**

१०७.१ **वितरणमूखी कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडाले निम्नानुसारका वितरणमूखी कार्यक्रमहरु सञ्चालन गरी रु १४,९४,३८२। खर्च गरेको देखियो । सरकारी रकमकको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

गो.भौ.नं र मिति	**वितरण गरेको सामाग्री**	**रकम**	**कैफियत**
८।८०।९।१७	खेल पोशाक र सामाग्री	१६०२५८	वडा स्तरिय डवल्स ब्याटमिन्टन प्रतियोगिता
११।८०।९।२३	खेलकुद विकास कार्यक्रम	१५००००	पिप्ले युवा क्लव
१८।८०।१०।१५	खाद्यान्न	२००००	हिन्दु स्वयं सेवक संघ
२५।८०।१२।८	भेषभुषा वितरण	२५०००	कुमाल समाज नेपाललाई कुमाल भेषभुषा
२६।८०।११।१५	मादल मुजुरा लगायत	३५०००	एकादशि भजन किर्तन समूह
३८।८१।२।१	घरभाडा	३०००००	समता स्कुलको घरभाडा सम्झौता
४१।८१।२।१४	लक्ष्मि आ. बि. सहायता	४८४७५८	लक्ष्मी आ बि मा हल निर्माण
४७।८१।२।२५	खेलकुद पोशाक	७००००	वडा स्तरिय फुटबल प्रतियोगिता
४९।८१।२।२५	बाख्रा बितरण	५००००	वडाका दलितको लागि
६३।८१।३।१४	हर्लिक्स र प्रोटिन पाउडर	९९९८१	जेष्ठ नागरिकको लागि वितरण
८४।८१।३।२४	टेवल, कुर्सी र चियर	९९३८५	टोल विकास संस्था समन्वय समिति
जम्मा		**१४९४३८२**	

१०७.२ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा (३)) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । वडाबाट विभिन्न मितिमा (वनदेवि टोलमा स्ल्याव ढलान, प्रगति टोल स्ल्याव ढलान कार्य) लगायतका वडाका योजना अनुगमन भनी गोश्वरा भौचर ३०।२०८०।१२।२५ र ६५।२०८१।३।१४ बाट अनुगमनकर्ता श्री सुशिल घिमिरे लगायतका १० जना विभिन्न पदाधिकारी/कर्मचारी लाई अनुगमन समिक्षा बैठक बसी कर बाहेकको रकम रु. १,६६,६००। भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,६६,६००

१०७.३ **कर रकमः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरेबापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख छ । वडाको श्रेस्ता नमूना परीक्षण गर्दा निम्नानुसारको भौचर नं र मितिमा भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी असुल गर्नुपर्ने निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

भौचर नं र मिति	विवरण	भुक्तानी पाउने	कट्टा भएको	नपुग कर
३३।८१।१।१२	लागु औषध सम्बन्धी जनचेतनामुलक कार्यक्रम	मकवानपुर रिकभरिङ्ग समूह	३२२५	११७७५
३४।८१।१।१२	विपत सम्बन्धी २ दिने तालीम खर्च	हातेमालो कन्सल्टीङ्ग एण्ड रिसर्च प्रा.लि.	३११८	९०८५
७६।८१।३।२१	जनचेतना मुलक तालीम	नवजागरण नेपाल	३३९०	७०९३
जम्मा				**२७९५३**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,८९१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२७,९५३

१०७.४ **वत्ती जडान र मर्मतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ ।यस वडा कार्यालयमा खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान र भुक्तानी गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको छ । वडा कार्यालय खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट, लाईट फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (cycle period) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा विद्युत सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । भौ.न. ६।८०।९।२६ बाट सडक वत्ती खरिद तथा जडान बापत रु ९८१२० भुक्तानी भएको देखिन्छ । यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

प्रमाण पेश नगरेको	९८,१२०

१०७.५ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने किसिमको श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।वडाले भौ न. ९ मिति ८०।१०।१२ बाट पुष्पलाल स्लाव ढलान निर्माण कार्य उपभोक्ता समितिसँग सम्झौता गरी रु १७७०८१२।- मा सम्पन्न गरेको छ । खरिद ऐन र नियमावलीको प्रावधान अनुसार कार्य गर्नुपर्दछ ।

१०८ **६ नं वडा कार्यालय तर्फः**

१०८.१ **अनुगमन भत्ताः**अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका,२०७७ (आठौं संस्करण) को परिच्छेद ७.१.५ मा उल्लेख भए बमोजिम सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालित विभिन्न कार्यक्रमहरुको अनुगमन गरी भत्ता वितरणको लागि कार्य सञ्चालन निर्देशिका, २०८० तयार गरी रु.१००० को दरले अनुगमन भत्ता प्रदान गर्ने व्यवस्था गरी पदाधिकरी तथा कर्मचारीलाई अनुगमन भत्ता वितरण गरेको छ । पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशक दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित

कार्यको अनुगमन गरेको भनी अनुगमन भत्ता रु. ३,०८,१६१।- भुक्तानी भएको देखिएकोले पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

गो. भौ. न./ मिति	वडा नं	संख्या	शिर्षक	रकम
५२।२०८१।०३।२४	६	१२	विषयगत समिति उपसमिति बैठक भत्ता	१,६१,०००
१४।२०८१।०१।१२	६	११	योजना अनुगमन सुपरिवेक्षण भत्ता	१,३५,०००
४७।२०८१।०२।०१	३	१४	योजना अनुगमन तथा मुल्यांकन खर्च	१,७३,०००

अनियमित भएको	३,०८,१६१

१०८.२ **सूचना प्रकाशन :** गोरखापत्र मार्फत सरकारी कार्यालयको सूचना प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने व्यवस्था छ । अन्य विभिन्न पत्रिकाहरुले पनि सूचना प्रकाशनको विलमा १५ प्रतिशत सम्म यस्तो छुट दिने गरेका छन् । वडाले सूचना प्रकाशन गराए बापत यस वर्ष रु. २,००,००० भुक्तानी गरेकोमा कुनै पनि छुट नलिएकोले कम्तिमा १५ प्रतिशत छुट हुने रकम कार्यालयलाई थप व्ययभार परेको छ । वडाले छुट प्राप्त गर्ने गरी भुक्तानी गर्नुपर्ने देखिन्छ ।

१०८.३ **सडक वत्ती-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको छ । वडा कार्यालय खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा विद्युत सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

भौ.नं र मिति	खरिद कार्य	भुक्तानी फर्म	भुक्तानी रकम
३।८०।१०।२	एल.ई.डि बल्व, wire उज्यालो वडा	घिमिरे इलेक्टोनिक्स एल.ई.डि	१३३४३४
८।८०।१२।१३	उज्यालो वडा कार्यक्रम एल.ई.डी	जि.आर.स्टिल एण्ड मिल	१४९२२७
१०।८०।१२।२०	उज्यालो वडा एल.इ.डी	बसन्त इन्टरप्राइजेज	१६९६६
जम्मा			**२९९६२७**

अनियमित भएको	२,९९,६२७

१०८.४ **सामुदायिक भवन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद सम्बन्धी कारवाही गर्नुहुदैन भन्ने व्यवस्था छ । भौ.न. १९।८१।१।१२ वडा कार्यालयले नागरिक चेतना सामुदायिक भवन निर्माण उ.स. लाई रु ५४९४७१। भुक्तानी गरेकोमा जग्गा प्रयोग गर्ने स्वीकृति नेपाल सरकारबाट नलिएको, लालपूर्जा र नक्सा स्वीकृति बिना घर निर्माण गरेको छ । यसरी भएको खर्च नियमसम्मत देखिएन ।

१०९ **१५ नं. वडा कार्यालय तर्फः**

१०९.१ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ (क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । वडाले गोश्वरा भौचर ६२।८१।३।२० बाट विभिन्न मितिमा वडाका कार्यक्रम र योजना अनुगमन भनी विभिन्न ५ कर्मचारी र पदाधिकारीलाई अनुगमन गरे बापत कर बाहेकको रकम रु. २३८००। भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२३,८००

१०९.२ **अन्य निकायको खर्च** - वडाले सभाबाट वार्षिक कार्यक्रम बमोजिम विनियोजन ऐनले निर्धारण गरेको क्षेत्रमा खर्च गर्नुपर्दछ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले उत्पादनमूलक प्राथमिकता प्राप्त क्षेत्रमा वजेटको उदेश्यमूलक उपयोग हुनुपर्ने व्यवस्था गरेको छ । वडाबाट बजेट व्यवस्थापन गर्दा निम्नानुसारको भौचर नं र मितिमा पालिकाले स्वीकृति नदिएको शिर्षकमा गैर सरकारी संस्थाहरु र अन्य निकायहरुको लागि समेत खर्च लेखेको छ । यसरी खर्च गर्दा बजेटको उदेश्य र खर्चको उत्पादकत्व नरहने देखिएकोले रु.८८८४१४ नियमसम्मत नभएको रु.

भौचर नं र मिति	**भुक्तानी पाउनेको नाम**	**विवरण**	**भुक्तानी रकम**
२१।८०।११।०२	दिव्य सेवा निकेतन	अनुदान सहयोग	४८८४१४
४०।८१।१।२८	दिव्य सेवा निकेतन	अनुदान सहयोग	२०००००
६५।८१।३।२०	टोल विकास संस्था वडा समन्वय समिति	खेलकुद कार्यक्रम	२०००००
जम्मा			**८८८४१४**

अनियमित भएको	८,८८,४१४

१०९.३ **कर रकमः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरे बापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था उल्लेख छ । वडाको श्रेस्ता नमूना परीक्षण गर्दा निम्नानुसारको भौचर नं र मितिमा भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी असुल गर्नु पर्ने तथा निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

भौचर नं र मिति	**भुक्तानी पाउने**	**विवरण**	**कट्टा भएको**	**नपुग कर**
५७।८१।३।७	न्यानो नेपाल	नेतृत्व विकास तालीम	७४०६	७५९४
५२।८१।२।२५	युवा विकासका लागि युवा एकता	कार्यक्रम खर्च	४६३५	१०३६५
६८।८१।३।२४	महिला जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि.	महिला बालबालवालिका तथा जेष्ठ नागरिक लक्षित कार्यक्रम	६७८०	१५७२०
६६।८१।३।२०	चुरे शिखर कृषि सहकारी संस्था लि	मिल्क एनालाइजर खरिद गरेको	५२१८	२९२१८
जम्मा				**६२८९७**

असुल गर्नुपर्ने	६२,८९७

१०९.४ **पाम्समा दाखिला बेगर हस्तान्तरण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ अनुसार खरिद हस्तान्तरण भई आएका मालसामानको अभिलेख राख्नुपर्ने र मिति २०७७।७।२६ मा महालेखा नियन्त्रको कार्यालयले गरेको परिपत्र अनुसार सार्वजनिक सम्पत्ति सूचना प्रणाली (PAMS) मा प्रविष्टि गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । वडा कार्यालयले निम्नानुसार सामाग्री खरिद गरी खर्च लेखेकोमा ति सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

भौ.नं र मिति	**भुक्तानी पाउने संस्था**	**बुझाएको संस्था**	**भुक्तानी रकम**
२२।८०।१२।०८	म्याकबुक खरिद	वडा कार्यालय	१९५०००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१,९५,०००

११० **७ नं वडा कार्यालय तर्फः**

११०.१ **वितरणमूखी कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडाले निम्नानुसारका वितरणमूखी कार्यक्रमहरु सञ्चालन गरी रु. ५४६७७४ खर्च गरेको देखियो । सरकारी रकमकको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

गो..नं / मिति	**वितरण गरेको सामाग्री**	**रकम**	**कैफियत**
१६।८०।१०।२१	खेलकुद सामग्री	१४७५९१	खेलकुद कार्यक्रम
१७।८०।१०।२१	खेलकुद सामग्री	७०५७९	हरियालि टोल बिकास संस्था
३३।८१।१।२१	खेलकुद सामग्री	१२८६०४	मेयर कप फुटबल प्रतियोगितामा
७०।८१।३।२४	पोशाक खरिद	२०००००	नवज्योती मा बि का कक्षा ८ सम्मका बालबालिकाको लागि
जम्मा		**५४६७७४**	

११०.२ **अतिरिक्त भत्ताः** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(४) अनुसार कर्मचारीलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धीत स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यर्होने गरी आवश्यक व्यवस्था गर्न सक्ने उल्लेख छ । सार्वजनिक बिदाको दिन काम गरेमा ६०० र कार्यालय समय बाहेकको समयमा काम गरेमा ३०० दिने व्यवस्था भए बमोजिम गो भौ नं ७६।८१।३।२४ बाट वडाले कार्यरत कर्मचारीलाई कार्यबोझका आधारमा कार्यालय समय बाहेक अतिरिक्त समय काम गरेबापत बैशाख र असार महिनाको लागि वडा सचिव भैरव बहादुर कुमाल, बरिष्ठ सहायक रोजिना सापकोटा र लेखापाल सुरक्षा पहारीलाई यस वर्ष कर बाहेक रु. १९८९० भत्ता भुक्तानी गरेको छ । यसरी भत्ता भुक्तानी गर्दा कार्यसम्पादनलाई आधार नमानी एकै दरमा सबै कर्मचारीलाई तलबको प्रतिशतका आधारमा भुक्तानी गरेकोले विद्युतिय हाजिरीमा अतिरिक्त कार्य गरेको प्रमाण प्रविष्टि गरी अतिरिक्त समयमा गर्नुपर्ने कार्यसम्पादनको सूचक तयार गरी भुक्तानी हुनुपर्दछ ।

११०.३ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा (३) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । विभिन्न मितिमा आ. व. २०८०।८१ मा सञ्चालन भई सम्पन्न भएको योजनाहरु हरियाली बस्ती पछाडी तटबन्धन कार्य, जीवन कार्कीको घर पछाडीको बाटो स्ल्याव ढलान, दिवा सेवा केन्द्र निर्माण, उद्यम सिप विकास कार्यक्रम (अचार बनाउने तालीम) लगायतका वडाका योजना अनुगमन भनी गोश्वरा भौचर ६१।२०८१।२।२८ बाट अनुगमनकर्ता वडा अध्यक्ष लगायतका विभिन्न पदाधिकारी/ कर्मचारीलाई अनुगमन समिक्षा बैठक बसि कर बाहेकको रकम रु. १,१९,००० भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,१९,०००

११०.४ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । वडा कार्यलयले भौ.न.८।८०।१०।२९ बाट किरणचोक भित्रि बाटो स्ल्याव ढलान निर्माण उ.स. सँग रु ९८२८०३।- मा सम्झौता गरी कार्य सम्पन्न गरेको छ । यसरी उपभोक्ता समितिबाट कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान अनुसार कार्य गर्नुपर्दछ ।

११०.५ **बत्ती जडान र मर्मत-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालय खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । भौ.न. ३।८०।९।२६ बाट सडक वत्ती खरिद तथा जडान बापत रु १९४९२६ भुक्तानी भएको देखिन्छ। यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

अनियमित भएको	१,९४,९२६

१११ **८ नं वडा कार्यालय तर्फः**

१११.१ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ (क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमाआफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । वडाले विभिन्न मितिमा आ. व. २०८०।८१ मा सञ्चालन भई सम्पन्न भएको योजनाहरु गोरखेश्वर कालिका मन्दिर पुर्वाधार निर्माण, राधा स्वामी भित्र सडक स्ल्याप ढलान निर्माण हिमगंगा विद्यालयको उत्तर तर्फ सडक निर्माण, लगायतका वडाका योजना अनुगमन भनी गोश्वरा भौचर ५१।२०८१।१।१७ बाट अनुगमनकर्ता श्री राम कृष्ण थापा लगायत ९ जना विभिन्न पदाधिकारी / कर्मचारीलाई अनुगमन समिक्षा बैठक बसि कर बाहेकको रकम रु. १०७१०० भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,०७,१००

१११.२ **वितरणमूखी कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडाले निम्नानुसारका वितरणमूखी कार्यक्रमहरु सञ्चालन गरी रु १९,०४,३५०। खर्च गरेको देखियो । सरकारी रकमकको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

भौ.न. / मिति	वितरण गरेको सामाग्री	रकम	कैफियत
११।८०।९।२२	खेलकुद साम्रगी	३८६५०५	खेलकुद समितिलाई वडा अध्यक्ष कप फुटवल र कमाने प्रतियोगिता
२१।८०।१०।८	खेलकुद सामग्री	५००००	कमाने क्रिकेट क्लाव
२२।८०।१०।१२	सेनेटरी प्याड	३२५००	सामुदायिक तथा निजी बिद्यालयक
२३।८०।१०।१५	विद्यालय पोशाक	४९८१५८	चन्द्रोदय मा वि र हिमगंगा प्रा वि
२४।८०।१०।१५	कमाने महोत्सव	३०००००	व्यापार प्रवर्दन एवं प्रदर्शनी
३६।८०।१२।७	आल्मुनियम पार्टसन	९९८०७	कमाने स्वास्थ्य केन्द्र स्तनपान कक्षका लागि
५३।८१।१।३१	छात्रवृत्ति	३३८०००	जनप्रिय मा वि प्रगति मा वि वंश गोपाल मा बि लगायत
६५।८१।२।२१	औषधि खरिद	१९९३८०	नसर्ने रोगको औषधि खरिद गरि बितरण
जम्मा		**१९०४३५०**	

१११.३ **वत्ती जडान र मर्मतः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालय खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै फल्ड लाइट तथा सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च बापत रु ४९३६०३ भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

भौ.नं र मिति	खरिद कार्य	भुक्तानी फर्म	भुक्तानी रकम
२।०८०।८।१९	१५० थान एल.ई.डी वल्व लगायत	आरजे इलेक्ट्रोनिक्स	९२३५०
४।०८०।९।१	१७० थान एल.ई.डी वल्व लगायत	आरजे इलेक्ट्रोनिक्स	८३०००
३७।०८१।२।२	१५८ थान बिजुली पोल ब्राकेट	जिआर स्टिल एण्ड ग्रिल उद्योग	१६६०४२
४२।०८१।२।१४	१०५ थान एल.ई.डी वल्व तथा २ थान फ्लड लाइट	जिआर स्टिल एण्ड ग्रिल उद्योग	७७१७९
४८।०८१।२।२८	१०० थान एल.ई.डी वल्व तथा २ थान फ्लड लाइट	जिआर स्टिल एण्ड ग्रिल उद्योग	७५०३२
जम्मा			**४९३६०३**

अनियमित भएको	४,९३,६०३

१११.४ **निर्माणस्थल र पूर्वस्वीकृतः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद सम्बन्धी कारवाही गर्नुहुदैन भन्ने व्यवस्था छ । वडा कार्यालयले रेडक्रस भवन निर्माण गरे बापत भवन तथा कम्पाउण्ड वाल

निर्माण उ.स.लाई रु.५,८४,८६२।- भुक्तानी गरेकोमा जग्गा प्रयोग गर्ने स्वीकृति नेपाल सरकारबाट नलिएको, लालपूर्जा र नक्सा स्वीकृति बिना घर निर्माण गरेको छ । यसरी भएको खर्च नियमसम्मत नदेखिएको रु.

१११.५ **सिसिटिभी खरिद र जडानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) अनुसार सार्वजनिक निकायले मालसामानको खरिद गर्दा स्पेशिफिकेशन र खरिद विवरण बमोजिम प्राप्त भएको यकिन गर्नुपर्ने र निश्चित गुणस्तरको सुनिश्चित हुने सामानको मर्मत र संञ्चालनको दायित्व समेत वारेन्टी व्यवस्था हुनुपर्नेमा वडा कार्यालयले भौ.न. ६३।०८१।३।२० बाट सिसिटिभी जडान कार्य न्यू आइटि विजार्ड मार्फत गरी रु४,९८,७८२।- भुक्तानी गरेको छ । साथै सिसिटिभी मार्फत निगरानी र जिम्मेवारीको दायित्व उपयुक्त संस्थालाई दिनुपर्नेमा मैदानटोल विकास संस्थालाई दिएको, खरिद सिसिटिभीको वारेन्टी नभएकोले मर्मत सम्भारमा जिम्मेवार बनाउन वारेन्टी प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	४,९८,७८२

१११.६ **बढी भुक्तानी :** हेटौँडा उपमहानगरपालिकाले पारित गरेको सार्वजनिक निर्माण र खरिद कार्य सम्बन्धी दर विश्लेषण अनुसार Rubble masonary सम्बन्धी कार्यमा प्रति वर्ग मि रु८,२१९।- र Pcc work for १:३:६ (M१०) मा रु७,४७४।- तय गरेको छ । वडा कार्यालयले ओमनगर खेल मैदान फिल्ड सम्माउने र कम्पाउण्ड वाल उसलाई निम्नानुसार रु१७३६१३ बढी हुने गरी भुक्तानी दिएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

खरिद कार्य	परिमाण	बढी लेखेको	बढी रकम
रुवल मेशिनरी कार्य M10, PPC (1:3:६)	८६.५६	१८११	१५६७६०
	५.६९	२९६२	१६८५३
जम्मा			**१७३६१३**

असुल गर्नुपर्ने	१,७३,६१३

११२ ९ नं वडा कार्यालय तर्फः

११२.१ **कर रकमः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरेबापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था उल्लेख छ । वडाको श्रेस्ताको नमूना परीक्षण गर्दा निम्न अनुसारको भौचर नं र मितिमा भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी तहाँ बाटै असुल गर्नु पर्ने तथा निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

भौचर नं र मिति	भुक्तानी पाउने	विवरण	कट्टा भएको	नपुग कर
५।८०।८।७	त्रिवेणी युवा क्लव	अनुदान	३९६४	११०३६
१०७।८१।३।१७	मकवानपुर वेरोजगार युवा संगठन	कम्प्युटर तालीम	२०८५२	९१४८
जम्मा				**२०१८४**

असुल गर्नुपर्ने	२०,१८४

११२.२ **बहुउदेश्यीय सामुदायिक भवनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद सम्बन्धी कारवाही गर्नुहुदैन भन्ने व्यवस्था छ । भौ.न. २७।८०।११।१६ वडा कार्यालयले बहुउदेश्यीय सामुदायिक

वडा भवन निर्माण गर्न बापत उ.स. लाई रु. ९९७६०० भुक्तानी गरेकोमा जग्गा प्रयोग गर्ने स्वीकृति नेपाल सरकारबाट नलिएको, लालपूर्जा र नक्सा स्वीकृति बिना घर निर्माण गरेको छ । यसरी भएको खर्च नियमसम्मत देखिएन।

अन्य निकायको खर्चः वडाले सभाबाट वार्षिक कार्यक्रम बमोजिम विनियोजन ऐनले निर्धारण गरेको क्षेत्रमा खर्च गर्नुपर्दछ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले उत्पादनमूलक प्राथमिकता प्राप्त क्षेत्रमा वजेटको उदेश्यमूलक उपयोग हुनुपर्ने व्यवस्था गरेको छ । वडाबाट बजेट व्यवस्थापन गर्दा निम्नानुसारको भौचर नं र मितिमा पालिकाले स्वीकृति नदिएको शिर्षकमा गैर सरकारी संस्थाहरु र अन्य निकायहरुको लागि समेत खर्च लेखेको छ । यसरी खर्च गर्दा बजेटको उदेश्य र खर्चको उत्पादकत्व नरहने देखिएकोले रु.२०,८२,१३९।- नियमसम्मत नभएको रु.

भौचर नं र मिति	**भुक्तानी पाउनेको नाम**	**विवरण**	**भुक्तानी रकम**
११७।८१।३।२३	मानव सेवा आश्रम	अनुदान सहयोग	१९६३३३९
४४।८०।८।२४	श्री प्रगति माध्यमिक विधालय	अनुदान सहयोग	५९४००
४५।८०।८।२४	श्री दिव्यज्योति आधारभुत विधालय	अनुदान सहयोग	५९४००
जम्मा			**२०८२१३९**

११२.३ **एन.जि.ओ.मा खर्च**: सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सार्वजनिक खर्चको व्यवस्थापन गर्दा अधिकतम सार्वजनिक हित मितव्ययी र प्रतिस्पर्धी तवरले गर्नुपर्ने व्यवस्था छ । वडा कार्यालयले निम्नानुसारको भौ.नं मा गैर सरकारी संस्थालाई निम्न कार्यमा भुक्तानी गरेकोमा यसरी भएको खर्चले प्रत्यक्ष सार्वजनिक हित सिर्जना नहुने हुँदा यसरी भएको खर्च नियमसम्मत नदेखिएको रु.

भौ.न. र मिति	**संस्थाको नाम**	**भुक्तानी पाउने**
४१।८१।१।३१	हेटौँडा जेसिस भबन फल्स सिलिङ्ग निर्माण उ.स.	५००००४
४९।८१।२।१३	बेतखोल्सी सामुदायिक वन उपभोक्ता समितिमा मर्मत सम्भार र ग्राभेल लगायत	६२२०००
जम्मा		**११२२००४**

अनियमित भएको	११,२२,००४

११२.४ **सडक वत्ती-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ ।यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालय खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

भौ.नं र मिति	खरिद कार्य	भुक्तानी फर्म	भुक्तानी रकम
२।८०।८।७	उज्यालो वडा - वल्व	अंकुश इन्टरप्राइजेज	९२९९९
१४।८०।१०।१५	उज्यालो वडा कार्यक्रम वल्व र अन्य	अंकुश इन्टरप्राइजेज	८४९७७
३६।८१।१।२	विद्युत सामाग्री खरिद	अंकुश इन्टरप्राइजेज	८५१८५
६८।८१।३।५	विद्युत सामाग्री	अंकुश इन्टरप्राइजेज	११८३१४
जम्मा			**३८२४७५**

अनियमित भएको	३,८२,४७५

११२.५ CCTV जडान

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **१४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

११२.६ **जनसहभागीता** - हेटौँडा उपमहानगरपालिकाले पारित गरेको निर्णय र खरिद कार्यविधि अनुसार उपमहानगर क्षेत्रमा खरिद कार्य गर्दा सडक, भवनमा २० प्रतिशत र अन्य निर्माण र खरिद कार्यमा १० प्रतिशत जनसहभागीता बापत रकम खर्च लेख्नुपर्ने व्यवस्था छ । वडा अन्तर्गतका निम्नानुसारका संस्थाले सडक निर्माण कार्य गरेकोमा उपमहानगरपालिकाको नीतिगत व्यवस्था फरक पर्ने गरी १० प्रतिशत को आधारमा सम्झौता गरी रु.३५६२२३ बढी भुक्तानी भएकाले उक्त रकम सम्बन्धित उपभोक्ता समिति र संस्थाबाट असुर उपर गर्नुपर्ने रु.

भौ.न. र मिति	संस्थाको नाम	उपभोक्ता समिति र सडक	सम्झौता	भएको सम्झौता	असुल गर्नुपर्ने रु.
१६।८०।१०।१६	उपभोक्ता समित	शान्तिचोक देखि धाप सडक स्तरउन्नती	१८७५०००	१६१६०००	२५९०००
६७।८१।२।३९	श्रीलंका टोल विकास संस्था	स्ल्याब ढलान कल्भर्ट	८७५०००	७७७७७७	९७२२३
जम्मा			**२७५००००**	**२३९३७७७**	**३५६२२३**

असुल गर्नुपर्ने	३,५६,२२३

११२.७ **उपभोक्ता समिति मार्फत खरिद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गर्दा श्रममूलक तथा जनसहभागीता प्रवर्द्धन हुने र स्वामित्व हुने किसिमको निर्माणजन्य कार्यमा खर्च गर्नुपर्नेमा भौ.न. १०।८०।९।२ बाट प्रगति टोल विकास संस्थामा ट्रस निर्माण र कुर्सि खरिद कार्यबापत रु ६००००० भुक्तानी गरेकोले यसरी भएको खर्च नियमसम्मत नभएका रु.

अनियमित भएको	६,००,०००

११३ **१० नं वडा कार्यालय तर्फः**

११३.१ **कर रकमः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरे बापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था उल्लेख छ । वडाको श्रेस्ता नमूना परीक्षणमा गर्दा निम्न अनुसारको भौचर नं र मितिबाट भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी असुल गर्नु पर्ने तथा

निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

भौचर नं र मिति	विवरण	भुक्तानी पाउने	कट्टा भएको	नपुग कर
५८।८०।१२।८	घरेलु उत्पादन प्रवर्द्धन कार्यक्रम	जालपादेवी महिला उद्यमि केन्द्र	२७४०६	९८५९४
६७।८१।१।६	महिला उद्यमलाई ढाका बुनाई कार्यक्रम	हेटौँडा ढाका उद्यमी समूह	१५३०६	४४६९४
१०२।८१।३।७	योग अभ्यास	डा टोनि हेगन स्मृति विकास मञ्च	१०८६०	४१४०
१०९।८१।३।२०	सेल्फ मेकप तालीम	आश्रय नेपाल	४५१२	९१६२
जम्मा				**१५६५९०**

असुल गर्नुपर्ने	१,५६,५९०

११३.२ **योजना अनुगमन** : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ (क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमाआफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । विभिन्न मितिमा आ ब २०८०।८१ मा सञ्चालन भई सम्पन्न भएको योजनाहरु विभिन्न वडाका योजना अनुगमन भनी गोश्वरा भौचर ३२।८०।१२।२० र ५७।२०८१।३।१० बाट अनुगमनकर्ता वडाध्यक्ष लगायत १० विभिन्न पदाधिकारी/कर्मचारीलाई अनुगमन समिक्षा बैठक बसी कर बाहेकको रकम रु १,७०,०००।- भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,७०,०००

११३.३ **वितरणमूखी कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडाले निम्नानुसारका वितरणमूखी कार्यक्रमहरु सञ्चालन गरी रु ९,८४,१३६। खर्च गरेको देखियो । सरकारी रकमकको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

भौ.न. / मिति	वितरण गरेको सामाग्री	रकम	कैफियत
१८।८०।८।२५	स्वास्थ्य उपचार सहयोग	३५०००	गरिव विपन्न उपचार सहयोग
२८।८०।१२।२१	खेलकुद पोशाक तथा सामाग्री	८५४३७	छैटौ संस्करण उपमेयर महिला तथा पुरुष भलिबल प्रतियोगिता
५०।८०।११।११	इलेक्ट्रिक ग्यास गिजर	५३६९९	संस्कृत वेद बिद्यालयलाई हस्तान्तरण
६९।८१।१।१४	आर्थिक सहयोग	४००००	नवौ राष्ट्रिय भेट्रान्स कपको लागि सहयोग
७१।८१।१।२१	छात्रवृत्ति	२५०००	छात्रवृत्तिबापत मकवानपुर बहुमुखि क्याम्पस
८९।८१।२।३२	तामाङ भेषभुषा र गहना	४५०००	तामाङ भेषभुषा र गहनाबापत सहयोग
९८।८१।३।२	कुखुराको चल्ला, दाना, भिटामिन	२०००००	वडामा कुखुराको चल्ला, दाना, भिटामिन वितरण
९७।८१।३।२	खेलकुद पोशाक तथा सामाग्री	५०००००	न्यु कम्बाइन क्लवमा खेलकुद सामाग्री
जम्मा		**९८४१३६**	

११३.४ **सामान खरिद र जडान-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) अनुसार सार्वजनिक निकायले मालसामानको खरिद गर्दा स्पेशिफिकेशन र खरिद विवरण बमोजिम प्राप्त भएको यकिन गर्नुपर्ने र निश्चित गुणस्तरको सुनिश्चित हुन सामान मर्मत र संञ्चालनको दायित्व समेत वारेन्टी व्यवस्था हुनुपर्नेमा निम्नानुसार खरिद कार्य गर्दा विना वारेन्टी खरिद गरेकाले मर्मत र सम्भारमा जिम्मेवार बनाउन वारेन्टी प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

भौ.नं र मिति	**खरिद कार्य**	**भुक्तानी फर्म**	**भुक्तानी रकम**
९।८०।९।२७	विभिन्न स्थानमा १ थान CCTV जडान	बापु सप्लायर्स	१७७९७५
५५।८१।३।२०	वडाको विविध स्थानका सिसिक्यामेरा	टेकलाइट ग्रुप ट्रेड कन्सर्न	८१९४०२
जम्मा			**९९७३७७**

अनियमित भएको	९,९७,३७७

११३.५ **वत्ती जडान र मर्मत** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालयले विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो । वडा कार्यालय खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन। यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

भौ.नं र मिति	खरिद कार्य	भुक्तानी फर्म	भुक्तानी रकम
७।८०।९।१९	एलइडी वल्ब वत्ती जडान	डिजि इन्टरप्राइजेज	५८७६०
८।८०।९।२५	एलइडी वल्ब वत्ती जडान	डिजि इन्टरप्राइजेज	२२७२६
१८।८०।११।११	एलइडी वल्ब वत्ती जडान	डिजी इन्टरप्राइजेज	२४७४०
३०।८१।११।२१	सेन्सर बत्ति	सजन इलेक्टिकल	९८९००
३०।८१।१३	वत्ती व्यवस्थापन	पौडेल विद्युत सामाग्री सप्लार्यस	४२९९६
जम्मा			२४८११२

अनियमित भएको	२,४८,११२

११३.६ **गैर सरकारी संस्था खर्च-** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सार्वजनिक खर्चको व्यवस्थापन गर्दा अधिकतम सार्वजनिक हित मितव्ययी र प्रतिस्पर्धी तवरले गर्नुपर्ने व्यवस्था छ । वडा कार्यालयले निन्न भौ.नं मा गैर सरकारी संस्थालाई निम्न कार्य गरेबापत रु.३७६२३८६ भुक्तानी गरेकोमा यसरी भएको खर्चले प्रत्यक्ष सार्वजनिक हित सिर्जना नहुने हुँदा यसरी भएको खर्च नियमसम्मत नदेखिएको रु.

भौ.न. र मिति	संस्थाको नाम	भुक्तानी पाउने
२७।८१।१।०६	नेत्रज्योति टोलविकास संस्था	९९५०६१
३४।८१।२।११	महिला उधमी केन्द्र कोशेली घर निर्माण उ.स.	१५००००६
४१।८१।२।२३	न्युरेनी टोल विकास संस्था	७७७२४६
५४।८१।३।२०	टोलविकास भवन, टोल विकास संस्था निर्माण गर्न, कुलेखानी सिस्नेरी भुक्तानी खर्च लेखेको, दक्षिणकाली निर्माण केन्द्र	४९००७३
जम्मा		**३७६२३८६**

अनियमित भएको	३७,६२,३८६

११३.७ **जग्गा व्यवस्थापन नभै खरिद**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद सम्बन्धी कारवाही गर्नुहुदैन भन्ने व्यवस्था छ । वडा कार्यालयले निम्नानुसारका कार्य गरेकोमा जग्गा प्रयोग गर्ने स्वीकृति नेपाल सरकारबाट नलिएको, लालपूर्जा र नक्सा स्वीकृति बिना घर निर्माण गरेको छ । यसरी भएको खर्च कानुनी प्रावधान अनुसार नभएकोले कानुनी प्रकृयाको पालना गरी कार्य गर्नुपर्दछ ।

भौ.नं र मिति	भुक्तानी पाउने संस्था	भुक्तानी रकम
१२।८०।१०।२२	नसिङ्ग भवन निर्माण उ.स.	६२८२३९
१६।८०।११।२	नसिङ्ग भवन निर्माण उ.स.	३६८९४२
२४।८०।१२।८	राप्ती पार्क निर्माण उ.स.	९९९८३४
४३।८१।३।०६	नमुना टोल सामुदायिक भवन निर्माण उ.स.	४४६७९४
जम्मा		**२४४३८०९**

जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । भौ.न. ५९।८१।३।२३ बाट मिनिघण्टाघर निर्माण उ.स. सँग रु. २११५९७६ मा सम्झौता गरी कार्यसम्पन्न गरेको छ । यसरी उपभोक्ता समितिबाट कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान अनुसार कार्य गर्नुपर्दछ ।

११४ **११ नं वडा कार्यालय तर्फः**

११४.१ **कर रकमः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरेवापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । वडाको श्रेस्ता नमूना परीक्षणमा पालिकाले निम्न अनुसारको भौचर नं र मितिबाट भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो।नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी असुल गर्नु पर्ने तथा निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

भौचर नं र मिति	भुक्तानी पाउने	विवरण	कट्टा भएको	नपुग कर
२२।८०।११।१६	खेलकुद विकास समिति	खेलकुद आयोजना	१२००७	३५८६०
७५।८१।३।१७	उज्यालो भविष्य फाउन्डेशन	शिक्षा सम्बन्धी कार्यक्रम	१४१८	१३३००
३६।८१।३।३१	मानव अधिकारको लागि एकल महिला समूह	एकल महिला सम्बन्धी विविध कार्यक्रम	२१६१	१२८३९
जम्मा				६१९९९

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रु **५,४१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	६१,९९९

११४.२ **योजना अनुगमन** : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ (क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमाआफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । वडाबाट विभिन्न मितिमा वडाका कार्यक्रम र योजना अनुगमन भनी विभिन्न कर्मचारी र पदाधिकारीलाई अनुगमन गरे बापत भौ. नं ५२।८१।२।२४ बाट कर बाहेक रु. ९३५००। र ८२।८१।३।१९ बाट कर बाहेक रु. ३४०००। गरि जम्मा रु. १२७५००। भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,२७,५००

११४.३ **गै.स.स.मा खर्च:** सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम सार्वजनिक खर्चको व्यवस्थापन गर्दा अधिकतम सार्वजनिक हित हुनेगरी मितव्ययी र प्रतिस्पर्धी तवरले गर्नुपर्ने व्यवस्था छ । वडले भौ.न. ६१।८१।३।२४ बाट खर्च लेख्दा नेपाल परिवार नियोजन संघ नेपाललाई भवन निर्माण र रगंरोगनमा रु. ५००००० खर्च गरेकोले उक्त खर्चले प्रत्यक्ष सार्वजनिक हित नभएकोले यस्तो खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५,००,०००

११४.४ **सामान खरिद र जडान** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ ।यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालय खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन। यसरी भएको खरिद कार्यमा प्रमाण पेश गरी नियमित गर्ने रु.

भौ.नं र मिति	**खरिद कार्य**	**भुक्तानी फर्म**	**भुक्तानी रकम**
७।८०।१०।२४	उज्यालो वडा कार्यक्रम २०० थान वत्ती जडान	आर जे इलेक्टोनिक्स	८१३६०
१५।८०।११।२४	उज्यालो वडा कार्यक्रम स्टीङ लाइट समेत	जि. आर.स्टिल एण्ड ग्रिल उधोग	१७६४४९
जम्मा			**२५७८०९**

अनियमित भएको	२,५७,८०९

११४.५ **अन्य निकायको खर्च** - वडाले सभाबाट वार्षिक कार्यक्रम बमोजिम विनियोजन ऐनले निर्धारण गरेको क्षेत्रमा खर्च गर्नुपर्दछ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले उत्पादनमूलक प्राथमिकता प्राप्त क्षेत्रमा वजेटको उदेश्यमूलक उपयोग हुनुपर्ने व्यवस्था गरेको छ । वडाबाट बजेट व्यवस्थापन गर्दा निम्नानुसारको भौचर नं र मितिमा पालिकाले स्वीकृति नदिएको शिर्षकमा गैर सरकारी संस्थाहरु र

अन्य निकायहरुको लागि समेत खर्च लेखेको छ । यसरी खर्च गर्दा बजेटको उदेश्य र खर्चको उत्पादकत्व नरहने देखिएकोले रु.१९७०४३ नियमसम्मत नभएको रु.

भौचर नं र मिति	**भुक्तानी पाउनेको नाम**	**विवरण**	**भुक्तानी रकम**
४१।८१।२।१	मामाघर नेपाल	जेष्ठ नागरिक सम्मान	१९७०४३

अनियमित भएको	१,९७,०४३

११४.६ **निर्माण स्थल र पूर्व स्वीकृति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद सम्बन्धी कार्य गर्नुहुदैन भन्ने व्यवस्था छ । वडा कार्यालयले जग्गा प्रयोग गर्ने स्वीकृति नेपाल सरकारबाट नलिएको, लालपूर्जा र नक्सा स्वीकृति बिना घर निर्माण गरेको छ । कानुनी व्यवस्थाको पालना हुनुपर्दछ ।

भौ.नं र मिति	**भुक्तानी पाउने संस्था**	**भुक्तानी रकम**
१०।८०।११।८	गोलिफगङ्गटार सामुदायिक भवन	९४००००
१४।८०।११।२४	एकल महिला सामुदायिक भवन	९९९४६५
३०।८१।२।७	सिमलटार खेल मैदान निर्माण उ.स.	१८३३२५४
जम्मा		**३७७२७१९**

११४.७ **सामान खरिद र जडान** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) अनुसार सार्वजनिक निकायले मालसामानको खरिद गर्दा स्पेशिफिकेशन र खरिद विवरण बमोजिम प्राप्त भएको यकिन गर्नुपर्ने र निश्चित गुणस्तरको सुनिश्चित हुन सामानको मर्मत र संञ्चालनको दायित्व समेतको वारेन्टी व्यवस्था हुनुपर्नेमा निम्नानुसार खरिद कार्य गर्दा विना वारेन्टी खरिद गरेकाले मर्मत र सम्भारमा जिम्मेवार बनाउन वारेन्टी प्रमाण पेश गरी नियमित हुनुपर्ने रु.

भौ.नं र मिति	खरिद कार्य	भुक्तानी फर्म	भुक्तानी रकम
४०।८१।३।१४	CCTV जडान	एराटेक्स सप्लायर्स	२९९२५०
५१।८१।३।११	खुला जिम सामाग्री हेटौँडा	संगम सप्लायर्स	३९६०००
जम्मा			६९५२५०

अनियमित भएको	६,९५,२५०

११५ **१२ नं वडा कार्यालय तर्फः**

११५.१ **कर रकमः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरे बापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । वडाको श्रेस्ताको नमूना परीक्षण गर्दा निम्नानुसारको भौचर नं र मितिबाट भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी असुल गर्नुपर्ने तथा निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

भौचर नं र मिति	भुक्तानी पाउने	विवरण	कट्टा भएको	नपुग कर
५।८०।१२।२१	सामाजिक शिक्षा तथा ग्रामिण विकास संस्था नेपाल मकवानपुर	व्याग पर्स झोला बनाउने तालीम	२२००	१२८००
८।८१।१।४	सामाजिक शिक्षा तथा ग्रामिण विकास संस्था नेपाल मकवानपुर	धुप बनाउने तालीम	२७००	१२३००
१०।८१।१।२५	महिला सेवा बचत तथा ऋण सहकारी सस्थां लि	सचेतना कार्यक्रम	३२२०	५७८०
जम्मा				**३०८८०**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१२,३४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **१३,४१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३०,८८०

११५.२ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ क मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । वडाबाट ४३।८१।३।२३ बाट वडाका कार्यक्रम र योजना अनुगमन भनी विभिन्न कर्मचारी र पदाधिकारी सहित ८ जनालाई अनुगमन गरे बापत कर बाहेकको रकम रु. १२७५०० भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,२७,५००

११५.३ **अन्य निकायको खर्च** - वडाले सभाबाट वार्षिक कार्यक्रम बमोजिम विनियोजन ऐनले निर्धारण गरेको क्षेत्रमा खर्च गर्नुपर्दछ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले उत्पादनमूलक प्राथमिकता प्राप्त क्षेत्रमा वजेटको उदेश्यमूलक उपयोग हुनुपर्ने व्यवस्था गरेको छ । वडाबाट बजेट व्यवस्थापन गर्दा निम्नानुसारको भौचर नं र मितिमा पालिकाले स्वीकृति नदिएको शिर्षकमा गैर सरकारी संस्थाहरु र अन्य निकायहरुको लागि समेत खर्च लेखेको छ । यसरी खर्च गर्दा बजेटको उदेश्य र खर्चको उत्पादकत्व नरहने देखिएकोले रु ३१९१०० नियमसम्मत नभएको रु.

भौचर नं र मिति	भुक्तानी पाउनेको नाम	विवरण	भुक्तानी रकम
४।८०।१२।१५	रियल स्टार युवा क्लब	अनुदान	२५००००
६।८०।१२।२३	सामुहिक दुर्गा पुजा समारोह	धार्मिक तथा सास्कृतिक कार्यक्रम	४९१००
१२।८१।२।३	महिला बचत तथा ऋण सहकारी सस्था लिमिटेड	कार्यक्रम खर्च	२००००
जम्मा			**३१९१००**

अनियमित भएको	३,१९,१००

११५.४ **मेशिन प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिष्ट्रिब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नपाइने व्यवस्था छ ।

वडाले यस वर्ष उपभोक्ता समितिबाट सम्पन्न योजनाहरुमा मेशिन प्रयोग गरेको पाइयो । यस सम्बन्धी केही उदाहरण निम्नानुसार रहेका छन् ।

भौ.च र मिति	खरिद कार्य	घण्टा	खर्च
१०।८०।९।२३	गुरु रेन्वो पार्क निर्माण उ.स.	२६	९५२२७
१२।८०।९।२५	प्रगतिटोल भेषघलानको घरबाट चोकको घर जाने वाटो स्तरीकरण	१४	४५०००
जम्मा			**१४०२२७**

११६ **१३ नं. वडा कार्यालय तर्फः**

११६.१ **कर रकमः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरे बापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । वडाको नमूना परीक्षण गर्दा निम्नानुसारको भौचर नं र मितिबाट भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो।नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी असुल गर्नु पर्ने तथा निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

भौचर नं र मिति	भुक्तानी पाउने	**विवरण**	**कट्टा भएको**	**नपुग कर**
६।८०।१०।१८	मकवानपुर क्योकुशिन कराते एशोसिएन	कराते सम्बन्धी कार्यक्रम	१७१४०	२७८६०
८।८०।१०।२५	सामाजिक शिक्षा तथा ग्रामिण विकास संस्था नेपाल मकवानपुर	मखमलको जुत्ता बनाउने तालीम	३७२५	२५५२५
२५।८१।२।६	महिला मिलन बचत तथा ऋण सहकारी सस्था लि	उधमशिलता तालीम	८०००	७०००
२६।८१।२।९	महिला सेवा बचत तथा ऋण सहकारी सस्थां	अचार दालमोट बनाउने तालीम	५५९०	९४१०
जम्मा				**६९७९५**

असुल गर्नुपर्ने	६९,७९५

११६.२ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ (क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । वडाले भौचर नं ४०।८१।३।२० बाट वडाबाट विभिन्न मितिमा वडाका कार्यक्रम र योजना अनुगमन भनी विभिन्न कर्मचारी र पदाधिकारीलाई अनुगमन गरे बापत कर बाहेकको रकम रु. २१२५००।- भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,१२,५००

११६.३ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । वडाले भौ.न. १६।८०।११।११ बाट कमेरो पानी अधुरो स्ल्याव ढलान निर्माण उ.स . सँग रु ९८३७९० सम्झौता गरी कार्यसम्पन्न गरेको छ । यसरी उपभोक्ता समितिबाट कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान अनुसार कार्य गर्नुपर्दछ ।

११७ **१४ नं. वडा कार्यालय तर्फः**

११७.१ **कर रकमः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरे बापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ । वडाको श्रेस्ता नमूना परीक्षण गर्दा निम्नानुसारको भौचर नं र मितिबाट भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी असुल गर्नु पर्ने तथा निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.

भौचर नं र मिति	**भुक्तानी पाउने**	**विवरण**	**कट्टा भएको**	**नपुग कर**
४५।८०।१२।१३	महिला वालबालिका तथा असहाय कल्याण	अचार बनाउने तालीम	४२३२	१०७६८
४७।८०।१२।१३	झलझली मल्टीक्रियशन म्युजिक स्टुडियो	सडक नाटक प्रदशन	७८९८	७१०२
४९।८०।१२।१४	जनज्योति तेकावान्दो डोजाङ्ग	खेलकुद कार्यक्रम	१६७०	१३३३०
७५।८१।२।२९	आश्रय नेपाल	उनको किरिङ्ग बनाउने तालीम	५५४७	९४५३
८८।८१।३।२३	समाजकल्याण युवा क्लव	लागऔषध विरुद्धको सचेतना	४७८०	१०२२०
५०।८०।१२।१८	मानव अधिकारका लगि एकल महिला समूह	कार्यक्रम खर्च	२४६३	१२५३७
जम्मा				६३४१०

असुल गर्नुपर्ने	६३,४१०

११७.२ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ क मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । वडाले भौचर नं ६९।८१।२।१ बाट विभिन्न मितिमा वडाका कार्यक्रम र योजना अनुगमन भनी विभिन्न कर्मचारी र पदाधिकारीलाई अनुगमन गरे बापत कर बाहेकको रकम रु. १२७५००। भुक्तानी गरेको देखिएको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,२७,५००

११७.३ **अन्य निकायको खर्च -** वडाले सभाबाट वार्षिक कार्यक्रम बमोजिम विनियोजन ऐनले निर्धारण गरेको क्षेत्रमा खर्च गर्नुपर्दछ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले उत्पादनमूलक प्राथमिकता प्राप्त क्षेत्रमा वजेटको उदेश्यमूलक उपयोग हुनुपर्ने व्यवस्था गरेको छ । वडाबाट बजेट व्यवस्थापन गर्दा निम्नानुसारको भौचर नं र मितिमा पालिकाले स्वीकृति नदिएको शिर्षकमा गैर सरकारी संस्थाहरु र अन्य निकायहरुको लागि समेत खर्च लेखेको छ । यसरी खर्च गर्दा बजेटको उदेश्य र खर्चको उत्पादकत्व नरहने देखिएकोले रु.६१९००० नियमसम्मत नभएको रु.

भौचर नं र मिति	भुक्तानी पाउनेको नाम	विवरण	भुक्तानी रकम
३३।८०।११।९	अनाथ अपाङ्ग बाल पुनस्थापना केन्द्र	अनुदान सहयोग	३०००००
७५।८१।२।२९	आश्रय नेपाल	अनुदान सहयोग	१०००००
७७।८१।२।२९	मामाघर नेपाल	अनुदान सहयोग	१०००००
४१।८०।१२।०७	गुप्तेश्वर भजन मण्डलि समूह	अनुदान सहयोग	११९०००
जम्मा			**६१९०००**

अनियमित भएको	६,१९,०००

११७.४ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । भौ.न. ६।८०।९।४ बाट तटवन्ध निर्माण हेटौँडा -१४ उपभोक्ता समितिसँग रु. ९८५८६६। मा सम्झौता गरी कार्यसम्पन्न गरेको छ । यसरी उपभोक्ता समितिबाट कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान अनुसार कार्य गर्नुपर्दछ ।

११८ **१६ नं. वडा कार्यालय तर्फः**

११८.१ **वितरणमूखी खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । वडाले निम्न भौचरबाट कार्यविधि बेगर वितरणमूखी कार्यक्रममा खर्च गर्दा सोबाट वडा/पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्चलाई वास्तविकता र आवश्यकतामा आधारित बनाई पारदर्शी तवरले गर्नुका साथै वितरणमूखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

गो. भौ. नं.। मिति	विवरण	रकम
४।२०८०।०८।२५	जस्ता फलाम वितरण	९९,२०९
२३।२०८०।१०।२९	जस्ता वितरण	५०,०००
६६।२०८१।०३।२४	जस्ता वितरण	३,७०,६२५
४२।२०८०।११।१३	वडा अवलोकन भ्रमण कार्यक्रम	२,००,०००
५५।२०८०।१२।१८	चेतनशील दुग्ध उत्पादन सहकारी संस्था	२,००,०००

११८.२ **वत्ती जडान र मर्मत-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालयमा खरिद भएका कतिपय मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत संभार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । भौ.न.८।८०।१०।७ मा उज्यालो वडा कार्यक्रममा रु.

१५५५४२ खर्च भएकोले सामानको मर्मत र वारेन्टीमा सप्लायर्सलाई जिम्मेवार बनाउन वारेन्टी प्रमाण पेश गरी नियमित गर्ने रु.

अनियमित भएको	१,५५,५४२

११८.३ **जटिलसंरचना निर्माण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । भौ.न. २२।८०।१०।२९ बाट चिसापानी कवर्ड हल हेटौँडा -१६ उपभोक्ता समितिसँग रु. ९८४३०८ मा सम्झौता गरी कार्यसम्पन्न गरेको छ । यसरी उपभोक्ता समितिबाट कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान अनुसार कार्य गर्नुपर्दछ ।

११९ **१७ नं. वडा कार्यालय तर्फः**

११९.१ **वितरणमूखी कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । वडाले निम्नानुसारका वितरणमूखी कार्यक्रमहरु सञ्चालन गरी रु. २८,९५,७००। खर्च गरेको देखियो । सरकारी रकमकको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

गो.भौ.नं र मिति	**वितरण गरेको सामाग्री**	**रकम**	**कैफियत**
१२।८०।९।१७	खेलकुद सामग्री	४३६८१२	खेलकुद विकास समितिलाई वडा अध्यक्ष कप खेलकुद कार्यक्रम
३३।८१।१२।२१	खाद्यान्न सामग्री	५००००	ग्रामिण जिवनस्तर सुधारमंच
४१।८१।२।९	हर्लिक्स, छाता पछ्यौरा	१०००००	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम
५२।८१।३।५	बाख्रा वितरण कार्यक्रम	३२००००	वडा भित्रका विभिन्न ३२ जनालाई
६२।८१।३।१८	बाख्रा वितरण कार्यक्रम	१०००००	वडा भित्रका विभिन्न १० जनालाई
६५।८१।३।१८	बाख्रा वितरण कार्यक्रम	२९००००	वडा भित्रका विभिन्न २९ जनालाई
६७।८१।३।२०	टनेल र मल्चिङ्ग प्लाष्टीक बितरण	११९९९९८	३४८ जना वितरण
६८।८१।३।२१	विद्यालय पोशाक,स्कुल ब्याग र जुत्ता	३९८८९०	सामुदायिक बिद्यालय लक्ष्मिफर आ वि बालबोध आ वि दिव्य ज्योति आ वि लगायतमा
जम्मा		**२८९५७००**	

११९.२ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ क मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । वडाले गोश्वरा भौचर ३२।८०।१२।२० र ५७।२०८१।३।१० बाट विभिन्न मितिमा आर्थिक बर्ष २०८०।८१ मा सञ्चालन भई सम्पन्न भएको योजनाहरुको अनुगमन भनी अनुगमनकर्ता वडाध्यक्ष लगायतका विभिन्न पदाधिकारीलाई अनुगमन समिक्षा बैठक बसि कर बाहेकको रकम रु. १,७०,०००। भुक्तानी गरेको देखिएकोमा पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार भुक्तानी भएको उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,७०,०००

११९.३ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । भौ.न. १३।८०।११।१५ बाट कालेपानी खोल्सादेखि खहरेपानी जाने वाटो स्ल्याव ढलान उपभोक्ता समितिसँग रु ९८३७९३। मा सम्झौता गरी कार्यसम्पन्न गरेकोमा उपभोक्ता समितिबाट कार्य गरेकोले सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान अनुसार कार्य गर्नुपर्दछ ।

११९.४ **कम सिमेन्ट प्रयोग गरी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ९७ बमोजिम सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराए पश्चात खर्चको बिल भर्पाइ पेश गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । साथै कामको प्रकृति बमोजिम त्यसमा प्रयोग हुने सामाग्रीहरु नर्म्स बमोजिम प्रयोग भए नभएको यकिन गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले निम्नानुसार भौ.च. न. बाट उपभोक्ता समितिहरुलाई सिमेन्टको काम गर्दा नर्म्सबमोजिम प्रयो ग हुने सामाग्रीको बिल पेश गरी सो बमोजिम काम भएको नापजाँच गरी भुक्तानी गर्नुपर्नेमा नर्म्स बमोजिम प्रयोग भएको बिल पेश नगरेकोले गुणस्तर कायम हुने गरी काम नभएको रु १२६७० ।असुल गर्नुपर्ने रू.

भौ.न./ मिति	उपभोक्ता समितिको नाम	नर्म्स बमोजिम प्रयोग गर्नुपर्ने	बिल बमोजिम	फरक	दर	रकम
२४।०८०।१२।२०	चिसापानी चुच्चेखोला सडक उ.स.	१३८४.३	१३७५	९.३	७००	६५१०
१५।०८०।११।१६	खानेपानी ट्यांकी देखि विर बहादुर चोकसम्म जाने बाटो उ.स.	३५४.८	३४६	८.८	७००	६१६०
जम्मा						**१२६७०**

असुल गर्नुपर्ने	१२,६७०

११९.५ **बढी भुक्तानी**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम ३ को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, आभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १० बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यपालिकाको मिति २०७९।५।२४ को निर्णय बमोजिम सडक, बाटो र कल्भर्टको लागि २० प्रतिशत, सामुदायिक भवनको हकमा १० प्रतिशत र मन्दिर, चर्च, गुम्बा तटबन्ध, कम्पाउण्ड वाल, सिंचाई, इन्टरलकिङ्ग तथा पूर्वभाधारतर्फ १० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था गरेको छ । वडा कार्यालयले भौ.नं. ४०।०८१।२।२४ बाट कुमलटार खहरे नियन्त्रण उपभोक्ता समितिलाई कार्य सम्पन्न गरी रु७,७४,९५९।- को ८० प्रतिशत रु. ६,१९,९६७।- भुक्तानी गर्नुपर्नेमा रु. ६,४५,२७४।- भुक्तानी गरेकोले रु. २५,३०७।- बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु

असुल गर्नुपर्ने	२५,३०७

११९.६ **वत्ती जडान र मर्मत**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो। वडा कार्यालय खरिद भएका मालसामान १ वर्ष नपुग्दै मर्मत बापत खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट / फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन।भौ.न.३।८०।९।४ बाट उज्यालो वडा कार्यक्रममा रु

४९३२९५ कालिका ईलेक्टिकल सप्लायर्स हेटौँडालाई भएको खर्च लेखेकोमा जडान भएका विद्युत सामाग्रीको वारेन्टीको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

अनियमित भएको	४,९३,२९५

१२० **१८ नं. वडा कार्यालय तर्फः**

१२०.१ **वितरणमूखी कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(६) मा स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । वडाले निम्नानुसारका वितरणमूखी कार्यक्रमहरु सञ्चालन गरी रु.२२,१४,५२२। खर्च गरेको देखियो । सरकारी रकमकको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

गो.भौ.नं र मिति	वितरण गरेको सामाग्री	रकम	कैफियत
१८।८०।१०।१९	योग सामाग्री	९९६६६	योग शिविर सञ्चालनमा सहयोग
२०।८०।११।३	खेलकुद सामाग्री	९८९००	कमलादेवी युवा क्लवमा हस्तान्तरण
२३।८०।११।१८	खेल पोशाक	४००००	वडा स्तरिय तेक्वान्दो प्रतियोगिता
२८।८०।१२।८	गार्मेन्ट मेशिन	४८५५००	हर्नामाडी स्वरोजगार महिला गार्मेन्ट उद्योग
३५।८०।१२।१६	शिक्षक तलव	६०००००	गोरक्ष मा.वि, ज्योति मा.वी, कमला मा.बि लगायत
४७।८०।१२।३०	खेलकुद सामाग्री	५२५००	हेटौंडा स्पोट्स मुण्डियाल
५८।८१।२।३	खेलकुद सामाग्री	५६५०५	चौथो मेयरकप फुटबल प्रतियोगिता
६०।८१।२।११	सहचालक तलब	१४५०००	गोरक्ष मा बि बस सहचालकलाई तलब
६४।८१।२।१८	बाख्रा बितरण	२४००००	वडा भित्र २४ वटा बाख्रा बितरण
८३।८१।३।१९	खेल पोशाक लगायत सामाग्री	१९६४५१	बिद्यालय स्तरिय अण्डर फुटबल प्रतियोगिता
८५।८१।२।११	एम्बुलेन्स सहायता	२०००००	हर्नामाडी स्वास्थ्यचौकी एम्बुलेन्स सञ्चालन समिति
जम्मा		**२२१४५२२**	

१२०.२ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३(क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । विभिन्न मितिमा आर्थिक बर्ष २०८०।८१ मा सञ्चालन भई सम्पन्न भएको विभिन्न वडाका योजनाहरु अनुगमन गरेको भनी गोश्वरा भौचर ३०।८०।१२।१ र ८५।२०८१।३।२० बाट वडाध्यक्ष श्री अनिल कुमार बानिया लगायतका विभिन्न पदाधिकारीलाई अनुगमन समिक्षा बैठक बसि पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार रु.१,५३,०००।-(कर बाहेक) भुक्तानी गरेको देखिएकोले उक्त रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,५३,०००

१२०.३

जटिलसंरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेसिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । वडा कार्यालयले भौ.न. ९।८०।१०।१५ बाट जित बहादुर घिसिङ्गको घर देखि प्रतिक्षालय घर ढलान निर्माण स्ल्याव ढलान उपभोक्ता समितिसँग रु.९,८३,७००।- मा सम्झौता गरी कार्यसम्पन्न गरेको छ । यसरी उपभोक्ता समितिबाट कार्य गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको प्रावधान अनुसार कार्य गर्नुपर्दछ ।

१२०.४ **कम सिमेन्ट प्रयोग गरी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) बमोजिम उपभोक्ता समितिले कार्य सम्पन्न गरिसकेपछि सम्बन्धीत सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराए पश्चात खर्चको बिल भर्पाइ पेश गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । साथै कामको प्रकृति बमोजिम त्यसमा प्रयोग हुने सामाग्रीहरु नर्म्स बमोजिम प्रयोग भए नभएको यकिन गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले निम्नानुसार भौ.नं.बाट उपभोक्ता समितिहरुलाई सिमेन्टको काम गर्दा नर्म्स बमोजिम प्रयोग हुने सामाग्रीको बिल पेश गरी सो बमोजिम काम भएको नापजाँच गरी भुक्तानी गर्नुपर्नेमा नर्म्स बमोजिम प्रयोग भएको बिल पेश नगरेकोले गुणस्तर कायम हुने गरी काम नभएको रु.७७,६३०।- असुल गर्नुपर्ने रू.

भौ.न./ मिति	**उपभोक्ता समितिको नाम**	**नर्म्स बमोजिम प्रयोग गर्नुपर्ने**	**बिल बमोजिम**	**फरक**	**दर**	**रकम**
९।०८०।१०।१५	जित बहादुर घिसिङको घरदेखि प्रतिक्षालय अगाडीको बाटो सल्याव ढलान उ.स.	६९८.७	६९०	८.७	७००	६०९०
७।०८०।९।१९	काजिमान टोल हुँदै माने डाँडा सल्याव ढलान निर्माण उ.स.	७४२.८	७२०	२२.८	७००	१५९६०
६।०८०।९।१९	जिम्बा टोल सल्याव ढलान निर्माण उ.स.	७०७.६	६९०	१७.६	७००	१२३२०
१७।०८०।१०।२१	खड्कले सुवेदीको घरबाट बस्नेतको घर जाने बाटो सल्याव ढलान निर्माण उ.स.	५९२.२	५७५	१७.२	७००	१२०४०
१२।०८०।१०।१८	ब्रदर्स चोक मुनि बिचको सडक सल्याव ढलान निर्माण उ.स.	५६१.७	५५०	११.७	७००	८१९०
२२।०८०।११।१८	सिढि टोल सल्याव ढलान निर्माण उ.स.	५६१.५	५५०	११.५	७००	८०५०
१९।०८०।११।१	बले डाँडा सल्याव ढलान निर्माण उ.स.	५६५.८	५६०	५.८	७००	४०६०
३०।०८०।१२।२२	बालविद्या बोर्डिङ्ग देखि तल उत्तरपट्टि जाने बाटो सल्याव ढलान निर्माण उ.स.	५५५.८	५५०	५.८	७००	४०६०
२५।०८०।१२।८	बेलघारी जाने बाटो सल्याव ढलान निर्माण उ.स.	५५९.८	५५०	९.८	७००	६८६०
जम्मा						**७७६३०**

असुल गर्नुपर्ने	७७,६३०

१२०.५ **वत्ती जडान र मर्मत-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्दछ । यस वडा कार्यालय अन्तर्गत खरिद भएका विद्युत सामाग्रीहरु खरिद तथा जडान गर्दा न्यूनतम वारेन्टी पिरियड कायम नगरी खरिद गरेको पाइयो । वडा कार्यालय खरिद भएका कतिपय मालसामान १ वर्ष नपुग्दै मर्मत बापत

खर्च लेखेको छ । विद्युतको सामाग्री जस्तै हाडमास्ट लाईट/फ्लोड लाइटको हकमा न्यूनतम ५ वर्ष अर्थात ४३८०० चक्रिय घण्टा (Cycle hour) को वारेन्टी हुने र अन्य वैकल्पिक उर्जा र सडक वत्तीको न्यूनतम २ वर्ष वारेन्टी पिरियड हुनेमा सामानको खर्च भुक्तानी गर्दा आपूर्तिकर्तालाई मर्मत सम्भार खर्च र प्रतिस्थापनमा जिम्मेवार बनाएको छैन । भौ.न.३।८०।८।१५ बाट उज्यालो हर्नामाण्डी कार्यक्रममा रु.३,१६,८४३।- भुक्तानी भएको देखिन्छ । वारेन्टी र मर्मतमा जिम्मेवार गराई नियमित गर्नुपर्ने रु.

अनियमित भएको	३,१६,८४३

१२०.६ **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा उपनियम ३ को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, आभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १० बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यपालिकाको मिति २०७९।५।२४ को निर्णय बमोजिम सडक, बाटो र कल्भर्टको लागि २० प्रतिशत, सामुदायिक भवनको हकमा १० प्रतिशत र मन्दिर, चर्च, गुम्बा तटबन्ध, कम्पाउण्ड वाल, सिंचाई, इन्टरलकिङ्ग तथा पूर्वभाधारतर्फ १० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था गरेको छ । वडा कार्यालयले भौ.नं. ६०।०८१।३।५ बाट धितालको घर जाने कल्भर्ट तथा सडक स्तरोन्नति उपभोक्ता समितिलाई कल्भर्ट निर्माण कार्य सम्पन्न गरी रु.५,५३,४४५।- को ८० प्रतिशत रु.४,४२,७५६।- भुक्तानी गर्नुपर्नेमा रु.५,००,०००।- भुक्तानी गरेकोले रु.५७,२४४।- बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	५७,२४४

१२१ १९ नं. वडा कार्यालय तर्फ

१२१.१ **कर रकमः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्श गरे बापत रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । वडाको नमूना परीक्षण गर्दा निम्नानुसारको भौचर नं र मितिबाट भुक्तानी भएको परामर्शदाताहरुको भुक्तानीमा घटी कर कट्टा गरेको देखियो । नमूना परीक्षण बाहेक अन्य भुक्तानी भएको परामर्शदाताको यकिन गरी असुल गर्नुपर्ने तथा निम्न बमोजिमको भुक्तानी रकमको नपुग कर रकम संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

भौचर नं र मिति	**भुक्तानी पाउने**	**विवरण**	**कट्टा भएको**	**नपुग कर**
८।८०।९।११	टोल विकास सस्था वडा समन्वय समिति हेटौँडा १९	तिज विशेष सास्कृतिक कार्यक्रम	८९७५	२४७७५
१४।८०।१२।१४	श्री केशवलाल स्मृति केन्द्रिय प्रतिष्ठान	खेलकुद आयोजना	४२९५	४०३३०
३३।८१।३।२१	हासेको ईन्द्रेणी	सचेतना सम्बन्धी कार्यक्रम	१६९५	५८०५
२२।८१।३।१६	गोदावरी महिला समूह	सचेतना कार्यक्रम	१८७५	४८७५
जम्मा				**७५७८५**

असुल गर्नुपर्ने	७५,७८५

१२१.२ **योजना अनुगमन :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३ (क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । ऐनमा आफ्नो कार्यक्षेत्र भित्र गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरेवापत भत्ता पाउने उल्लेख गरेको देखिदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरेबापत भत्ता पाउने उल्लेख गरेको छैन । वडाले भौचर नं ३४।८१।३।२१ बाट विभिन्न मितिमा वडाका कार्यक्रम र

योजना अनुगमन गरेको भनी विभिन्न १३ जना पदाधिकारी तथा कर्मचारीलाई पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०८०, अनुसार रु.१,६९,१५०।-(कर बाहेक) भत्ता भुक्तानी गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१,६९,०००

१२१.३ **अन्य निकायको खर्च** - वडाले सभाबाट वार्षिक कार्यक्रम बमोजिम विनियोजन ऐनले निर्धारण गरेको क्षेत्रमा खर्च गर्नुपर्दछ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनले उत्पादनमूलक प्राथमिकता प्राप्त क्षेत्रमा वजेटको उदेश्यमूलक उपयोग हुनुपर्ने व्यवस्था गरेको छ । वडाबाट बजेट व्यवस्थापन गर्दा निम्नानुसारको भौचर नं र मितिमा पालिकाले स्वीकृति नदिएको शिर्षकमा गैर सरकारी संस्थाहरु र अन्य निकायहरुको लागि समेत खर्च लेखेको छ । यसरी खर्च गर्दा बजेटको उदेश्य र खर्चको उत्पादकत्व नरहने देखिएकोले रु.५,७६,७०० नियमसम्मत नभएको रु.

भौचर नं र मिति	**भुक्तानी पाउनेको नाम**	**विवरण**	**भुक्तानी रकम**
११।८०।११।१४	अरनिको माध्यमिक विधालय	अनुदान	७९२००
१४।८०।१२।१४	श्री केशवलाल स्मृति प्रतिष्ठान	भलिवल प्रतियोगिता	२९७५००
२०।८१।०३।६	निर्मल माध्यमिक विधालय	विधालय अनुदान	२०००००
जम्मा			**५७६७००**

अनियमित भएको	५,७६,७००

१२१.४ **मेसिन प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिष्ट्रिब्यूटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नपाइने व्यवस्था छ । वडाले यस वर्ष उपभोक्ता समितिबाट सम्पन्न योजनाहरुमा मेसिन प्रयोग गरेको पाइयो । यस सम्बन्धी केही उदाहरण निम्नानुसार रहेका छ । कानुनी व्यवस्था अनुसार उपभोक्ता समिति सञ्चालन गर्ने योजना तथा कार्यक्रमा मेसिन/उपकरण प्रयोग गर्नुपर्ने भएमा उपभोक्ता समितिले उपमहानगरपालिकाको पूर्व स्वीकृति लिएर मात्रै प्रयोग गर्नुपर्दछ ।

भौ.च र मिति	**खरिद कार्य**	**खर्च**
६।८०।९।२३	गुम्वाचोक देखि डाँडा सडक स्तरीकरण उ.स.	३८४४५
७।८०।९।२६	चौकिडाडाँ नेवारपानी खेलमैदान जाने बाटो उ.स.	४४२२९९
४।८०।९।२३	भालुखोला, नम्वु जोगियम सडक स्तरीकरण	३८७७९४
५।८०।९।२२	डुमोर, पलैगैरी बाटो स्नतरीकरण उ.स.	७०००००
११।८०।१०।२८	कुनावाटो स्नतरीकरण निर्माण उ.स.	९३५१०२
१२।८०।१०।२८	याक्टाटोल शुमाको घर जाने बाटो उ.स.	२९१००
जम्मा		**२५३२७४०**

१२१.५ **जग्गा यकिन नगरी निर्माण**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई खरिद सम्बन्धी कारवाही गर्नुहुदैन भन्ने व्यवस्था छ । वडा कार्यालयले निम्नानुसारका कार्य गरेकोमा जग्गा प्रयोग गर्ने स्वीकृति

नेपाल सरकारबाट नलिएको, लालपूर्जा र नक्सा स्वीकृति बिना भवन निर्माण गरेकोले यसरी भएको खर्च नियमसम्मत देखिएन ।

भौ.नं र मिति	**भुक्तानी पाउने संस्था**	**भुक्तानी रकम**
२३।८०।१२।१५	दारिमटार खेल मैदान स्तरीकरण	१९६००००
२७।८०।१२।२३	महिला सामुदायिक भवन निर्माण उ.स.	५०००००
१३।८०।१०।२८	कालिका सामुदायिक हरियाली वन उ.स.	४७५४६९
जम्मा		**२९३५४६९**

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	**बेरुजुको विवरण**	**रकम**
१	स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३(क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ। सो ऐनमा गोष्ठि, तालीम तथा कार्यक्रममा अनुगमन गरे बापत भत्ता पाउने उल्लेख गरेको देखिंदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सन्चालन निर्देशिका, २०७७ मा तालीम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरे बापत भत्ता पाउने उल्लेख गरेको छैन । तर पालिकाले कार्य सञ्चालन निर्देशिका निर्माण गरी निम्नानुसार पदाधिकारी तथा कर्मचारीहरुलाई रु.५,९२,३००।- भत्ता भुक्तानी गरेको छ । यसरी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.	५,९२,३००

भौ.नं र मिति	तालिम तथा कार्यक्रमको नाम	विवरण	रकम कर बाहेक
५७९०८०।७।२४	जेष्ठ नागरिक सम्मान कार्यक्रम	२ जना कर्मचारी	१७००
१११८।०८०।११।१०	सहकारीहरुको अनुमगन	१३ जना पदाधिकारी तथा कर्मचारी	६३७५०
११४१।०८०।११।११	योजना अनुगमन	१३ जना पदाधिकारी तथा कर्मचारी	१४३६५०
१८१६।०८१।२।१८	हस्तकला सामाग्री निर्माण तालिम	४ जना कर्मचारी	६८००
२३८७।०८१।३।२०	योजना अनुगमन तथा जाँचपास समिति	१२ जना पदाधिकारी तथा कर्मचारी	५५२५०
२४४९।०८१।३।२१	गत वर्ष संचालित कार्यक्रमको प्रभाव मूल्यांकन	१५ जना पदाधिकारी तथा कर्मचारी	१६४०५०
२५३१।०८१।३।२४	आर्थिक विकास शाखाको अनुगमन	१५ जना पदाधिकारी तथा कर्मचारी	१२९२००
२०४९।०८१।३।४	पालिकास्तरिय संस्था संचालन अनुगमन	१५ जना पदाधिकारी तथा कर्मचारी	२७९००
जम्मा			५९२३००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : हेटौँडा उप महानगरपालिका , हेटौडा उप-महानगरपालिका , मकवानपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	भरत गौतम	२०८१-११-२५	हाल सम्म कार्यरत
लेखा प्रमुख	जेकप श्रेष्ठ	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१३,७२५,९६७.४२	९६,६६९,५५३	१८,९२२,८१९.६१	०	०	५७,३९९,३७४.५४
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१८६,७१७,७१४.५७
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					५७,०१५,७१७.१५
संपरीक्षणबाट थप भएको बेरुजू रु.					५९२,३००
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१३०,२९४,२९७.४२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६७७१०११५१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१०१८३५५४९६.४३	चालु खर्च	१३९९६९४४४१.६५
प्रदेश सरकारबाट अनुदान	८८३०२३४५.८७	पूँजीगत खर्च	९३३७२६२४८.८
राजश्व बाँडफाँट	४८७२०३०८९.२६	वित्तीय/अन्य व्यवस्था	६७५४८२२२९.५८
आन्तरिक आय	३५२५७९२२३.४		
अन्य आय	६४१४२८७३०.४६		
कुल आय	२५८७८६८८८५.४२	कुल खर्च	३००८९०२९२०.०३
बाँकी मौज्दात		२५६०६७११६.३९	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुन्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।